फागुन - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क २१ | २०८१ फागुन १-१५ | पूर्णाङ्क ७८३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत - सदस्य
मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री टङ्कबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री कालीबहादुर साम्पु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | ४ |
| संयुक्त इजलास | ७ | इजलास नं. ८ | |
| इजलास नं. १ | २ | इजलास नं. ९ | १२ |
| इजलास नं. २ | २१ | इजलास नं. १० | |
| इजलास नं. ३ | | इजलास नं. ११ | ३ |
| इजलास नं. ४ | ३ | इजलास नं. १२ | |
| इजलास नं. ५ | | इजलास नं. १३ | २ |
| इजलास नं. ६ | | इजलास नं. १४ | २ |
| **जम्मा** | **३३** | **जम्मा** | **२३** |

**कूल जम्मा ३३ + २३ = ५६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमक्ष उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, फागुन – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ८** |
| १. | वैदेशिक रोजगार कसुर | इन्द्रबहादुर तुलाधर वि. नेपाल सरकार | १ |
| २. | बहुविवाह | मिनबहादुर थापा वि. नेपाल सरकार | २ |
| ३. | अदालतको अवहेलना | कृष्णबहादुर आचार्य वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३ |
| ४. | ठगी | नेपाल सरकार वि. कुमार रोकाया भन्ने करी सार्कीसमेत | ३ |
| ५. | ज्यान मार्ने उद्योग तथा डाँका | नेपाल सरकार वि. दिनेश मगरसमेत | ५ |
| ६. | जालसाजी | देवनारायण शर्मासमेत वि. उमाकान्त साह | ६ |
| ७. | सवारी दुर्घटनाबाट अङ्गभङ्ग | नेपाल सरकार वि. नारायण ठाकुर | ७ |
| **इजलास नं. १** | | | **८ - १०** |
| ८. | दूषित नामसारी निर्णय बदर, दर्ता बदरसमेत | मोहनबिक्रम थापासमेत वि. टेकबहादुर थापासमेत, टेकबहादुर थापासमेत, इन्दिरा अधिकारी थापा | ८ |
| ९. | उत्प्रेषणसमेत | उमेशप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १० |
| **इजलास नं. २** | | | **१० – २५** |
| १०. | अंश दर्ता चलन | पदमादेवी खतिवडासमेत वि. शान्तिकुमारी रेग्मी खतिवडा, साधुराम खतिवडा वि. शान्तिकुमारी रेग्मी खतिवडा | १० |
| ११. | उत्प्रेषणयुक्त परमादेश | दिपेसकुमार खत्री वि. निर्वाचन आयोगसमेत | ११ |
| १२. | उत्प्रेषणयुक्त परमादेश | नागेन्द्र पंडित वि. दशई साह भन्ने दशै साह बनियासमेत | १२ |
| १३. | मानव बेचविखन तथा ओसारपसार | नेपाल सरकार वि. राजकुमारी मुसहर | १३ |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रिता भन्ने रितादेवि तिम्सिनासमेत, जयबहादुर तिम्सिना, वि. नेपाल सरकार, सुरज सेनीहाङ लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. देयमाया कडुवाल | १३ |

| | | | |
|---|---|---|---|
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झक्कबहादुर शाही | १४ |
| १६. | बन्दी प्रत्यक्षीकरण | नवल किशोर साह वि. स्याङ्जा जिल्ला अदालतसमेत | १४ |
| १७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. शान्ती खत्रीसमेत, शान्ती खत्री वि. नेपाल सरकार, मानबहादुर वि.क. वि. नेपाल सरकार | १५ |
| १८. | निर्णय बदर | विष्णु श्रेष्ठ वि. पंचकृष्ण श्रेष्ठ | १५ |
| १९. | अंश चलन | पुतली भण्डारी वि. मुक्तिनाथ भण्डारीसमेत | १६ |
| २०. | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | लोके भन्ने रवि तामाङ वि. नेपाल सरकार, डिलमाया तामाङ वि. नेपाल सरकार | १७ |
| २१. | हाडनातामा जबरजस्ती करणी र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. परिवर्तित नामथर स्याङ्जा “ङ” | १७ |
| २२. | जबरजस्ती करणी | नेपाल सरकार वि. उत्तम राई | १७ |
| २३. | निर्णय दर्ता बदर लिखत बदर हक कायम दर्ता | बिरेन्द्र के.सी. समेत वि. सन्तोषकुमार राजभण्डारी | १८ |

| | | | |
|---|---|---|---|
| २४. | भ्रष्टाचार (घुस/रिसवत) | राजेन्द्रलाल श्रीवास्तव वि. नेपाल सरकार | २० |
| २५. | उत्प्रेषणसमेत | रतनलाल संघाई वि. उच्च अदालत पाटनसमेत | २० |
| २६. | घरभाडा दिलाई घरबाट हटाइपाऊँ | रामललित लोध वि. सत्यदेव पाण्डे | २१ |
| २७. | सवारी ज्यान | नेपाल सरकार वि. विजयकुमार जयसवालसमेत | २२ |
| २८. | जारी | गणेशप्रसाद जैसी वि. लोकबहादुर थापा | २३ |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजु तामाङ | २४ |
| ३०. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. फुरी शेर्पा | २५ |
| **इजलास नं. ४** | | | **२५ – २९** |
| ३१. | मानव बेचबिखन तथा ओसारपसार | टोपबहादुर रायमाझी वि. नेपाल सरकार, मधु गिरी वि. नेपाल सरकार, अरुण पाण्डे वि. नेपाल सरकार, सुकुमारी लिम्बू वि. टोपबहादुर रायमाझीसमेत | २५ |
| ३२. | उत्प्रेषण | गंगादेवी श्रेष्ठ (धौगोडा) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २७ |

| | | | |
|---|---|---|---|
| ३३. | उत्प्रेषण | यमबहादुर वि.क. समेत वि. मालपोत कार्यालय, रूपन्देहीसमेत | २८ |
| **इजलास नं. ७** | | | २९ – ३२ |
| ३४. | लागु औषध चरेस | देवीसरा डाँगी वि. नेपाल सरकार, रितु के.सी. (बाठा मगर) वि. नेपाल सरकार | २९ |
| ३५. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. सूर्यबहादुर खड्का | ३० |
| ३६. | कर्तव्य ज्यान | शत्रुधनकुमार पण्डितसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अमरेन्द्रकुमार पण्डितसमेत | ३१ |
| ३७. | दूषित लिखत निर्णय पत्र बदर | शेरबहादुर थापा वि. जिल्ला शिक्षा कार्यालय, चितवन, भरतपुरसमेत | ३१ |
| **इजलास नं. ९** | | | ३३ – ४५ |
| ३८. | सरकारी खोला दर्ता बदर | खर्कबहादुर कामी वि. कुलविर कामीसमेत | ३३ |
| ३९. | उत्प्रेषण | बिमलाकुमारी देवी वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, राजविराज, सिराहासमेत | ३४ |
| ४०. | उत्प्रेषणसमेत | ह्यात रिजेन्सी होटलसँगै रहेको प्राइड इन्टरटेन्मेन्ट एण्ड रिक्रिएसन प्रा.लि.समेत वि. श्रम अदालत काठमाडौंसमेत | ३६ |
| ४१. | अंशचलन | पेमा धोर्जे तामाङसमेत वि. हिरामाया तामाङसमेत | ३६ |
| ४२. | उत्प्रेषण | रामलखन गडेरी वि. श्री पुनरावेदन अदालत राजविराजसमेत | ३७ |
| ४३. | जालसाजी | करुणा रूपचा तामाङसमेत वि. मिङ्गमा महर्जन | ३८ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | टंक भन्ने तकलाल पुन वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३९ |
| ४५. | उत्प्रेषणयुक्त परमादेश | रामप्रसाद खतिवडा वि. अनिशमान शाक्य | ४० |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विन्दा चौधरी | ४२ |
| ४७. | करणीसम्बन्धी कसुर | लक्ष्मण रावल वि. नेपाल सरकार | ४२ |
| ४८. | बाली बिगो | मुनरीदेवी मण्डल वि. देवनारायण मण्डल | ४३ |
| ४९. | परमादेशसमेत | चन्दाकुमारी शाह वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | ४४ |
| **इजलास नं. ११** | | | ४५ – ५० |
| ५०. | दर्ता निर्णय बदर | मुक्तिमान जोशीसमेत वि. मालपोत कार्यालय कलंकी, काठमाडौंसमेत, शिवमान जोशी वि. मालपोत कार्यालय कलङ्की, काठमाडौंसमेत | ४५ |

| | | | |
|---|---|---|---|
| ५१. | मोही निष्कासन समेत | धनकृष्ण देसार वि. मानबहादुर देसारसमेत | ४८ |
| ५२. | भ्रष्टाचार (घुस / रिसवत) | प्रकाश आचार्य वि. नेपाल सरकार | ४९ |
| **इजलास नं. १३** | | | **५० – ५१** |
| ५३. | अंश दर्ता | अजयकुमार गुप्ता वि. राजकुमार साहसमेत | ५० |
| ५४. | निषेधाज्ञा | काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९ बस्ने प्रकाश शर्मा थपलिया | ५१ |
| **इजलास नं. १४** | | | **५१ – ५२** |
| ५५. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. ईराज श्रेष्ठसमेत | ५१ |
| ५६. | बन्दी प्रत्यक्षीकरण | प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत | ५२ |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१७२३, वैदेशिक रोजगार कसुर, इन्द्रबहादुर तुलाधर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी इन्द्रबहादुर तुलाधरले जाहेरवालालाई मिति २०७१।१०।२५ मा बुझाएको रू. २०,००,०००।- (बिस लाख) को भरपाई प्रमाणमा नलगाइएको भन्ने पुनरावेदन दाबीतर्फ हेर्दा सो भरपाई भएको भनिएको मितिपश्चात् मिति २०७१।१२।८ मा प्रस्तुत मुद्दाको जाहेरी परेको देखिन्छ । जाहेरवालाले वैदेशिक रोजगारको लागि बुझाएको रकम आफूले प्राप्त गरेको भए उक्त जाहेरी दिनुपर्ने आवश्यकता नै रहने देखिँदैन । मिति २०७१।१२।१३ मा यी प्रतिवादीले बयान गर्दा जाहेरवालासमेतबाट रू. १५,००,०००।- लिएको स्वीकार गरेको देखिन्छ तर उक्त रकम बुझाएको जिकिर लिएको देखिँदैन र उक्त भरपाईको बारेमा पनि केही उल्लेख गरेको देखिँदैन। निजले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत सो भरपाईको बारेमा उल्लेख गरेको देखिएन । सो बयानको स. १० मा "तपाइँको साक्षी सबुद केही छ कि ?" भन्ने प्रश्नको जवाफमा पनि साक्षीको नाम उल्लेख गरेको पाइन्छ तर सो भरपाइको बारेमा केही लेखाएको देखिँदैन। यी प्रतिवादीले यथा समयमा नै त्यस्तो लिखत पेस गर्न नसक्नुको यथार्थ कारण दिन सकेको देखिँदैन। निज थुनामा रहेको कारण बयानसाथ पेस गर्न नसकेको भए बयानमा सो कुरा उल्लेख गर्नुपर्ने हो तर केही उल्लेख गरेको देखिँदैन । निज मिति २०७२।३।८ मा जेथा जमानी राखी थुनामुक्त भएको देखिन्छ। तत्पश्चात् पनि उक्त कागजबारे मौन रही साक्षी प्रमाण बुझिसकेपछि मात्र प्रमाणमा लगाइपाउन मिति २०७२।८।२१ मा मात्र पेस गरेको देखिन्छ। प्रतिवादी पुनरावेदन पत्रमा तुलाधर एक्स्पोर्ट इम्पोर्ट नामक फर्मद्वारा रेडिमेड तथा हेन्डिक्राफ्टका सामानहरू पठाउने गरी आएको भन्ने कुराको प्रमाणार्थ उक्त भर्पाई रहेको भन्ने उल्लेख गरेको पाइन्छ । यसबाट पनि उक्त भरपाईको सान्दर्भिकता जाहेरवालाले उल्लेख गरेको वैदेशिक रोजगारको लागि दिएको भनिएको रकमसँग रहेको भन्ने देखिन आउँदैन। पुनरावेदकले उल्लेख गरेको ने.का.प. ०४९ अङ्क २ नि.नं. ४४६५ (पूर्णबहादुर खड्गी विरुद्ध न्हुच्छेबहादुर खड्गी भएको हककायम निखनाइ पाउँ मुद्दा) मा यस अदालतको पूर्ण इजलासबाट व्याख्या भए अनुसार कुनै महत्त्वपूर्ण प्रमाण प्रतिउत्तर पत्रमा पेस नभए पनि प्रमाणमा ग्रहण गर्न मिल्ने देखिन्छ । प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा उक्त प्रतिवादीले पेस गरेको लिखतको सम्बन्ध देखाउन नसकेको तथा न्यायाधिकरणमा बयानको क्रममा पनि उल्लेख गर्न नसकेको भनी वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा विवेचना गरिएको हुँदा सो सम्बन्धमा वादीले लिएको दाबी तथा उल्लेख गरेको नजिरसमेत प्रस्तुत मुद्दामा प्रासङ्गिक नदेखिने।

जाहेरवालाले इन्द्रबहादुर तुलाधरलाई बुझाएको देखिने रू. १०,११,९००।- (दश लाख एघार हजार नौ सय) र राधिका वाइवाले प्रतिवादी इन्द्रबहादुर तुलाधरलाई IME बाट पठाएको रू.७,९०,०००।- (सात लाख नब्बे हजार) गरी जम्मा रू. १८,०१,९००।- (अठार लाख एक हजार नौ सय) मात्र बिगो पुष्टि हुन आएकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम उक्त बिगो रू. १८,०१,९००।- (अठार लाख एक हजार नौसय) र सोको ५०% ले हुने हर्जाना रू. ९,००,९५०।- (नौ लाख नौ सय पचास) गरी जम्मा रू. २७,०२,८५०।–(सत्ताइस लाख दुई हजार आठ सय पचास) प्रतिवादीबाट जाहेरवालालाई भराइदिनुपर्नेमा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलाको तपसिल खण्डमा रू. २५,०२,०००।- (पच्चिस लाख दुई हजार) र सोको ५०% ले हुन आउने

हर्जाना रू. १२,५१,०००।- (बाह्र लाख एकाउन्न हजार) समेत गरी जम्मा रू. ३७,५३,०००।- (सैँतिस लाख त्रिपन्न हजार) रकम जाहेरवालालाई प्रतिवादी इन्द्रबहादुर तुलाधरबाट भराउने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिने।

प्रतिवादीमध्येका इन्द्रबहादुर तुलाधरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको ठहर गरी सजाय गरेको हदसम्मको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा देखिएन । प्रतिवादी इन्द्रबहादुरले जाहेरवालासमेतबाट जम्मा रू. १८,०१,९००।- (अठार लाख एक हजार नौ सय) मात्र रकम लिएको पुष्टि हुन आएकोले सोही अनुसार बिगो कायम गरी सोको ५०% प्रतिशतले हुने हर्जानासमेत प्रतिवादीबाट जाहेरवालालाई भराइदिनुपर्नेमा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलाको तपसिल खण्डमा रू. २५,०२,०००।- (पच्चिस लाख दुई हजार) र सोको ५०% ले हुन आउने हर्जाना रू. १२,५१,०००।- (बाह्र लाख एकाउन्न हजार) समेत गरी जम्मा रू. ३७,५३,०००।- (सैँतिस लाख त्रिपन्न हजार) रकम जाहेरवालालाई प्रतिवादी इन्द्रबहादुर तुलाधरबाट भराउने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम बिगो रू. १८,०१,९००।- (अठार लाख एक हजार नौ सय) र सोको ५०% ले हुने हर्जाना रू. ९,००,९५०।- (नौ लाख नौ सय पचास) गरी जम्मा रू. २७,०२,८५०।-(सत्ताइस लाख दुई हजार आठ सय पचास) प्रतिवादी इन्द्रबहादुर तुलाधरबाट जाहेरवालालाई भराइदिने ठहर्छ । निज प्रतिवादी इन्द्रबहादुर तुलाधरलाई ऐ. ऐनको दफा ४३ बमोजिम २।०।० (दुई वर्ष ) कैद र रू.२,००,०००/- (दुई लाख रुपियाँ) जरिवाना हुने र प्रतिवादी सीता थिङ्गको कसुरमा संलग्नता नदेखिँदा निजको हकमा अभियोग दाबी नपुग्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।११।२ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत :- महेश खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

**२**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०७४८, बहुविवाह, मिनबहादुर थापा वि. नेपाल सरकार*

बहुविवाहको कसुरमा अनुसन्धान गर्ने निकायमा जाहेरी परेपछि मात्र सो निकायलाई जानकारी हुने देखिन्छ। जाहेरी पर्नुअघि नै प्रतिवादीले स्थानीय पञ्जिकाधिकारीको कार्यालय, इटहरी न.पा. सुनसरीमा मिति २०६१।७।२४ मा विवाह दर्ता गरेको तथ्य चितवन स्थित प्रहरी कार्यालयले स्वतः थाहा पाएको भनी मान्न सकिने वस्तुगत आधार, कारण देखिँदैन। जिल्ला प्रहरी कार्यालय चितवनलाई सोको जानकारी थियो भन्ने कुराको विश्वसनीय आधार प्रतिवादीले देखाउन सकेको पाइँदैन । जसले जुन कुराको दाबी लिन्छ उसैले प्रमाणित गर्नुपर्छ भन्ने न्यायको मान्य सिद्धान्त हो। प्रमाण ऐन, २०३१ को दफा २७ ले पनि सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने व्यवस्था गरेको छ। तर प्रस्तुत मुद्दामा मिनबहादुर थापाले बुद्धिमाया थापासँग २०६१ सालमा दोस्रो विवाह गरेको कुरा अनुसन्धान गर्ने निकायलाई मौकैमा थाहा थियो भन्ने प्रतिवादीको दाबी कुनै कागज प्रमाण र व्यवहारबाट प्रतिवादीले पुष्टि गर्न सकेको पाइएन। यस अवस्थामा मुद्दा चलाउने निकाय जिल्ला प्रहरी कार्यालय चितवनले थाहा पाएको मितिलाई अन्यथा मान्न मिलेन । उक्त कार्यालयले थाहा पाएको मितिले तीन महिनाभित्र अभियोगसमेत दायर भएको प्रस्तुत मुद्दालाई हदम्याद नाघी दर्ता भएको भन्न नमिल्ने।

घरमा जाहेरवाला पत्नी छँदाछँदै प्रतिवादी मिनबहादुर थापाले बुद्धिमाया थापासँग दोस्रो विवाह गरी मुलुकी ऐन, बिहाबारीको महलको ९ नं. विपरीत कसुर गरेको देखिन आएको र निजउपरको अभियोग दाबी हदम्यादभित्रकै देखिँदा मुलुकी ऐन बिहाबारी महलको १० नं. बमोजिम निज प्रतिवादी मिनबहादुर थापालाई १ वर्ष कैद र रू.५,०००।- जरिवानासमेत हुने ठहर्‍याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०७२।०८।१५ मा भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।११।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

**३**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-MS-००२७, अदालतको अवहेलना, कृष्णबहादुर आचार्य वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले दायर गरेको ०७३-WO-०४२७ को मिसिल हेर्दा, निवेदक श्री कालिका हिमालय उच्च मा.वि.को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा ३ (तीन) वर्षको कार्यकालका लागि निर्वाचित भएकोमा कार्यकाल बाँकी छँदै शिक्षा ऐन, २०२८ को आठौँ संशोधन (मिति २०७३/३/१५) लाई टेकी विपक्षी शिक्षा मन्त्रालयको मन्त्रिस्तरीय मिति २०७३।३।२८ को निर्णय, शिक्षा विभागको मिति २०७३।४।५ को निर्देशन भनी जिल्ला शिक्षा कार्यालयले गरेको परिपत्रका आधारमा विद्यालयले कामकाज गर्न रोक लगाएकोले अर्को विद्यालय व्यवस्थापन समितिको छनौट नभएसम्मको लागि काम कारबाही गर्न दिनु भनी अन्तरिम आदेशसहित परमादेश जारी गरिपाउँ भनी यी निवेदकले माग दाबी लिएको देखिने।

उक्त रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट शिक्षा ऐन, २०२८ को आठौँ संशोधनद्वारा संशोधित कानूनी व्यवस्थाको कार्यान्वयनको लागि विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०७३।३।२८ को निर्णय, सो निर्णयबमोजिम शिक्षा विभागबाट भएको निर्देशन अनुसार जिल्ला शिक्षा कार्यालयले गरेको निर्देशन परिपत्रसमेत कानून विपरीत नभएको र संशोधित कानून प्रारम्भ भई विद्यालय व्यवस्थापन समितिको छनोट प्रक्रियासमेत परिवर्तन भइसकेको अवस्थामा साबिक ऐनबमोजिमको कार्यकाल बाँकी छ भनी दाबी गर्न कानूनसम्मत नभएको भनी रिट निवेदन खारेज हुने ठहर्‍याई मिति २०७३।८।८ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने गरी मिति २०७४।८।८ मा आदेश भएको देखिने।

मूल रिट निवेदन खारेज भएको र अदालतको आदेश पालना नगरेको भन्ने अन्तरिम आदेश पनि निष्क्रिय भइसकेको देखियो । साथै अदालतको आदेशको अवहेलना गर्ने मनसाय होइन भन्ने लिखित जवाफमा उल्लेख भएको देखियो । यस्तो स्थितिमा प्रस्तुत निवेदनमा निवेदकले उल्लेख गरेबमोजिम विपक्षी जिल्ला शिक्षा कार्यालय रसुवासमेतले यस अदालतबाट जारी भएको अन्तरिम आदेशको अवज्ञा गरी अदालतको अवहेलनाजन्य कार्य गरेको भन्ने अवस्था देखिन आएन । तसर्थ, विपक्षीहरूले अदालतको अवहेलना गरेको भन्ने निवेदन दाबी नपुग्ने।

इजलास अधिकृत :- महेश खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

**४**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७४-CR-०४९४, ठगी, नेपाल सरकार वि. कुमार रोकाया भन्ने करी सार्कीसमेत*

नरजित रोकाया, मुकेश ठेकरे, कमलेश

मन्याल, डम्मर बोहरा, सुरेन्द्र कार्कीले सङ्कलन गरेको करिब ३ के.जी. बराबरको यार्सा ठगी भएको भन्ने जाहेरीमा उल्लेख भएको र सोही बेहोरालाई समर्थन गर्ने गरी बकपत्र गरेको भए तापनि ठगी गरिएको यार्सा भने बरामद भएको स्थिति छैन। यस स्थितिमा ठगी भएको यार्साको औचित्य (EXISTENCE) थियो थिएन भन्ने प्रश्न उत्पन्न भएको छ । यार्सा हिमाली भेगमा पाइने एक विशेष प्रकारको जडीबुटी भएको हुनाले जो कोहीले सजिलै सङ्कलन गर्न सक्दैन । वन नियमावलीले निर्देशित गरेको निश्चित प्रक्रिया अपनाएमा मात्र यार्सा सङ्कलन गर्न सकिन्छ। वन नियमावली, २०५१ को नियम ११(१) मा कुनै वन क्षेत्रबाट अनुसूची-३ मा उल्लिखित जडीबुटीहरू सङ्कलन गर्न चाहनेले जडीबुटीको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्यसमेत खोली अधिकार प्राप्त अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ भन्ने कानूनी व्यवस्थासमेत रहेको अवस्थामा यी जाहेरवालाले आफूले उक्त कार्यविधि अपनाई यार्सा सङ्कलन गरेको भनी भन्न सकेको स्थिति छैन, न त यार्सा सङ्कलन गर्नको लागि आफूहरूले इजाजत प्राप्त गरेको कागजात पेस गर्न सकेको देखिन्छ । जाहेरवालाले उक्त ठगी भएको यार्सा आफ्नो मात्र नभई अरू व्यक्तिको समेत भएको भनी उल्लेख गरे पनि को कस्को कति परिमाणको यार्सा हो, कहिले सङ्कलन गरिएको यार्सा हो र कुन वन कार्यालयबाट इजाजत प्राप्त गरी सङ्कलन गरेको यार्सा हो भनी खुलाउन सकेको मिसिलसंलग्न कागजातबाट नदेखिने।

जाहेरवाला प्रकाश कार्कीले मिति २०७१।५।५ गते खण्डेश्वरीबाट प्रतिवादीहरूसँग र नरजीत रोकाया बैतडीको गन्नामा आई भरत घरेडीको होटलमा बसेका हौँ। प्रतिवादी कुमार रोकाया भन्ने करी सार्कीले यार्सा यही होटलमा राखौँ हामी चारै जना दार्चुला गई बैंकबाट पैसा निकाली दिन्छु भनेकोले हामीहरू पनि यार्सा निकासीको लागि छुट पुर्जी बनाउन जिल्ला वन कार्यालय दार्चुलामा सहयोग गरिदिनु होला भनेकोले करी सार्कीले कोठामा ताला लगाई चावी आफैँसँग राखेको हो। गन्ना बसपार्क पुगेपछि प्रतिवादी करी सार्कीले म च्याउको हिसाब गरी आउँछु, तपाईँ हिड्दै गर्नुहोस् भनेकोले हामीहरू तीनै जना दार्चुलाको सदरमुकाम गइरहेको अवस्थामा प्रतिवादी दार्चुला नगई यार्सा ठगी गरी लगेको भनी घटना विवरण कागज गरेको देखिन्छ । निज जाहेरवालाले अदालतसमक्ष कुमार रोकायाले यार्सा खरिद गर्नको लागि रूपियाँ बोकेर ल्याएको छैन दार्चुला सदरमुकाम बैंकबाट निकालेर दिउँला भनकोले बैतडीको गन्ना गई बसेको हौँ। कुमार रोकायाले मलाई रिचार्ज लिएर आउन भन्दा म रिचार्ज लिन गएको अवस्थामा भागेको रहेछ। निज भागी गएपछि मात्र ठगी भएको थाहा भएको हुँ भनी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ। जाहेरवालाले घटनाविवरण कागजमा करी सार्की च्याउको पैसा लिन जान्छु भनी फरार भएको भनी खुलाएका छन् भने अदालतसमक्ष रिचार्ज किन्न गएको बेला प्रतिवादी कुमार रोकाया भागेको भनी बकपत्र गरेको देखिन्छ। यस्तैमा जाहेरी बेहोरामा नरजीत रोकायको समेत यार्सा ठगी भएको भनिएकोमा नरजित रोकायले अदालतसमक्ष मेरो ६९२ ग्राम हो । मैले जम्मा ५ लाख पाएको हुँ । सोबाहेक ६,७८,५००।– दिनेश शेरचन र मोहन कामीबाट लिन बाँकी छ । प्रतिवादी कर्णबहादुर राना र जनक सिंह बोहरालाई चिन्दछु । यार्सा लेनदेनको बारेमा निजहरूलाई केही थाहा छैन भनी बकपत्र गरेको देखिन्छ। यसरी पीडित भनिएका व्यक्ति नरजित रोकायाले आफूले निश्चित रकम पाइसकेको भनी बकपत्र गरेको छन् भने जाहेरवालाले जाहेरीमा पैसा नदिई यार्सा लगेको भनी दिएको जाहेरी र अदालतसमक्ष गरेको बकपत्र एकआपसमा विरोधाभाषपूर्ण रहेको देखिएकोले जाहरेवालाको जाहेरी र बकपत्र विश्वासयोग्य नदेखिने।

वादी नेपाल सरकारको प्रतिवादीहरू

कर्ण राना र जनक सिंह बोहरालाई अभियोग मागदाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, माथिका प्रकरणहरूमा यी प्रतिवादीहरूसमेतको सहयोगमा यार्सा गुम्बा ठगी गर्ने कार्य भएको थियो भन्ने कसुर स्थापित नै हुन नसकेको भनी मनबहादुर कामीको पुनरावेदनमा पर्याप्त विवेचना भइसकेको हुँदा उच्च अदालतबाट यी प्रतिवादीहरू कर्णबहादुर राना र जनकसिंह बोहरालाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्दछ सफाइ दिने गरी उच्च अदालतबाट भएको फैसला मिलेको छैन भन्ने पुनरावेदनको सम्बन्धमा थप विवेचना गरिरहनुपर्ने अवस्था रहेन । मूल अभियुक्तउपरको कसुर नै स्थापित हुन नसकेको स्थितिमा उक्त कसुरमा सहयोग गरेको भनी मतियारमा दोषी ठहर गर्न नसक्ने ।

प्रतिवादी कुमार रोकाया भन्ने करी सार्की र दिनेश शेरचन भन्ने मोहन कामीलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम जनही ३ वर्ष कैद र रू.४१,२१,५००।- जरिवाना र अन्य प्रतिवादीहरू कर्णबहादुर राना र जनकसिंह बोहोरालाई सफाइ दिने गरी सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७२।०८।०७ मा भएको फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू कुमार रोकाया भन्ने करी सार्की र दिनेश शेरचन भन्ने मोहन कामी भन्ने मनबहादुर कामीलाई जनही ३ वर्ष कैद र रू.३६,२१,५००।- जरिवाना र कर्णबहादुर राना र जनकसिंह बोहोरालाई सफाइ दिने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।१२।२९ मा भएको फैसला केही उल्टी भई प्रतिवादीहरू कुमार रोकाया भन्ने करी सार्की र दिनेश शेरचन भनिएको मोहन कामी भन्ने मनबहादुर कामीले समेत अभियोग दाबीबाट सफाइ पाउने । कर्णबहादुर राना र जनकसिंह बोहोराले अभियोग दाबीबाट सफाइ पाउने ठहरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ फाल्गुन २ गते रोज ३ शुभम् ।

**५**

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०१८९, ज्यान मार्ने उद्योग तथा डाँका, नेपाल सरकार वि. दिनेश मगरसमेत*

प्रस्तुत वारदातमा पीडित घाइते ईश्वरचन्द्र गजुरेललगायत प्रतिवादीहरूका बिचमा दोहोरो कुटपिट भएकोमा सो कुटपिटबाट निज पीडितसमेतलाई चोट लाग्न पुगेको देखिए तापनि प्रतिवादीहरूले घाइतेको ज्यानै मार्ने उद्देश्य राखी पूर्वतयारीका साथ वारदात घटाएको भन्ने कुरा निर्विवाद रूपमा स्थापित हुन सकेको देखिँदैन । यी प्रत्यर्थीहरू र पीडितका बिचमा कुनै पूर्वरिसइवी रहेको वा प्रत्यर्थीहरूमा पीडितको ज्यानै लिनुपर्नेसम्मको कुनै कारण रहेको भनी खुल्न सकेको पनि देखिँदैन । प्रस्तुत वारदातमा मूलभूत रूपमै अनिवार्य मानिने अर्थात् ज्यान मार्ने उद्योगको लागि चाहिने न्यूनतम आवश्यक तत्त्वहरू मनसाय, कार्य तथा अपराधले पूर्णता नपाउनुको कुनै कारणको उपस्थितिको अभाव रहेको देखिन्छ । तसर्थ, उल्लिखित ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुर स्थापित हुनका लागि प्रतिवादीहरूमा ज्यान मार्ने मनसाय तत्वको विद्यमानता थियो तथा प्रतिवादीहरूको प्रहार पीडितको ज्यानै जानेसम्मको थियो भनी पुष्टि हुन अनिवार्यता रहेकोमा सो कुरा पुष्टि हुने गरी वादी पक्षबाट कुनै वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको अवस्था देखिँदैन । यस अवस्थामा प्रस्तुत मुद्दाको वारदातमा प्रत्यर्थी प्रतिवादीहरूबाट सोही १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुर भएको हो भन्न नमिल्ने ।

प्रस्तुत मुद्दामा पाँच जना प्रतिवादीहरूको

संलग्नतामा वारदात घटित भएको भनी अभियोग दाबी लिइएको देखिए तापनि चारजना प्रतिवादीहरूसम्मको वारदातमा उपस्थिति रहेको देखिन्छ । एकजना प्रतिवादी फरार रहेको भन्ने वादी दाबी रहेको देखिन्छ यद्यपि, निज फरारी व्यक्तिको उक्त वारदातमा उपस्थिति रहेको भनी पुष्टि हुने कुनै पनि वस्तुनिष्ठ कागज प्रमाण मिसिल सामेल देखिँदैन। केवल वारदातमा पाँच जनाको संलग्नता रहेको भनी दाबी गर्नु नै डाँकाको कसुर पुष्टि हुन पर्याप्तता हुने होइन। डाँकाको वारदात स्थापित हुन न्यूनतम सर्त नै वारदातमा पाँच जना व्यक्तिको अर्थपूर्ण उपस्थिति पुष्टि हुनुपर्ने हुन्छ । प्रस्तुत वारदातमा यस सर्त कायम रहेको स्थापित हुने गरी वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । तसर्थ, प्रस्तुत वारदातमा प्रत्यर्थी प्रतिवादीहरूबाट उल्लिखित ६ नं. बमोजिम डाँकाको कसुर भएको हो भन्न नमिल्ने।

प्रत्यर्थी प्रतिवादीहरू रामशरण परियार, दिनेश मगर, सन्तोष गिरी र सरोज राईलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुर तथा ऐ. ऐनको चोरीको महलको ६ नं. बमोजिम डाँकाको कसुरमा कसुरदार ठहर गरिपाउँ भन्ने अभियोग दाबी वादी पक्षबाट शंकारहित तवरले पुष्टि गर्न सकेको नदेखिँदा निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने र प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।०३।२७ को फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१०।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल साउन २६ गते रोज ६ शुभम्।

## ६

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१४८६, जालसाजी, देवनारायण शर्मासमेत वि. उमाकान्त साह*

प्रस्तुत मुद्दा फिराद पत्रमा उल्लिखित हदम्यादभित्रको छ, छैन तथा छ भने फिराद दाबी पुग्न सक्ने हो, होइन समग्र तथ्यहरूको विश्लेषण र विवेचना गरी निर्णय गर्नुपर्ने देखिन आउँछ । तसर्थ, प्रस्तुत मुद्दामा जो जे बुझ्नुपर्ने हो बुझी समग्र तथ्यहरूको विश्लेषण र विवेचना गरी हदम्यादसम्बन्धी कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तहरूसमेतको रोहबाट समग्र प्रश्नहरूमा निर्णय दिनुपर्नेमा तत्कालीन पुनरावेदन अदालत राजविराजबाट केवल हदम्यादको अभावमा प्रस्तुत मुद्दामा दाबी नपुग्ने गरी भएको फैसला कानूनतः मिलेको नदेखिने।

मुद्दाको तथ्य हेरी हदम्यादलगायत निर्णय गर्नुपर्ने समग्र प्रश्नहरूमा कानूनबमोजिम फैसला गर्नुपर्नेमा सोअनुरूप नगरी सुरू सप्तरी जिल्ला अदालतको मिति २०७०।०२।२१ को फैसला उल्टी गरी केबल हदम्यादको अभावमा प्रस्तुत मुद्दामा दाबी नपुग्ने ठहर गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।२७ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब, जो जे बुझ्नुपर्ने हो बुझी मुद्दाको तथ्य हेरी हदम्यादलगायत निर्णय गर्नुपर्ने समग्र प्रश्नहरूमा कानूनबमोजिम पुनः फैसला गर्नु भनी उपस्थित पक्ष तथा यो फैसलाको प्रतिलिपिसहित सुरू र रेकर्ड मिसिल उच्च अदालत जनकपुर, राजविराज इजलासमा पठाइदिने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर अपरेटर : राधिका घोरासाइने

इति संवत् २०८० साल भदौ ३ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७२-CR-१४८७, जालसाजी, रामसागर शर्मासमेत वि. उमाकान्त साह

७

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०४९८, सवारी दुर्घटनाबाट अङ्गभङ्ग, नेपाल सरकार वि. नारायण ठाकुर*

घटनास्थल मुचुल्का हेर्दा, मोरङ जिल्ला, दर्बेसा गा.वि.स. वडा नं. ४ स्थित सडक खण्डमा प्रतिवादी बद्रीनारायण ठाकुरले चलाएको ट्रकले साइकलको पछाडि दाजुलाई राखी साइकल चलाई विपरीत दिशाबाट आउँदै गरेको घाइते सरौभ कर्मकारलाई ठक्कर दिन पुगी सवारी दुर्घटना हुन पुगेको भन्ने देखिन्छ। सवारी दुर्घटना भएको स्थानको सडक ग्राभेल अवस्थाको रहेको भन्ने तथ्य रहेको देखिन्छ। तुलनात्मक रूपमा साइकलको टायर सानो चौडाइको हुने हुँदा ग्राभेल बाटोमा साइकल चलाउँदा ग्राभेल यताउति उछिट्टिने, सर्ने भएकोले स्वभावैले पनि पटकपटक असन्तुलनको अवस्था आइरहने हुन्छ। अर्कोतर्फ, वारदातको समयमा घाइते सरौभ कर्मकारको उमेर वर्ष १० रहेको भन्ने देखिँदा निज घाइतेको शारीरिक तथा मानसिक अवस्थासमेत तत्समयमा विकासकै चरणमा रहेको मान्नुपर्ने हुन्छ। यसरी, कलिलो उमेर अर्थात् शारीरिक तथा मानसिक अवस्था पूर्ण रूपमा विकास भई नसकेको नाबालक अवस्थाको निज घाइतेले साइकलको पछाडि दाजुलाई राखी उक्त ग्राभेल बाटोमा साइकल चलाउँदा एक्कासी आइपर्ने असन्तुलनलाई तत्काल निर्णय लिई नियन्त्रण गरिराख्न कठिन हुने परिस्थितिलाई इङ्गित गरिरहेको देखिने।

उल्लिखित बयान, बकपत्र तथा वारदातको तथ्यगत विवरणबाट प्रतिवादीले चलाएको ट्रकमा विपरीत दिशाबाट चलाइआएको साइकलयात्री वर्ष १० को सौरभ कर्मकारको साइकल अनियन्त्रित भई सो ट्रकको पछाडिको चक्कामा ठक्कर लागी ट्रकको चक्काले घाइतेको देब्रे खुट्टा किचिन गई निज घाइतेको सो खुट्टा काटिएको भन्ने तथ्यमा विवाद देखिँदैन। तथापि, उल्लिखित दुर्घटना आफूले जानीजानी गरेको होइन भनी प्रतिवादी अनुसन्धानको क्रमदेखि नै निजको बदनियत रहेको भन्ने अभियोग दाबीमा इन्कारी रहेको देखिन्छ। दुर्घटना हुनेबित्तिकै गाडी रोकी प्रतिवादी गाडी चालक आफैँले पहलकदमी लिई घाइतेलाई अस्पताल पठाएको तथा घाइतेले उपचार खर्च तथा क्षतिपूर्ति रकमसमेत प्राप्त गरिसकेको भन्ने मिसिलबाट देखिएको छ। जाहेरवाला प्रकाश कर्मकारले घाइतेको उपचार प्रतिवादीले नै गरेको र क्षतिपूर्तिसमेत दिइसकेकोले निजले सजाय पाउनुपर्ने होइन भनी बकपत्र गरिदिएको पाइन्छ। निज जाहेरवाला तथा घाइतेले समेत प्रतिवादीले बदनियतपूर्वक सवारी दुर्घटना गराएको भनी भन्न सकेको नपाइने।

ट्रकको इन्जिन भाग मात्र कटिसकेको स्थितिमा साइकलपछाडि बसेको दाजु हाम फाल्दा साइकल अनियन्त्रित भएको स्थितिमा साइकल र घाइते सो ट्रकको पछाडिको चक्कामा पस्न पुगेको तथ्य घाइतेकै अनुसन्धानमा भएको कागज, बकपत्रबाट पनि देखिएको छ। यस तथ्यले उक्त सवारी दुर्घटना हुनुमा ट्रक चालकको बदनियत नभई घाइते आफैँले चलाएको साइकल अनियन्त्रित भई परिस्थितिजन्य कारण परी सवारी दुर्घटना हुन पुगेको अवस्थालाई देखाइरहेको पाइन्छ। यस अवस्थालाई दुर्घटनाको स्थान ग्राभेल सडक रहेको, घाइते साइकल चालक १० वर्षको बालक व्यक्ति रहेको, घाइते ट्रकको पछाडिको चक्कामा पस्न पुगेको भन्ने तथ्यले पनि समर्थन गरिरहेको देखिन्छ। यसरी, प्रतिवादी बद्रीनारायण ठाकुरले बदनियतपूर्वक प्रस्तुत वारदात घटाएको अर्थात् प्रतिवादीकै कारण उक्त सवारी दुर्घटना हुन पुगेको भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। ग्राभेल बाटोमा कलिलो उमेरको नाबालकले साइकलमा अर्को व्यक्तिलाई पनि चढाई आफैँ अनियन्त्रित भई ट्रकको पछाडिको चक्कामा

घुस्न पुगको प्रस्तुत मुद्दाको वारदातको स्थिति रहेको देखिँदा सो वारदात प्रतिवादीले बदनियतपूर्वक गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिने।

प्रत्यर्थी प्रतिवादी बद्री नारायण ठाकुरले बदनियतपूर्वक प्रस्तुत वारदात घटाएको अर्थात् निज प्रतिवादीकै कारण उक्त सवारी दुर्घटना हुन पुगेको भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। प्रतिवादीको पुनरावेदन पर्न आएको नहुँदा निजलाई उच्च अदालत विराटनगरबाट भएको सजायको हकमा थप विवेचना गर्नु परेन। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल साउन २६ गते रोज ६ शुभम्।

## इजलास नं. १

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CI-०३०८, ०७३-CI-०३१०, दूषित नामसारी निर्णय बदर, दर्ता बदरसमेत, मोहनबिक्रम थापासमेत वि. टेकबहादुर थापासमेत, टेकबहादुर थापासमेत, इन्दिरा अधिकारी थापा*

वादी र प्रतिवादीहरूको नाता पुस्तेवारीमा विवाद नदेखिएको, अंश मुद्दाको फैसलाबमोजिम प्रतिवादी टेकबहादुर थापा एक्लो अंशियार देखिएको हुँदा निजको नाममा आउने सम्पत्तिको ६ भागमध्ये २ भाग अंश निज पुनरावेदक वादीहरूले पाउने देखिएको स्थितिमा विपक्षीहरूको मिलेमतोमा वादीहरूको अंश हक मार्ने मनसायबाट दिएको निवेदनका आधारमा मालपोत कार्यालय, सिन्धुलीले निज वादीहरूको समेत अंश भाग लाग्ने स्व. बालकुमारी थापाको नाम दर्ताका कि.नं ३३ र १४८ र स्व. अक्कलबहादुर थापाका नाउँ दर्ताका कि.नं. २०, ३४, १०९, १५९, ३७ र ३६ का जग्गाहरू प्रतिवादी टेकबहादुरका नाममा नल्याई सोझै एकासगोलका अंशियार नै नरहेका प्रतिवादी धनबहादर थापाको नाममा एकलौटी नामसारी गर्ने निर्णय गरेको देखियो। उक्त निर्णय गर्दा, अंश चलन मुद्दाको फैसलाबमोजिम उल्लिखित कि.नं २०, ३४, १०९, १५९, ३७, ३६, ३३ र १४८ का जग्गाहरूको ६ भागको २ भाग निज वादीहरूको अंश भागको जग्गा सुरक्षित राख्नुपर्नेमा सो गरेको भन्ने देखि]एन। प्रतिवादी धनबहादर थापाको नाममा एकलौटी नामसारी निर्णय गराउँदा सरोकारवाला निज वादीहरूलाई सूचना जानकारीसमेत दिई निजहरूको समेत सहमति लिएको भन्ने देखिएन। साथै फैसलाबमोजिम वादीहरूले पाउनुपर्ने उल्लिखित कि.नं. का जग्गाहरूबाट आफ्नो हिस्सा/भाग बन्डा गरी लिइसकेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट खुलेको छैन। न त उक्त कि.नं का जग्गाहरूसमेत आफूहरूबिच बन्डा भइसकेको हो भन्ने कुराको स-प्रमाण पुष्टि प्रतिवादी पक्षबाट हुन सकेको देखिन्छ। यस स्थितिमा प्रस्तुत मुद्दामा एकासगोलका प्रतिवादी टेकबहादुरको नाममा आउने सम्पत्तिलाई आफ्नो नाममा नल्याई मिलेमतो गरी सिधै अंशियार नै नरहेका निजका भाइ प्रतिवादी धनबहादुरका नाममा एकलौटी नामसारी निर्णय गर्ने प्रतिवादीहरूको कार्यबाट प्रतिवादी टेकबहादुरतर्फका अंशियार रहेका निज वादीहरूको नैसर्गिक हक अंशाधिकारमा असर परेको भन्ने नै देखियो। अतः मालपोत कार्यालयको नामसारी निर्णय सासू ससुराका नामका उल्लिखित कि.नं. का जग्गाहरूमा निज वादीहरूको अंश हक सुरक्षित नराखेको हदसम्म दूषित देखिँदा उक्त नामसारी निर्णय निज वादीहरूको अंश हक मेटाएको हदसम्म मिलेको नदेखिने।

पुनरावेदन अदालत पाटनबाट भएको उक्त फैसलामा प्रतिवादी टेकबहादुर बाहेकका छुट्टी भिन्न भइसकेका अन्य भाइहरूलाई पनि एकासगोलका

अंशियार कायम गरेको हदसम्म मिलेन, अंशचलन मुद्दाबमोजिम सासू ससुराको नामका उल्लिखित सम्पूर्ण कित्ताका जग्गाहरूमध्ये ६ भागमध्येबाट २ भाग आफूहरूले पाउनुपर्ने भन्ने बेहोराको पुनरावेदक वादीहरूको जिकिर रहेको देखियो । सो सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दाको जरियाका रूपमा रहेको अंशचलन मुद्दाको अन्तिम फैसलाले निज प्रतिवादीहरू धनबहादुर थापा, बाबुराम थापा र मदनकुमार थापालाई साबिक मुलुकी ऐनको अ.बं १३९ नं बमोजिम बुझी, निजहरूले आफूहरू छुट्टी भिन्न भइसकेको, दाजु टेकबहादुर थापासँग अंश लिनुदिनुपर्ने छैन भनी गरेको बयानलाई आधार मानी निजहरूलाई सगोलका अंशियार कायम गरेको अवस्था छैन । साथै अंश मुद्दाको फैसला कार्यान्वयनकै क्रममा बालकुमारीको मृत्यु भएपछि प्रतिवादी टेकबहादुर थापा मात्र अंशियार कायम भएको देखिएको र निजतर्फ रहेका ६ जना अंशियारमध्ये निज वादीहरूसमेत सगोलका अंशियार रहेको देखिएका छन् । यस स्थितिमा दाबीका कि.नं. २०, ३४, १०९, १५९, ३७, ३६, ३३ र १४८ का सासू ससुराका नाम दर्ताका जग्गाहरूमा अंशचलन मुद्दाको फैसलाबमोजिम नै ६ भागको २ भागमा निज पुनरावेदक वादीहरूको अंश हक सुरक्षित नै रहेको देखिन्छ । उल्लिखित दाबीका जग्गामा निज अंशियारहरूले आफूहरूको हकहिस्सा लाग्ने जति लिइसकेको भन्ने स्थिति नदेखिएको स्थितिमा प्रतिवादी टेकबहादुर थापाबाहेकका सगोलका अंशियार नै नरही २०३०।३१ सालमा नै छुट्टी भिन्न भएका भनी अंश मुद्दामा भएको फैसला अन्तिम भएको स्थितिमा सो प्रतिकूल हुने गरी निजका भाइहरू धनबहादुर, मदनकुमार र बाबुरामसमेतलाई अंशियार कायम गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७३।०१।१२ मा भएको फैसला सो हदसम्म मिलेको देखिन आएन । बालकुमारी थापाको शेषपछि निजको नामको कित्ता नं ३३ र १४८ को जग्गा र ससुरा अक्कलबहादुरको नाम दर्ताका कि.नं. २०, ३४, १०९, १५९, ३७, ३६ का सम्पूर्ण जग्गाहरूमा ६ भाग गरी सोमध्ये २ भागमा निज पुनरावेदक वादीहरूको अंश हक लाग्ने नै देखिएको स्थितिमा विवादित कि.नं का जग्गाहरूबाट वादीहरूले अंश नै पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादीहरूको पुनरावेदन जिकिर र सोही बेहोराको निजका कानून व्यवसायीको बहससँग समेत सहमत हुन नसकिने ।

दाबीका कि.नं. २०, ३४, १०९, १५९, ३७, ३६, ३३ र १४८ का वादी इन्दिराका सासू ससुराको नामका जग्गाहरूमा ६ भागको २ भागमा निज पुनरावेदक वादीहरूको अंश हक लाग्ने देखिएको स्थितिमा प्रतिवादी टेकबहादुर थापाबाहेकका एकासगोलमा नरही छुट्टी भिन्न भइसकेका प्रतिवादीहरू धनबहादुर, मदनकुमार र बाबुराम थापालाई समेत उल्लिखित कि.नं का जग्गाका अंशियार कायम गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७३।१।१२ को फैसला ४ अंशियार कायम गरी ४ भागको १ भागबाट ६ भाग लगाई ६ भागको २ भाग मात्र वादीहरूले अंश पाउने गरेको हदसम्म नमिलेकोले केही उल्टी भई दाबीका कि.नं. २०, ३४, १०९, १५९, ३७, ३६, ३३ र १४८ का जग्गाहरूलाई ६ भाग गरी सोको २ भाग निज वादीहरूका कायम हुने हुँदा मालपोत कार्यालय, सिन्धुलीको मिति २०६९।०७।२६ को निर्णय र सो अनुसारको दर्तासमेत ६ भागको २ भाग बदर भई उक्त २ भाग निज पुनरावेदक वादीहरूको नाममा दर्ता गरिपाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी / कमलकान्त जोशी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ आषाढ ७ गते रोज ३ शुभम् ।

साथै, यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ ।

- ०७४-CR-१७२४, जालसाजी, इन्दिरा अधिकारी थापा वि. टेकबहादुर थापासमेत

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-११६०, उत्प्रेषणसमेत, उमेशप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

कोरोना भाइरसको सङ्क्रमण पूर्णरूपमा निर्मूल भएको अवस्था नरहे पनि केही मत्थर भई सामान्य सङ्क्रमणको अवस्था रहेको छ । २०७७ फागुन र चैत्र महिनामा पहिलो डोजको कोरोना विरुद्धको खोप लगाइसकेका ७३३ जना कानून व्यवसायीहरूलाई मिति २०७७।०२।३० गते काठमाडौंमा दोस्रो डोजको खोप लगाइसकिएको छ भन्नेसमेत बेहोराको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको तर्फबाट पेस भएको लिखित जवाफलाई अन्यथा भन्न मिल्दैन । प्रस्तुत लिखित जवाफ बेहोराबाट यी निवेदकलगायतका अधिकांश कानून व्यवसायीहरूले प्राथमिकता प्राप्त गरेर नै कोभिड-१९ को दोस्रो डोजको खोपसमेत लिई पाइसकेको मान्नुपर्ने देखियो। कोभिड-१९ को खोप सरकारले नि:शुल्क उपलब्ध गराई चरण चरणमा गरी ५ वर्ष भन्दामाथि उमेर समूहका नागरिकलाई समेत खोप प्रदान गरिरहेको देखिएको छ। सो क्रममा खोप लगाउन चाहने अधिकांश नागरिकले कोभिड-१९ विरुद्धको तेस्रो डोज अर्थात् बुष्टर डोज खोपसमेत प्राप्त गरिसकेको स्थिति विद्यमान छ । यसरी सरकारले सम्पूर्ण नागरिकहरूलाई बुष्टर डोज खोपसमेत लगाउन आह्वान गरी देशै भरका स्थानीय स्वास्थ्य संस्थालगायतका तोकिएका स्थानीय खोप केन्द्रसमेतबाट खोप वितरण गर्ने अवसरको सुनिश्चितता प्रदान गरेको देखिएको परिप्रेक्ष्यमा निवेदकलगायतका कानून व्यवसायीसमेतले दाबीबमोजिमको दोस्रो डोजको खोप लिन पाउने अवसर प्राप्त गरेकै मान्नुपर्ने देखिन आयो । यसप्रकार निवेदकलगायतका कानून व्यवसायीहरूसमेतले बुष्टर डोज खोपसमेत पाउने गरी खोप अभियान सञ्चालन गरेको पाइएको र हाल विविध कारणले छुटफुट भएका नागरिकहरूको लागि पनि क्रमशः खोप उपलब्ध गराउने गरी सरकारले व्यवस्था गरेको देखिएकोले प्रस्तुत निवेदन हाल प्रयोजनहीन भएकाले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने आवश्यकता र औचित्य नै समाप्त भएको देखिँदा प्रस्तुत रिट निवेदन दाबीका सम्बन्धमा थप विवेचना गरिरहनुपर्ने नदेखिने ।

निवेदकले उपचार माग गरेको विषय कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क प्रदान गर्ने व्यवस्थाको सुनिश्चितता गरी क्रमशः खोप प्रदान गर्दैआएको र अधिकांश नागरिकले बुष्टर डोज खोपसमेत लिई पाइसकेको र विविध कारणले सो खोप लिन छुटेका भएमा सम्बन्धित पालिकास्थित खोप केन्द्रबाट खोप पाउने गरी व्यवस्थासमेत भएको देखिएको र कानून व्यवसायीलाई प्राथमिकतामा राखेर नै खोप प्रदान गरेको स्थिति रहेकोमा प्रस्तुत निवेदन दाबीका सम्बन्धमा थप उपचार प्रदान गरिरहनुपर्ने अवस्था र स्थितिको विद्यमानता रहेको देखिएन । प्रस्तुत निवेदनमा लिइएको दाबीको औचित्य समाप्त भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : सन्जय गुरुङ

इति संवत् २०७९ साउन १८ गते रोज ४ शुभम् ।

**इजलास नं. २**

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-CI-१०९४, ०७४-CI-१२७१, अंश दर्ता चलन, पदमादेवी खतिवडासमेत वि. शान्तिकुमारी रेग्मी खतिवडा, साधुराम खतिवडा वि. शान्तिकुमारी रेग्मी खतिवडा*

वादीले बकसपत्रबाट प्राप्त गरेको उक्त कि.नं. ८३२७ जग्गा प्रतिवादीहरूलाई बन्डा लाग्ने हो वा

होइन भन्ने सम्बन्धमा तत्काल प्रचलित मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्न वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार वादीले हालैको बकसपत्र लिखतबाट प्राप्त गरेको सम्पत्ति निजको निजी सम्पत्ति ठहर भएको हुँदा प्रतिवादीहरूसँग बन्डा लाग्ने प्रकृतिको देखिएन । यस अवस्थामा वादीको नाममा दर्ता रहेको उक्त विवादित कि.नं. ८३२७ को जग्गा बन्डा हुनुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर कानूनसङ्गत मान्न नमिल्ने ।

सो आदेशानुसार फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम भइसकेपछि वादी प्रतिवादीहरू सो मितिपश्चात् अंशियारहरू एकासगोलमा नरहने हुँदा मानो छुट्टिएपछि आर्जन गरेको सम्पत्ति तथा ऋण बन्डा गर्नुपर्ने हुँदैन । मानो छुट्टिएको मितिभन्दा अगाडि सगोलमा रहेको अवस्थामा लिएको ऋण मात्र बन्डा हुन्छ । साथै, प्रतिवादी साधुराम खतिवडाले माहामती बचत तथा ऋण सहकारी संस्थाबाट लिएको उक्त ऋण यिनै वादीलाई जग्गा खरिद गरिदिँदा लागेको ऋण हो भनी जिकिर लिए तापनि सो जिकिर पुष्टि हुन नसकेको अवस्थामा मानो छुट्टिएको मितिभन्दा पछाडि प्रतिवादीले दृष्टिबन्धक लिखतबाट लिएको ऋणको दायित्व यी वादीलाई वहन गराउन न्यायोचित नहुने हुँदा सो ऋण बन्डा नलाग्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

वादीको नाममा दर्ता रहेको मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिका, वडा नं. ४, कि.नं. ८३२७ को जग्गा र प्रतिवादी पदमादेवीको नाममा रहेको मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं. ४, कि.नं २८१ र २८२ को घर जग्गाबाहेकका तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येबाट दर्ता स्रेस्ता मिले भिडेसम्मका सम्पत्तिलाई ५ अंशियारबिच नरम गरम मिलाई ५ भाग लगाई ५ भागको १ भाग अंश वादीले प्रतिवादीहरूबाट छुट्याइलिन पाउने भई निजका नाममा दर्तासमेत हुने तथा साहुका ऋणका हकमा साहुका उजुर परेका बखत कानूनबमोजिम हुने र दृष्टिबन्धक लिखतबाट लिएको ऋणको हकमा वादीले बेहोर्नु नपर्ने भनी सुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०७३।०३।०१ मा भएको फैसलालाई सदर हुने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।१०।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लिलाधर सुवेदी (उपसचिव) / मनिता गुरुङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल मङ्सिर १८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन् ।

- ०७४-CI-१२७२, दृष्टिबन्धक लिखत दर्ता बदर हक कायम दर्ता, साधुराम खतिवडा वि. शान्तिकुमारी रेग्मी खतिवडा
- ०७४-CI-१०९५, लिखत बदर दर्ता बदर दर्ता, पदमादेवी खतिवडासमेत वि. शान्तिकुमारी रेग्मी खतिवडासमेत

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७९-WO-०२१९, उत्प्रेषणयुक्त परमादेश, दिपेसकुमार खत्री वि. निर्वाचन आयोग, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२७ समेत*

परिप्रेक्ष्यमा राष्ट्रिय प्रजातन्त्र पार्टीको

सन्दर्भमा यस पार्टीले मिति २०७८ मङ्सिर १६ देखि १८ गतेसम्म एकता अधिवेशन सम्पन्न गरी उक्त महाधिवेशनबाट पार्टीको विधान संशोधन र पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको चयन गरेको देखिन्छ । त्यसपछि उक्त पार्टीले अभिलेख अद्यावधिकका लागि निर्वाचन आयोगमा आवश्यक कागजातसहित निवेदन दिएको साथै थप स्पष्ट पारी आयोगमा कागजातहरू पठाइएको पनि पाइन्छ । निर्वाचन आयोगको मिति २०७९।४।२४ को निर्णयबाट उक्त पार्टीको संशोधित विधान अभिलेखीकरण गरी केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको हेरफेर भएको विवरणलाई मान्यता दिएको देखिने।

मूलतः राष्ट्रिय प्रजातन्त्र पार्टीले विधान संसोधन तथा केन्द्रीय सदस्य तथा पदाधिकारी हेरफेर गरेको र उक्त पार्टीले गरेको सो कार्यलाई मान्यता दिएको निर्वाचन आयोगको निर्णय बदर गरिपाउन रिट निवेदकले प्रस्तुत निवेदन दिएको देखियो । एकता महाधिवेशनको संज्ञा दिइएको राष्ट्रिय प्रजातन्त्र पार्टीको मिति २०७८ मङ्सिर १६ देखि १८ गतेसम्म भएको अधिवेसनबाट उक्त पार्टीको विधान संशोधन भएको र पार्टीको केन्द्रीय पदाधिकारी तथा सदस्यहरू छानिएको विषय माथि उल्लिखित नेपालको संविधान तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा भएका व्यवस्थाअनुकूल भए गरेको र सो कार्यलाई निर्वाचन आयोगले पनि आवश्यक जाँचबुझपश्चात् मान्यता दिई अभिलेखमा अद्यावधिक गरेको देखिँदा आयोगको सो निर्णय संविधान तथा कानूनअनुकूल नै देखिन आयो । साथै निर्वाचन आयोगबाट मिति २०७९।८।४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत प्रत्यक्षतर्फ निर्वाचनमा सहभागिता जनाइएको र समानुपातिकतर्फ बन्द सूचीतर्फका उम्मेदवारहरूमध्येबाट मनोनयनसमेत भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको अवस्था देखिने।

निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - लिलाधर सुवेदी

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

## १२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७९-WO-०२६७, उत्प्रेषणयुक्त परमादेश, नागेन्द्र पंडित वि. दशई साह भन्ने दशै साह बनियासमेत*

दशई साह भन्ने दशै साह बनियाले सर्लाही जिल्ला अदालतमा दायर गरेको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट रू.६,५०,०००/- (अक्षरेपि छ लाख पचास हजार) कानूनबमोजिमको ब्याज भरिपाउने ठहरी सर्लाही जिल्ला अदालतबाट मिति २०७१।७।२७ मा भएको फैसला उच्च अदालत जनकपुरबाट २०७३।१२।६ मा सदर भई अन्तिम भइरहेको देखिने।

उक्त फैसलाबमोजिमको बिगो भरिभराउको लागि दशैं साह बानियाले सर्लाही जिल्ला अदालत तहसिल शाखामा निवेदन दिएको देखिन्छ । सर्लाही जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०७५।६।१ गते प्राप्त गरेको देखिन्छ। निवेदकले मिति २०७५।६।४ गतेका दिन र.नं. १२५३ बाट रौतहट जिल्ला धर्मपुर गा.वि.स. वडा नं. २(ख) कि.नं. ८५७ को क्षे.फ.०-१-१६ जग्गा खरिद गरी सोही जेथाबाट बिगो भराउन निवेदन दिएको देखिने।

कि.नं. ८५७ को क्षेत्रफल ०-१-१६ को जग्गा डाँक लिलाम गरी नपुग बिगोबापत प्रतिवादीलाई कैदमा राखिपाउँ भनी मिति २०७७।१२।२२ मा सिधा खर्च दाखिल गरेको देखिन्छ । कैदमा राख्न नपर्ने कारणसहित ७ दिनभित्र उपस्थित हुनु भनी प्रतिवादीको नाउँमा मिति २०७८।७।३० मा म्याद

तामेल भएको पाइन्छ। सो म्याद तामेल भएपछि रौतहट जिल्ला धर्मपुर गा.वि.स. वडा नं. २ ख कि.नं. ८५८ को क्षेत्रफल ०-२-० जग्गा मिति २०७८।८।९ मा खरिद गरेको देखिन्छ। सोही जग्गाबाट बिगो भरिभराउ गरिपाउँ भनी प्रतिवादीले निवेदन दिएको देखियो। प्रतिवादीको सर्लाही जिल्लामा बसोबास रहेको भन्ने देखिन्छ। रौतहट जिल्ला धर्मपुर गा.वि.स. वडा नं. २(१) मा पर्ने कि.नं. ८५७ को जग्गा बागमती नदी कटानमा रहेको भनी क्षेत्रफल ०-१-१६ को जग्गाको ९ हजार मुल्यमा वादीले सकार गरेको देखिन्छ। नपुग बिगोबापत थुनामा राख्न सिधा खर्चसमेत दाखिल गरेपछि प्रतिवादीले पुन सोही रौतहट जिल्ला धर्मपुर गा.वि.स. वडा नं. २(ख) अन्तर्गतकै कि.नं.८५८ को जग्गा खरिद गरेको त्यस्तो नदी कटानको क्षेत्रको जग्गाबाट बिगो असुल हुने अवस्था नहुने हुँदा फैसला कार्यान्वयनको कार्यलाई अनावश्यक विलम्ब गर्ने उद्देश्यले प्रस्तुत निवेदन दायर गरेको र उच्च अदालतको मिति २०७९।५।१७ को आदेशमा कुनै त्रुटि नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः- लिलाधर सुवेदी

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

### १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CR-०८१५, मानव बेचविखन तथा ओसारपसार, नेपाल सरकार वि. राजकुमारी मुसहर*

प्रतिवादीले पीडित नाम परिवर्तित आरती राजभरलाई बेच्ने उद्देश्यलेसम्म भारत लगेको देखिन्छ। निजले नै बेची पैसा लिएको भन्ने तथ्य स्थापित भएको छैन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१) को (ङ)(१) मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपियाँदेखि एक लाख रूपियाँसम्म जरिवाना हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीका हकमा ऐ. ऐनको दफा १५ (१) को (ङ) (१) को कसुर आकर्षित हुने देखियो। अतः पुनरावेदन अदालत, बुटवलबाट उक्त ऐनको दफा १५ (१) को (ङ)(१) बमोजिम प्रतिवादी राजकुमारी मुसहरलाई सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा मान्न मिलेन।

प्रतिवादी राजकुमारी मुसहरले पीडितलाई बेच्ने उद्देश्यले विदेश भारत लगेको भन्ने कुरा पुष्टि भएको हुँदा नवलपरासी जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम सजाय गरेको फैसला केही उल्टी गरी ऐ. ऐनको १५ (१) को (ङ) (१) बमोजिम निज प्रतिवादी राजकुमारी मुसहरलाई १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ. को दफा १७ बमोजिम प्रतिवादीबाट पीडितलाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२।०१।०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम्।

### १४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-०७२३, ०७३-CR-१६८०, ०७३-CR-१७१६, ०७६-RC-००५०, कर्तव्य ज्यान, नेपाल सरकार वि. रिता भन्ने रितादेवि तिम्सिनासमेत, जयबहादुर तिम्सिना, वि. नेपाल सरकार, सुरज सेनीहाङ लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. देयमाया कडुवाल*

प्रतिवादीहरू प्रकाश भन्ने जयबहादुर तिम्सिना र सुरज लिम्बू भन्ने सुरज सेनीहाङ लिम्बूलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १३(१) नं.

बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू झुमा नेपाल र रितादेवी तिम्सिनालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद र प्रतिवादी बिष्णुमाया पौडेललाई सोही १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने गरी मोरङ जिल्ला अदालतबाट मिति २०७२।२।१० मा भएको फैसलालाई तत्कालीन पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७३।०२।१० मा सदर गर्ने गरी भएको फैसला मिलेकै देखिएकोले सो हदसम्म सदर भई प्रतिवादी देउमाया कडुवाललाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ. १३(४) नं. बमोजिम जन्मकैद गर्ने गरी भएको मोरङ जिल्ला अदालतको मिति २०७२।०२।१० को फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, विराटनगरको मिति २०७३।०२।१० को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी देउमाया कडुवाललाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत :- सीताराम खड्का

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम्।

## १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CR-१२०३, कर्तव्य ज्यान, नेपाल सरकार वि. झक्कबहादुर शाही*

प्रस्तुत वारदातमा प्रतिवादीको मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको रिसइवी नभएको, कुनै जोखिमी हतियार पनि प्रयोग नभएको, तत्काल उठेको रिस थाम्न नसकी हात र लात्तीले हानी काठ र ढुङ्गामा टाउको ठोक्किएर मृतकको मृत्यु हुन गएको देखिन्छ। यस प्रकारको कसुरमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. आकर्षित नभई ऐ.को १४ नं. बमोजिमको कसुर देखिन आयो। अतः प्रतिवादीलाई सुरू दैलेख जिल्ला अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० बर्ष कैद सजाय गर्ने गरी मिति २०७२।०५।२३ मा भएको फैसला पुनरावेदन अदालत, सुर्खेतबाट सदर गर्ने गरेको फैसला मनासिब नै देखिन आयो।

प्रतिवादी झक्कबहादुर शाहीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) बर्ष कैद सजाय गर्ने गरी दैलेख जिल्ला अदालतबाट मिति २०७१।१२।११ मा भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७२।०५।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :-इन्द्रबहादुर कठायत र सीताराम खड्का

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम्।

## १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WH-०२५३, बन्दीप्रत्यक्षीकरण, नवल किशोर साह वि. स्याङ्जा जिल्ला अदालतसमेत*

मु.नं.०७८-WF-००२६, निवेदक परिवर्तित नाम ०७७-०७८/४५(A) को हकमा अधिवक्ता नवल किशोर साह विरुद्ध बाग्लुङ जिल्ला अदालत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०७८।०९।०१ मा यस्तै प्रकृतिको कैद सजाय भएको बालबालिकालाई बालसुधार गृहबाट मुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भइसकेको अवस्था छ। यस अवस्थामा निज परिवर्तित नाम ०७८।०७९ पुतलीबजार थ लाई कैद सजाय गरी बालसुधार गृहमा राख्न पठाउने गरी दिइएको कैदी पुर्जीसमेत मिलेको देखिएन।

सोह्र वर्ष उमेर पूरा नभएका यी निवेदक परिवर्तित नाम ०७८/०७९ पुतलीबजार थ लाई

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (७) बमोजिम कैदमा राख्न मिल्ने अवस्था देखिन नआएकोले कैदको सजाय गरी बालसुधार गृह सराङकोट, कास्कीमा कैद भुक्तान हुने गरी स्याङ्जा जिल्ला अदालतबाट दिइएको च.नं.३४९८ मिति २०७९।०२।११ को कैदीपुर्जीसमेत कानूनसम्मत देखिन आएन। निवेदक परिवर्तित नाम ०७८।०७९ पुतलीबजार थ लाई बालसुधार गृह सराङकोट, कास्कीबाट तुरुन्त मुक्त गरिदिनु, दिलाउनु भनी विपक्षी स्याङ्जा जिल्ला अदालत र बालसुधार गृह सराङकोट, कास्कीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल आषाढ १३ गते रोज २ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CR-०८३५, ०७३-CR-०४१५, ०७५-CR-१०८३, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. शान्ती खत्रीसमेत, शान्ती खत्री वि. नेपाल सरकार, मानबहादुर वि.क. वि. नेपाल सरकार*

प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, पीडित जाहेरवालीको जाहेरी बेहोरा, अदालतसमक्ष भएको प्रमाणित बयान, अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादी शान्ति खत्रीले पीडितलाई प्रतिवादी मानबहादुर वि.क.सँग फोन सम्पर्क गराई सुर्खेतको बसपार्कमा पीडित र प्रतिवादी मानबहादुर वि.क.बिच भेट गराइदिएको भन्ने देखियो। यी प्रतिवादी शान्ति खत्री पीडितसँग साथमा नेपाल भारतको सिमानासम्म गएको भन्ने देखिएको छैन। निज बेचबिखन गर्नको लागि वारदात स्थलमा नगएको र पीडितलाई नेपालगन्जको नेपाल भारत सिमानासम्म लान यी प्रतिवादीको प्रत्यक्ष संलग्नता भएको नदेखिएको र निज प्रतिवादीले मानव बेचबिखनको लागि मतियारसम्मको भूमिका निभाएको देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (ज) मा मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। अतः यी प्रतिवादीको कसुर मतियारसम्मको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (ज) बमोजिम मानव बेचबिखनको मतियारमा प्रतिवादी शान्ति खत्रीलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मनासिब देखिन आयो।

प्रतिवादी मानबहादुर वि.क.लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ)(१) बमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र ऐ.को दफा १७ बमोजिम यी प्रतिवादीबाट जाहेरवालीलाई रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्तिसमेत भराइदिने र प्रतिवादी शान्ति खत्रीलाई ऐ. को दफा १५ (ज) बमोजिम ५(पाँच) वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार) जरिवाना हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१।०२।१४ मा भएको फैसलालाई सदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७२।०३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम्।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०७०-CI-०६३९, निर्णय बदर, विष्णु श्रेष्ठ वि. पंचकृष्ण श्रेष्ठ*

वादी विष्णु श्रेष्ठ र प्रतिवादी पञ्चकृष्ण श्रेष्ठ दुवै जना यहीँ विवादित कि.नं. ४५० को जग्गा आ-आफ्नो नाममा हक कायम हुनुपर्छ भन्ने फिरादसहित एक अर्कालाई प्रतिवादी कायम गरी सुरू भक्तपुर जिल्ला अदालतमा छुट्टाछुट्टै फिराद पत्र लिई गएकोमा सुरू भक्तपुर जिल्ला अदालतले यी वादीको नाउँमा दाबी पुग्ने र सोही जग्गामा निजका भाइ पञ्चकृष्ण श्रेष्ठको दाबी नपुग्ने ठहर गरेकोमा सुरूको फैसला उल्टी गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट निजका भाइको समेत आधा जग्गामा हक कायम हुने ठहरेउपर यस अदालतबाट यसै लगाउको ०७०-CI-०६३८ को निर्णय बदर हक कायम मुद्दामा भएको फैसला सदर हुने ठहरी आजै विस्तृत व्याख्यासहितको फैसला भएकाले प्रस्तुत मुद्दामा सो जग्गामा आफ्नो मात्र एकलौटी हक कायम हुनुपर्छ भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन।

वादी दाबीबमोजिम उक्त विवादित कि.नं. ४५० को जग्गामा फिरादीको नाममा हक कायम हुने ठहरेको सुरूको फैसला केही उल्टी गरी दाबीको आधा जग्गामा मात्र वादीको हक कायम हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।५।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम्।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-१४०२, अंश चलन, पुतली भण्डारी वि. मुक्तिनाथ भण्डारीसमेत*

अंशसम्बन्धी अधिकार जन्मसिद्ध नैसर्गिक अधिकार हो । यो वंशीय हक हो र अंश हक लाग्ने व्यक्तिबाट अंश पाउनुपर्छ भन्ने पूर्वीय हिन्दु विधिशास्त्र एवं नेपाली सम्पत्ति कानूनको मौलिक सिद्धान्त पनि हो । वादी पुतली भण्डारी प्रतिवादी पुरुषोत्तम भन्ने रामप्रसाद भण्डारीको जेठी श्रीमती भएको र निजले हालसम्म अंश प्राप्त गरिसकेको नदेखिँदा निजले आफ्ना श्रीमान् निज रामप्रसाद भण्डारीबाट अंश पाउनुपर्छ भन्ने कुरामा कुनै दुई मत छैन। तर आफ्नो जीवनकालमा बुबा तथा दाजुभाइसँग नगदसम्म बुझी अंश छोडपत्रको भरपाई कागज गरिदिएका यी वादीको नाममा कुनै चल अचल सम्पत्ति रहेको कुरा प्रतिवादीले तायदातीमा नदेखाएको एवं वादी स्वयंले पनि निजका नाममा बन्डा लाग्ने सम्पत्ति देखाउन नसकेको अवस्थामा सम्पत्तिविहीन व्यक्तिबाट अंश भराउन सकिने अवस्था रहेन। यसका साथै पतिले नै आफ्ना बुबा तथा दाजुभाइबाट छुट्टी भिन्न भई अंश छोडपत्रको लिखत साधिकार निकायबाट पारित गराइसकेका अवस्थामा छुट्टी भिन्न भएका सासू ससुरा एवं जेठाजु, देवरको सम्पत्ति बन्डा लाग्ने अवस्था पनि भएन। यदि निजको अंश हक पनि मार्ने नियतले निजका पतिले सो अंश छोडपत्रको भरपाई गरेको भए सो बदर बातिल गराउनेतर्फ निजले समयमा नै साधिकार निकायमा गई उपचार माग गर्न सक्नुपर्नेमा सो पनि गरे भएको देखिएन। यसै गरी कुनै प्रकारको पैतृक सम्पत्ति प्राप्त नगरी बकसपत्रबाट सम्पत्ति प्राप्त गरेकी सौता र मुद्दा परेको लामो अवधिपश्चात् जग्गा खरिद गरेका सौताका छोराहरूको नाममा रहेको सम्पत्ति पनि निजी सम्पत्ति भई बन्डा लाग्ने अवस्थाको नहुँदा सोमा पनि यी वादीको अंश भाग लाग्ने देखिएन।

बन्डा लाग्ने सम्पत्ति देखाई ल्याएका बखत निज वादीले ५ भागको १ भाग सम्पत्ति बन्डा छुट्याई लिन पाउने नै हुँदा हाल वादीको दाबी पुग्न नसक्ने भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८।०८।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र २८ गते रोज ३ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०४४४, ०७८-CR-१३८०, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, लोके भन्ने रवि तामाङ वि. नेपाल सरकार, डिलमाया तामाङ वि. नेपाल सरकार*

प्रतिवादीहरू लोके भन्ने रवि तामाङ र डिलमाया तामाङले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको देखिन आएकोले सोही नम्बरबमोजिम सजाय हुने देखिन आयो । तर प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर भए तापनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा यो संहिता प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय हुने छैन भन्ने व्यवस्था रहेको पाइन्छ । सोही संहिताको दफा १७७(२) मा ज्यान मार्नेसम्बन्धी कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ग) को प्रतिबन्धात्मक वाक्यांश अनुसार साबिक मुलुकी ऐनभन्दा प्रचलित मुलुकी फौजदारी संहिताले घटी सजायको व्यवस्था गरेकोमा घटी सजाय गर्नुपर्ने कानूनी व्यवस्थाबमोजिम पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद नभई जन्मकैदको सजाय मात्र हुने ठहर्छ । सुरूको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।४।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम् ।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-CR-०११९, हाडनातामा जबरजस्ती करणी र ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. परिवर्तित नामथर स्याङ्जा "ङ"*

प्रतिवादीले कुनै मनसाय योजना तयारीका साथ ज्यान मार्ने कार्य गरेको अवस्थामा तेस्रो पक्षको उपस्थितिका कारणले ज्यान बच्न गएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन । ज्यान मार्ने उद्योगजस्तो गम्भीर कसुरमा शंका र अनुमानको भरमा विनाआधार प्रमाण वादीको अभियोग मागदाबीको भरमा कसुर कायम गरी सजाय गर्नु न्यायोचित हुन सक्दैन । पीडितको बकपत्रबाट पनि निजको पेट र साँप्रोमा तातो कुँडो खन्याएको भन्ने देखिनुका साथै सो स्थानमा घाउ भरिन थालेको भन्ने पनि देखिन्छ । उपर्युक्तानुसारको घाउ जाँच रिपोर्ट हेर्दा जघन्य प्रकृतिको र मान्छेको मृत्यु नै हुन सक्ने प्रकृतिको घाउ चोट पनि देखिँदैन । यसका अलावा पीडितलाई मार्नुपर्नेसम्मको नियत राखी तातो कुँडो खन्याएको भन्ने कुरा पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन ।

प्रतिवादीले गरेको क्रियाको परिणाम पीडितको मृत्युसम्म हुन सक्ने सम्भावना नरहेको, ज्यानै लिने नियत र मनसायका साथ वारदात घटित नगरेको तथा तेस्रो पक्षको उपस्थितिबाट पीडितको ज्यान बाँच्न सफल भएको भन्नेसमेतका वस्तुनिष्ठ प्रमाणको अभाव देखिनुका साथै वादी पक्षले सोको स्वतन्त्र प्रमाणबाट पुष्टि गराउन नसकेको अवस्थामा ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरूको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७६।११।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम् ।

**२२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-१२०९, जबरजस्ती*

*करणी, नेपाल सरकार वि. उत्तम राई*

मुख्यतः प्रस्तुत मुद्दामा प्रतिवादी उत्तम राईलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणी महलको ३क नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिन्छ । प्रतिवादी उत्तम राईको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखिँदैन । साथै, निज प्रतिवादीको नाउँमा यस अदालतबाट जारी भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम प्रत्यर्थी झिकाउने सूचना म्याद मिति २०७६।०९।०९ मा तामेल भएको मिसिलबाट देखिए तापनि निज प्रतिवादी यस अदालतसमक्ष उपस्थित नभई म्यादै गुजारी बसेको अवस्था छ। यस अवस्थामा प्रतिवादी उत्तम राईलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुरमा ऐ. महलको ३ नं. को देहाय ५ अनुसार ५ वर्ष कैद हुने तथा पीडितले प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति पाउने ठहर गरी उच्च अदालत विराटनगरबाट भएको फैसलाको हकमा थप विचार गरिरहन नपर्ने।

कसुरदारलाई थप सजाय हुने उल्लिखित जबरजस्ती करणीको महलको ३क नं. को कानूनी प्रावधानको प्रयोजनका लागि पीडित अशक्त, अपाङ्गता भएको व्यक्ति हो भनी पुष्टि हुने प्रमाण वादी पक्षबाट पेस हुनुपर्ने हुन्छ। पीडितको विस्तृत रूपमा स्वास्थ्य परीक्षण भएको पनि छैन भने विशेषज्ञ डाक्टरबाट निजको अशक्तता वा अपाङ्गताको बारेमा निर्क्योल हुन सकेको छैन । पीडितको शारीरिक जाँचसम्म भएकोमा निजको अशक्तता वा अपाङ्गताको बारेमा डाक्टरबाट कुनै तथ्य उल्लेख भएको मिसिलबाट देखिँदैन। अशक्त, अपाङ्गता सम्बन्धमा विशेषज्ञद्वारा प्रमाणित भएको अवस्थामा वा अशक्त, अपाङ्गताको सरकारी परिचयपत्र जस्ता वस्तुनिष्ठ प्रमाण कागजको आधारमा कसुरदारलाई उल्लिखित कानूनबमोजिमको थप सजाय गर्न मिल्ने हुन्छ। पीडितले वा जाहेरवालाले भनेको, अभियोग पत्रमा पीडित अशक्त, अपाङ्गता भएको व्यक्ति रहेको भन्ने उल्लेख भएको आधारमा मात्र कसुरदारलाई थप सजाय गर्न न्यायसम्मत हुँदैन। तसर्थ, प्रमाणबाट पीडित अशक्त वा अपाङ्गता भएको व्यक्ति रहेको भनी प्रमाणित नभएको अवस्थामा उल्लिखित जबरजस्ती करणीको महलको ३क नं. बमोजिम प्रतिवादीलाई थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पीडित साङ्केतिक नाम सीतामाया तामाङ अशक्त, अपाङ्गता भएको व्यक्ति रहेको भनी प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा, प्रतिवादी उत्तम राईलाई जबरजस्ती करणीको कसुरमा तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने तथा पीडितले प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति पाउने र प्रमाणको अभावमा ऐ. महलको ३क नं. बमोजिम थप सजायको अभियोग दाबी सो हदसम्म पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७४।०१।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १३ गते रोज ६ शुभम्।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०८०५, निर्णय दर्ता बदर लिखत बदर हक कायम दर्ता, बिरेन्द्र के.सी. समेत वि. सन्तोषकुमार राजभण्डारी*

प्रत्यर्थी वादीले दाबीको कि.नं.२१३ को जग्गा मिति २०५९।४।९ मा मालपोत कार्यालय कलंकीबाट र.नं.१५३ को लिखत पारित गरिलिई वादीको हक कायम हुन आएको भनी उल्लेख तथ्यमा प्रतिवादीहरूको कुनै प्रतिवाद नहुँदा सो तथ्य निर्विवाद रहेको देखिन्छ । सुरू अदालतबाट मिति

२०६७।१०।२७ मा नक्सा मुचुल्का भइसकेपछि प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएका व्यक्तिबाहेकका रत्नबहादुर खड्का, रेमन्त के.सी. समेतको हक भोग देखिन आएपछि यिनै वादीले सुरू अदालतसमक्ष २०६६ सालको दु.दे.नं. ४८१४ को नापी निर्णय दर्ता बदर, पर्खाल भत्काई बाटो निकास खुलाई हक कायमसमेत मुद्दा र यी वादीले मिति २०६६।३।१६ मा प्रस्तुत मुद्दाको फिराद दायर गरिसकेपछि मुद्दा पर्दापर्दैको अवस्थामा मिति २०६९।११।१७ मा मालपोत कार्यालय कलंकीबाट र.नं.९५३५ ख को हालैको बकसपत्र लिखत पारित गर्दा प्रतिवादी घनश्याम के.सी. ले दिने र रेमन्त के.सी. ले लिने गरी कि.नं. २१७ को जग्गाको हक हस्तान्तरण गरेउपर २०६७ सालको दु.दे.नं. ३९-०६७-०४४५९ हालैको बकसपत्र लिखत बदर गरिपाउँ भन्ने मुद्दा दायर गरेको अवस्था देखिने।

सुरू अदालतबाट मिति २०६७।१०।२७ मा भएको नक्सा मुचुल्कामा न.नं.३५ क्षेत्रफल ०-०-२-० साबिक कि.नं. २१३ हाल कि.नं. ४४६ प्रतिवादी सरस्वती दाहालको भोगमा रहेको, न.नं.३६ क्षे.फ. ०-१-१-३ साबिक कि.नं. २१३ हाल कि.नं.१८७ कान्छी खड्काको भोगमा रहेको, न.नं.३७ क्षे.फ. ०-०-२-२ साबिक कि.नं. २१३ हाल कि.नं.१८८ रत्नबहादुर खड्का, न.नं. ३८ क्षे.फ. ०-१-१-२ साबिक कि.नं. २१३ हाल कि.नं.१६७ बाटो, न.नं. ३९ क्षे.फ.०-१-०-० साबिक कि.नं. २१३ हाल कि.नं. १६८ बाटो र न.नं.४० क्षे.फ. ०-२-०-० साबिक कि.नं. २१३ हाल कि.नं. २१७ रेवन्तको भोगमा रहेको भन्ने देखिन्छ। उपर्युक्त नक्सा रेखाङ्कन साबिक नक्सा एवं हाल कायम नक्सा ओभरल्याप गरी रेखाङ्कन भएको अवस्था देखिने।

तत्कालीन पुनरावेदन अदालत पाटनको आदेश अनुसार मिति २०७२।१।९ मा भइआएको नक्सा मुचुल्का हेर्दा पनि न.नं. ४४ क्षेत्रफल ०-०-२-० कि.नं.२१३ हाल कि.नं. ४४६ सरस्वती दाहालको भोग, न.नं. ४५ क्षेत्रफल ०-१-१-३ साबिक कि.नं. २१३ हाल कि.नं.१८७ कान्छी खड्काको भोग, न.नं.४६ क्षेत्रफल ०-०-२-२ साबिक कि.नं. २१३ हाल कि.नं.१८८ रत्नबहादुर खड्का भोग, न.नं.४७ क्षेत्रफल ०-१-१-२ साबिक कि.नं.२१३ हाल कि.नं.१६७ बाटो, न.नं.४८ साबिक कि.नं. २१३ हाल कि.नं.२१७ रेमन्त के.सी. को भोग भन्ने देखिन्छ। मिति २०६३।६।३ मा राधा बुढाथोकीले कि.नं.१६६ कि.का. गरी कायम कि.नं.२१६ र २१७ को जग्गा प्रतिवादीहरू विरेन्द्र र घनश्यामलाई हक हस्तान्तरण गरी दिएको देखिन्छ । कि.नं.२१७ मा साबिकदेखि नै कम्पाउन्ड पर्खाल रहेको भन्ने पारित लिखतबाट नदेखिएको, कम्पाउन्ड पर्खाल निर्माण सम्बन्धमा नक्सा स्वीकृत भए गरेको भन्ने पनि नदेखिँदा साबिकदेखि नै पर्खाल रहेको भनी मान्न मिल्ने देखिएन । साबिकमा बाटो कायम नभएकोमा हाल वादीको कि.नं. २१३ मध्येकै जग्गामा बाटो बनाई प्रतिवादीहरूले उपभोग गरेको अवस्थासमेत देखिने।

सुरू अदालतबाट मिति २०६७।१०।२७ मा भइआएको नापनक्सा मुचुल्काबमोजिम न.नं. ३५, ३६, ३७, ३८, ३९, र न.नं. ४० वादीको कि.नं.२१३ को जग्गा भन्ने देखिन आएको र तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१।९ मा भइआएको नापनक्सा मुचुल्कामध्ये पनि न.नं. ४४,४५, ४६, ४७ र ४८ का जग्गा वादीको कि.नं.२१३मध्येको जग्गा भन्ने देखिन आएको हुँदा र सो नक्सा मुचुल्का हुँदा वादी प्रतिवादीहरू रोहबरमा रही भए गरेको अवस्था देखिँदा नक्सा रीतपूर्वक भए गरेको भन्ने देखिन आएको हुँदा सुरू अदालतबाट न.नं.३५ देखि ४० सम्मको जग्गाको हदसम्मको निर्णय, लिखतसमेत बदर भई वादीको हक कायम गरी वादीका नाउँमा दर्ता हुनेसमेत ठहर्‍याई भएको फैसला मनासिब नै देखिने।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति

२०६८।१२।१ मा भएको फैसलालाई सदर हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- लिलाधर सुवेदी

कम्प्युटर :- राधिका घोरासाइने

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम्।

साथै यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७३-CI-०८०६, हालैदेखिको बकसपत्र बदर, रेमन्तबहादुर के.सी. समेत वि. सन्तोषकुमार राजभण्डारी

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-०२२१, भ्रष्टाचार (घुस / रिसवत), राजेन्द्रलाल श्रीवास्तव वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी राजेन्द्रलाल श्रीवास्तवले व्यक्तिगत कार्य गर्न गइदिएबापत भाडा, नास्ता खान सम्म रकम लिएको, घुस/रिसवत लिएको हैन भनी कसुरमा इन्कार गरी बयान गरेका छन् । उजुरकर्तालाई पटकपटक अदालतबाट बकपत्रका लागि समय प्रदान गर्दासमेत आफ्नो उजुरी बेहोरा र अख्तियारमा गरेको कागजलाई पुष्टि हुने गरी अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको छैन । बरामदी मुचुल्कामा कोठाबाट रू.३,०००।– लिई प्रतिवादीको कार्यालयको कोठामा राखिदिएको बाहेक अन्य प्रमाणबाट वादी दाबी पुष्टि हुने आधार देखिँदैन। यसप्रकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त गरेको रकमले प्रमाण ग्रहण गर्न नमिल्ने संवैधानिक इजलासबाट न्यायिक सिद्धान्त प्रतिपादन भएको हुँदा प्रतिवादीलाई भ्रष्टाचारजस्तो फौजदारी कसुरमा सजाय गर्नु मनासिब देखिँदैन । पुनरावेदक/ प्रतिवादी राजेन्द्रलाल श्रीवास्तवलाई कसुरदार ठहर गर्ने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसला मिलेको नदेखिने।

प्रतिवादी राजेन्द्रलाल श्रीवास्तवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको ठहर गरी रू.३,०००।– जरिवाना र ५(पाँच) दिन कैदसमेत हुने ठहर गरेको विशेष अदालत काठमाडौंबाट मिति २०७३।०३।२६ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादी राजेन्द्रलाल श्रीवास्तवले प्रस्तुत भ्रष्टाचारको अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत - निरज पोखरेल

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार २१ गते रोज ३ शुभम्।

२५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-००७८, उत्प्रेषणसमेत, रतनलाल संघाई वि. उच्च अदालत पाटनसमेत*

प्रस्तुत विवादमा सम्झौतानुसारको सामग्रीहरू आपूर्ति गर्नुपर्ने अवधि मिति २०७३।०१।२९ भित्र रहेको देखिन्छ। २ पटक गरी मिति २०७३।०३।२२ सम्म करारको म्याद थप गरिएको पाइन्छ। सो अवधिसम्म आपूर्ति गरिएका सामग्रीको भुक्तान गरिसकेको र २ पटक म्याद थप गर्दा पनि करारबमोजिमको सम्पूर्ण कार्य पूरा नगरेको तथा पुनः म्याद थपको लागि निवेदकले निवेदनसमेत पेस नगरेको भन्ने विपक्षी प्रहरी प्रधान कार्यालयको लिखित जवाफमा उल्लेख छ । मध्यस्थता ऐन, २०५५ को दफा ६(१) को कानूनी प्रावधानबाट विवादको समाधान गराउन कारण परेको मितिले ३ महिनाभित्र मध्यस्थता नियुक्तिको प्रक्रिया सुरू गर्नुपर्ने हुन्छ । निवेदकसँगको सम्झौता अन्त्य गर्ने र कार्य सम्पादन जमानतसमेत जफत गर्ने भनी विपक्षीबाट मिति २०७३।०४।०२ मा निर्णय भई मिति २०७३।०४।२४ मा सूचना प्रकाशित भएकोमा यी निवेदकले करार ऐन, २०५६ को दफा ८७(२)

बमोजिमको आदेश जारी गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा मिति २०७।०४।३१ मा निवेदन पेस गरेको भन्ने छ । काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०५।०८ मा उक्त निवेदन खारेज भएपश्चात् मध्यस्थ नियुक्त गरिपाउँ भनी रिट निवेदकले उच्च अदालत पाटनमा मिति २०७३।०६।०६ मा आएर निवेदन पेस गरेको देखिएबाट रिट निवेदक सफा हात लिई अदालत प्रवेश गरेकोसमेत नदेखिई निवेदक स्वयंले सम्झौता परिपालना नगरी बसेको भन्ने देखिएको र निवेदकको कार्य सम्पादन जमानतसमेत जफत भइसकेको स्थिति रहेको हुँदा मध्यस्थता ऐन, २०५५ बमोजिम मध्यस्थ नियुक्ति गरिपाउँ भन्ने निवेदन खारेज गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७३।११।१७ को आदेश त्रुटिपूर्ण नदेखिने ।

पटकपटक म्याद थपपश्चात् पनि सम्झौतानुसारको सामान आपूर्ति हुन नसकेको अवस्थामा सम्झौतामा नै स्पष्ट रूपमा उल्लेख भएको सर्त (सम्झौताको बुँदा नं. १०) बमोजिम रिट निवेदकसँग सम्झौता अन्त्य गर्ने तथा कार्य सम्पादन जमानत जफत गर्ने गरी भएको निर्णय एवं सम्झौता नै अन्त्य भइसकेको अवस्थामा मध्यस्थ नियुक्त गरिपाउँ भन्ने निवेदन खारेज गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसलासमेत निवेदकले दाबी जिकिर लिएजस्तो गैरकानूनी देखिँदैन । कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिँदैन । अब, रिट निवेदकले उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी दाबी गरेको काम कारबाही कानूनसङ्गत देखिई बदर गर्नुपर्ने नदेखिएको यस अवस्थामा सोही काम कारबाहीको सम्बन्धमा निवेदन मागबमोजिम यो यसो गर्नु भनी परमादेशको आदेशसमेत जारी हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने ।

रिट निवेदक नारायणदास श्रीनिवाश फर्मले पटकपटक म्याद थप गर्दासमेत सम्झौतानुसारको सामान आपूर्ति गर्न नसकेको स्थितिमा आपूर्ति भएका सामानको भुक्तानी गरी सम्झौता अन्त्य गर्ने गरी मिति २०७३।०४।०२ मा भएको निर्णय तथा सोसम्बन्धी मिति २०७३।०४।२४ मा प्रकाशित सूचना एवं मध्यस्थ नियुक्त गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।११।१७ मा भएको फैसलासमेत कानूनविपरीत रहेको नदेखिँदा उल्लिखित निर्णय, सूचना एवं फैसलासमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेत निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १० गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७४-WO-०१७०, उत्प्रेषणसमेत, रतनलाल संघाई वि. उच्च अदालत पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## २६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CI-०१४७, घरभाडा दिलाई घरबाट हटाइपाऊँ, रामललित लोध वि. सत्यदेव पाण्डे*

पुनरावेदक प्रतिवादीका बाबुले जग्गा किनेको र आफैँले घर बनाई बसेको भने तापनि त्यसको कुनै प्रमाण पेस भएको छैन । जग्गाको स्रेस्ता हेर्दा विवादित

कि.नं. ३०६ को जग्गाको जग्गाधनी सत्यदेव पाण्डेको नाउँमा दर्ता रहेको पाइन्छ। प्रतिवादीले विवादित जग्गा वादीको नाउँमा रहेको कुरा स्वीकार गरी प्रतिउत्तर फिराएको पाइन्छ। वादीको नाउँमा दर्ता स्रेस्ता रहेको जग्गामा वादीको स्वीकृति सहमति लिई कच्ची घर प्रतिवादीले बनाएको भन्ने कुराको पुष्टि गर्ने प्रमाण प्रतिवादीबाट पेस भएको पाइएन। वादीका साक्षी राजाराम पाण्डेले वादी दाबीलाई समर्थन गर्दै उक्त जग्गामा तीन वटा टहरा घर सत्यदेव पाण्डेले बनाएका हुन् भनी बकपत्र गरेको पाइने।

उल्लिखित तथ्य र प्रमाणहरूबाट वादीको नाउँ दर्ताको कि.नं. ३०६ को घर जग्गामा प्रतिवादीले घर बनाएको भन्ने कुराको प्रमाण प्रतिवादीले पुऱ्याउन सकेको नदेखिएको अवस्थामा वादीको हक दर्ताको घर जग्गामा यी प्रतिवादी अनधिकृत रूपले बसेको तथ्य स्थापित हुन आयो। यस्तो अवस्थामा उक्त कि.नं. ३०६ को घर जग्गाबाट प्रतिवादीलाई हटाई वादीले चलनसमेत पाउने र घर भाडाको हकमा लिखतको अभावमा वादी दाबी नपुग्ने ठहर्छ भनी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।०५।२४ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।०२।२९ को फैसला मनासिब देखियो। पुनरावेदक प्रतिवादीको उक्त फैसलाहरू उल्टी गरी प्रतिउत्तर जिकिरबमोजिम गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू रूपन्देही जिल्ला अदालतबाट वादी दाबीका घरहरू हटाई वादीको नाउँमा चलनसमेत चलाइदिने ठहऱ्याई मिति २०७१।०५।२४ मा भएको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०७२।०२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- सिताराम खड्का
कम्प्युटर :- राधिका घोरासाइने
इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम्।

## २७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री मनोजकुमार शर्मा,** *०७२-CR-१३६१, सवारी ज्यान, नेपाल सरकार वि. विजयकुमार जयसवालसमेत*

मिसिल संलग्न सबुद प्रमाण, कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्तसमेतका आधारमा चालक अनुमतिपत्र नभएका प्रतिवादी विजयकुमार जयसवालले तीव्र गतिमा लापरवाही तरिकाबाट सवारी चलाई मृतक अवधेश ठाकुरको मृत्यु भएको पुष्टि भएको देखियो। अतः निज प्रतिवादी विजयकुमार जयसवाललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा ऐ. को दफा १६१(३) बमोजिम सजाय गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।०३।११ गतेको फैसला मिलेको नदेखिने।

अर्का प्रतिवादी ज्योगेन्द्र साह कलवारको हकमा हेर्दा, प्रतिवादी ज्योगेन्द्र साहले अदालतमा बयान गर्दा मोटरसाइकल मेरो नियन्त्रणमा थिएन। छोराले कहाँबाट ल्याएको हो थाहा भएन भनी इन्कारी बयान गरेका छन्। भारतीय नम्बरको मोटरसाइकल आफैँले भारतबाट खरिद गर्ने उद्देश्यले ल्याएको भनी प्रतिवादी विजयकुमार जयसवालले बयान गरेका छन। मृतकको किरिया खर्च क्षतिपूर्ति रकम ज्योगेन्द्र साहले बुझाएको हुँदा निजको मोटरसाइकल रहेको भनी अभियोग लगाएको देखिन्छ। आफ्नो छोराको हकमा क्षतिपूर्ति रकम तिरिदिएका आधारमा मात्र निजको मोटरसाइकल रहेको भनी मान्न मिल्दैन। निजका नाममा मोटरसाइकल रहेको भन्ने कुनै प्रमाण पेस भएको देखिँदैन। प्रतिवादी ज्योगेन्द्र साहको स्वामित्व तथा नियन्त्रण र सञ्चालनमा नरहेको सो भारतीय नम्बरको मोटरसाइकलको सवारी धनी निज ज्योगेन्द्र साह हुन् भनी मान्न मिलेन। अतः रौतहट जिल्ला अदालतबाट प्रतिवादी ज्योगेन्द्र साह कलवारलाई सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत

हेटौंडाबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी विजयकुमार जयसवाललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ३ महिना कैद र रू.२,०००।- जरिवाना गर्ने गरी भएको रौतहट जिल्ला अदालतको मिति २०६९।०६।२२ को फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।०३।११ मा भएको फैसला केही उल्टी भई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नं. बमोजिम निज प्रतिवादी विजयकुमार जयसवाललाई २ (दुई) वर्ष कैद र ऐ. ऐनको दफा १६१(४) बमोजिम थप रू.२,०००।- (दुई हजार) जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादी ज्योगेन्द्र साह कलवारको हकमा रौतहट जिल्ला अदालतबाट मिति २०६९।०६।२२ मा अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।०३।११ गतेको फैसला मनासिब देखिँदा सो हदसम्म सदर हुने।

इजलास अधिकृत:- सीताराम खड्का

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम्।

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०६२७, जारी, गणेशप्रसाद जैसी वि. लोकबहादुर थापा*

प्रतिवादीहरूले जारी विवाह गरेको हुँदा सजाय गरिपाउँ भनी वादी दाबी लिएको पाइन्छ । वादीका साक्षी दानबहादुर राणाले मिति २०७१।०८।१२ गते विपक्षीमध्येका गणेशप्रसाद जैसीको दिदीको घरमा प्रतिवादीहरू दुवैलाई देखेको हुँ। विपक्षीहरूले वादीकै घरबाट जारी विवाह गरी गएका हुन् भनी बकपत्र गरिदिएको पाइन्छ। अ.वं. १३९ नं. बमोजिम बुझिएका वादी लोकबहादुर थापा र प्रतिवादी बसन्ताका छोरा विमल थापा र छोरी अनिता थापाले बुबा विदेशमा भएको बेला प्रतिवादी गणेशप्रसाद जैसी हाम्रो घरमा आउने र आमासँग सुत्ने गरेका थिए भनी अदालतमा उपस्थित भई बयान गरी दिएको पाइन्छ। वादी विदेश मलेसियामा रोजगारको क्रममा रहेका छन् । श्रीमान् घरमा नभएको अवस्थामा प्रतिवादी बसन्ता थापाले गर्भ निरोधक साधन नरप्लान्ट प्रयोग गरेको तथ्य आधिकारिक रूपमा जिल्ला जनस्वास्थ्य कार्यालयको पत्राचारबाट देखिन्छ। निज प्रतिवादीले गर्भ निरोधक साधन प्रयोग गर्न नपाउने भन्ने होइन। श्रीमान् विदेश रहेको, आफ्नै छोरा छोरीले राति प्रतिवादी गणेशप्रसाद जैसी घरमा आउने, हामीलाई भुइँमा सुताउने र आमा र गणेशप्रसाद जैसीसँगै सुत्थे भनी अदालतमा आई बयान गरेका छन । नाबालकहरूले आफ्नै आमाको विरुद्ध नभएको तथ्य उल्लेख गर्नुपर्ने कुनै कारण देखिन आउँदैन। वादीको घरमा अन्य परिवारहरू रहेको भन्ने पनि देखिन आउँदैन। यस स्थितिमा निज प्रतिवादीले गर्भ निरोधक साधन प्रयोग गर्नुको कारण श्रीमान्को अनुपस्थितिमा गणेशप्रसाद जैसीसँगको सम्बन्ध रहेको तथ्यलाई नै पुष्टि गर्न मद्दत गरेको हुने।

वादीका साक्षीको बकपत्र, प्रतिवादी बसन्ता थापाका छोराछोरीले आमाका विरुद्ध गरेको बयान तथा निजको श्रीमान् विदेशमा गएको अवस्थामा परिवार नियोजनको साधन शरीरमा राखेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी गणेशप्रसाद जैसी र प्रतिवादी बसन्ता थापाले जारी विवाह गरेको देखिँदा वादी दाबीबमोजिम प्रतिवादीहरूलाई तत्कालीन मुलुकी ऐन जारीको महलको २ नं. बमोजिम जनही रू.१,०००।- (एक हजार) जरिवाना र १ (एक) महिना कैद सजाय हुने ठहऱ्याई सुरू दैलेख जिल्ला अदालतबाट मिति २०७२।०२।०५ मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७३।०५।७ मा भएको फैसला मिलेको

देखिँदा सदर हुने ।

तर तत्काल प्रचलित मुलुकी ऐन जारीको महल प्रचलनमा रहेको अवस्थामा मिति २०७१।८।१२ मा सो घटना भएको र उक्त प्रचलित मुलुकी ऐनबमोजिम मुद्दा दर्ता भई जारी गरेमा सजाय हुने कानूनी व्यवस्थाअन्तर्गत सजाय भए तापनि हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ मा जारीसम्बन्धी कुनै कानूनी व्यवस्था गरेको पाइँदैन । वर्तमान प्रचलित संहिताले जारी गरेमा कुनै कानूनी व्यवस्था नै नरहेको स्थितिमा प्रतिवादीहरू गणेशप्रसाद जैसी र बसन्ता थापालाई ठहर भएको जनही १ महिना कैद र रू.१,०००।- जरिवाना केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ बमोजिम कार्यान्वयन गर्न नमिल्ने ।

इजलास अधिकृत - सीताराम खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम् ।

साथै यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ ।

- ०७३-CR-०६२८, लिखित बेइज्जती, गणेशप्रसाद जैसी वि. लोकबहादुर थापा

**२९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-१०८८, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजु तामाङ*

करिब ३ महिनापछि सोची विचार गरी प्रतिवादीउपर जाहेरी दिएको पाइन्छ । प्रतिवादीको स्वास्थ्य स्थिति एउटा खुट्टा कमजोर र छोटो भन्ने खुलेको छ । रातको समयमा जंगलमा गई श्रीमतीलाई मारी आउन सक्ने निजको शारीरिक स्थितिले पत्यारलाग्दो देखिन्न । प्रतिवादी घरमा थिए थिएनन् भनी निजका छोरा छोरीलाई सोध्ने, बुझ्नेसम्मको अनुसन्धान कार्य पनि गरेको देखिँदैन । लामो समयसम्म कर्तव्य गरी मारेको अनुसन्धानबाट खुलाउन नसकेको स्थितिमा वारदात भएको करिब ३ महिनामा दिएको जाहेरीको आधारले प्रमाण सङ्कलन, बुझ्ने आदि भएको देखिन्छ । निज प्रतिवादी वारदातपछि कहीँकतै गएको, भागेको पनि देखिन आएको छैन । शंकायुक्त प्रमाणकै भरमा दोषी ठहर गर्न नमिल्ने ।

घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भएमा पनि यी प्रतिवादीले आफ्नी श्रीमतीलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही छैन । एक्लै महिला घरबाट रक्सी बेच्न ढाँडखोला बजारमा गएको र घरतर्फ फर्कने क्रममा वारदात भएको भन्ने छ । लोग्ने स्वास्नीको बिचमा पहिला भएको सामान्य वादविवादकै कारण कर्तव्य गरी मारेको भनी अनुमानका भरमा जाहेरी दिएको पाइन्छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतमा समेत इन्कारी बयान गरेका छन् । यी प्रतिवादीले कसुर गरेको देख्ने प्रत्यक्ष प्रमाण र भरपर्दो परिस्थितिजन्य प्रमाण वादी पक्षबाट पेस हुन नसकेको ।

प्रस्तुत मुद्दामा पनि शंका र अनुमानको भरमा जाहेरी परी अभियोग दायर भएको देखिएको छ । बुझिएसम्मका प्रमाणहरूबाट प्रस्तुत वारदातमा यी प्रतिवादीको संलग्नता रहेको प्रमाणबाट देखिन आएन । मृतकले रक्सी बेचेर परिवार पाल्नुपर्ने भन्ने देखिन आएको छ । यी प्रतिवादीले वारदात हुनुभन्दा तत्काल अगाडि कुटपिट भएको भन्ने तथ्य पनि खुलेको देखिँदैन । यस्तो अवस्थामा आफैँलाई पालन लालन गर्नुपर्ने श्रीमतीलाई मारेको भन्ने दाबी स्वाभाविक छैन । कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा शंकाको भरमा मात्र कसुरदार ठहर गर्न मिल्ने अवस्था हुँदैन । प्रतिवादीले शंकाको सुविधा पाउने हुँदा तत्कालीन पुनरावेदन अदालत, पाटनबाट यी प्रतिवादी राजु तामाङलाई सफाइ दिने गरी भएको फैसला अन्यथा देखिएन । प्रस्तुत वारदातमा वास्तविक घटना

खुल्न आए कारबाही हुने ।

प्रतिवादी राजु तामाङलाई सफाइ दिने गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७०।१२।०४ मा भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- सीताराम खड्का

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम् ।

### ३०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०६०५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. फुरी शेर्पा*

जाहेरी दरखास्तमा मृतकको कोठाबाट झि-माला, सि-माला, मुगा मालालगायत पैसासमेत गरी रू.२,६०,५०,०००।- बराबरको धनमालहरू चोरी गरेको भन्ने उल्लेख भई सोही रकम बराबरको बिगो कायम गरी अभियोग पत्र दर्ता भएको देखिन्छ । तर चोरी भएको भनिएको दसीका सामानहरू प्रतिवादीबाट बरामद हुन सकेको छैन । प्रतिवादी बस्ने कोठाको खानतलासी पनि भएको छ । अनुसन्धानको क्रममा सङ्कलित कुनै पनि प्रमाणबाट चोरी गरेको अभियोग समर्थित हुन सकेको छैन । प्रतिवादीले के कस्तो अपराध गरेको छ भन्ने प्रमाणबाट पुष्टि गर्नुपर्ने दायित्व वादी पक्षमा नै रहन्छ । कर्तव्य गरी मारेको कसुर र चोरी गरेको कसुर अलग अलग हुन् । एउटै वारदातमा कर्तव्य गरी मारेको भन्ने आधारले मात्र प्रतिवादीले चोरीको कसुर गरेको भन्ने अभियोग पुष्टि हुने होइन । अभियोग दाबी अलग अलग रहेकोमा सो अलग अलग कसुर सबुद प्रमाणबाट नै समर्थित हुनुपर्ने हुन्छ । मिति २०७२।०९।३० मा छोसाङ शेर्पालाई कर्तव्य गरी मारेको भन्ने तथ्य रहेको छ । मिति २०७२।१०।०१ मा प्रतिवादी फुरी शेर्पा बस्ने गरेको कोठा खानतलासी गर्ने कार्य भएको छ । चोरी भएका भनिएका कुनै पनि दसी सामानहरू बरामद भएको छैन । सर्वप्रथम त मृतकको लास भेटिएको कोठामा जाहेरवालीको अभियोग दाबीमा उल्लिखित सामानहरू र नगद रहेको भन्ने पनि वस्तुगत प्रमाणबाट पुष्टि भएको देखिँदैन । प्रतिवादीले चोरी गरी कतै अन्यत्र लुकाएको, राख्न दिएको भन्ने पनि अनुसन्धानबाट खुल्न आएको देखिँदैन । यस्तो अवस्थामा अनुमानको आधारमा प्रतिवादीले अभियोग दाबी अनुसारको बिगो जबरजस्ती चोरी गरेको भनी ठहर गर्न फौजदारी न्यायको सिद्धान्तसमेतबाट मिल्ने देखिएन । तसर्थ, निज प्रतिवादी फुरी शेर्पालाई जबरजस्ती चोरीतर्फको कसुरमा समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०३।२६ मा भएको फैसला सदर गरी उच्च अदालतबाट मिति २०७४।०८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हेमा पाण्डे

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेठ १७ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

### ३१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०९४७, ०७३-CR-१२०५, ०७३-CR-१३२६, ०७९-CR-११२७, मानव बेचबिखन तथा ओसारपसार, टोपबहादुर रायमाझी वि. नेपाल सरकार, मधु गिरी वि. नेपाल सरकार, अरूण पाण्डे वि. नेपाल सरकार, सुकुमारी लिम्बू वि. टोपबहादुर रायमाझीसमेत*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ५ बमोजिम उजुरी परेपछि दफा ६ को उपदफा (१) बमोजिम उजुरकर्ताको

बयान प्रमाणित गर्न अदालतमा पेस गर्नुपर्ने, त्यसरी उपस्थित भएपछि उपदफा (२) बमोजिम न्यायाधीशले बयान प्रमाणित गर्नुपर्ने र उपदफा (३) मा "उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । तर यस्तो प्रमाणित बयान गरेको व्यक्तिको न्यायको रोहमा बकपत्र गराइनु आवश्यक देखिन्छ भने अदालतले झिकाई बकपत्र गराउन नसक्ने भन्ने हुँदैन । यहाँ भएको पनि त्यहीँ छ, प्रतिवादीहरूको इन्कारी र पुनरावेदन जिकिरको रोहमा जाहेरवालाहरूको बकपत्र गराउनु आवश्यक देखी साबिक मुलुकी ऐन अ.वं.११५ बमोजिम जाहेरवालाहरूलाई झिकाउँदा निजहरूमध्ये तीन जना उपस्थित भई तत्कालीन पुनरावेदन अदालत तुल्सीपुर बुटवल इजलासमा मिति २०७३।५।१० मा बकपत्र गरेको देखिन्छ । प्रतिवादीहरू मानव बेचबिखनमा इन्कारी रहेको र जाहेरवालाहरू अदालतमा उपस्थित भई आफूलाई बेचबिखन गर्न लागिएको कुरालाई इन्कार गर्दै आफू स्वेच्छाले तुर्किस्तान जान लागेको भनी किटानी बकपत्र गरेको अवस्थामा निजहरूको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने भन्ने देखिएन । प्रमाणित बयानको अवश्य पनि प्रामाणिक मूल्य हुन्छ तर जब अदालतले जाहेरवालालाई झिकाउँछ उसले उनीहरूको प्रमाणित बयान र बकपत्रमा उल्लिखित कुराहरूलाई समस्टिमा हेर्ने र विश्लेषण गर्न सक्छ । यी दुईमध्ये जुन कथन मिसिलका अन्य तथ्यहरूसँग मेल खान्छ त्यसैलाई बढी महत्त्व दिई अदालतले निर्णय निष्कर्षमा पुग्न सक्छ । अदालतले न्यायलाई सदा सर्वोपरि राखेर काम गर्ने हो । न्यायलाई बिर्सेर कानून मिल्यो न्याय पऱ्यो भनी न्यायको मूल साध्यबाट अदालत पन्छिन मिल्दैन । यहाँ जाहेवालाहरूले बकपत्रको साथ वारदातभन्दा अघि जारी भएका राहदानीको प्रतिलिपि पेस गरेको र त्यही राहदानी प्रयोग गरी विदेश आए गएको देखिन्छ । जाहेरवालामध्ये नाम परिवर्तित एन्जेला ब्रामु, सुकुमारी लिम्बू र सपना भन्ने कमला तामाङले बसोबास कार्ड (RESIDENCE CARD) को प्रतिलिपि पनि मिसिलमा रहेको देखिन्छ। यिनीहरूले आफूहरूलाई शोषण गरियो भनी जाहेरी वा प्रमाणित बयान कतै पनि भनेका छैनन् । मानव बेचबिखनका मुद्दाहरूमा अक्सर हुने शोषणको कुनै कुरा पनि यहाँ रहे भएको नदेखिने ।

प्रतिवादीहरू टोपबहादुर रायमाझी, मधु गिरी र अरुण पाण्डेउपर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुर गरेको आरोप लगाइएको भए तापनि प्रतिवादीहरूले पीडितहरूलाई वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाइ-फकाइ वा झुक्याई, जालसाज प्रपञ्च मिलाई के कार्य गऱ्यो वा उक्त दफा (२)(ख) को कुन कार्य के कारण हुन गयो भन्ने अभियोगपत्रमा स्पष्ट खुल्न सकेको देखिँदैन । पीडित जाहेरवालाहरूको सुरू अदालतमा दिइएको जाहेरी तथा बयान र उच्च अदालतमा दिइएको HOSTILE बकपत्र जस्ता विरोधाभाषजन्य भनाई भन्दा बाहेक आपरिधक कार्य पुष्टि हुने कुनै प्रमाण पेस हुनसकेको छैन । यी प्रतिवादीहरूले पीडितहरूलाई बेचबिखन गर्न भारततर्फ लगेको भन्ने छैन । प्रतिवादीहरू आफैँ वैदेशिक रोजगारको सिलसिलामा पासपोर्ट बनाउने तथा भिसा लगाउने कार्यमा सक्रिय भई म्यानपावर कम्पनीको सम्पर्कमा पुगेका व्यक्तिहरू देखिन्छन् । निजहरूले विगतमा मानव बेचबिखन वा ओसारपसार गऱ्यो भन्ने आरोप पनि छैन र मिसिल संलग्न कुनै वादी वा प्रतिवादीको साक्षी प्रमाण वा कागजबाट सो पुष्टि हुनसकेको अवस्था पनि छैन । यस स्थितिमा यी प्रतिवादीहरूलाई दोषी करार गर्दै जाहेरवालाहरूलाई होस्टाइल बकपत्र गरेको भनी उनीहरूलाई समेत सजाय गर्नु न्यायको रोहमा मिल्ने देखिएन । २०७१ सालदेखि थुनामा रहेका यी प्रतिवादीहरूको विरुद्ध कसुर स्थापित हुने कुनै प्रमाण नभेटिँदा कानूनी

व्यवस्था र न्यायिक प्रक्रियाका कारण लामो समय थुनामा बस्नुपरेकोसमेत देखिने।

प्रतिवादीहरू टोपबहादुर रायमाझी, मधु गिरी र अरुण पाण्डेले परिवर्तित नाम सुकुमारी लिम्बूसमेतका पाँच जना व्यक्तिहरूलाई विदेशमा बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजान लागेको भन्दै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(१)(क) र ४(२) (क) बमोजिमको कसुर गरेको भनी निजहरूलाई सोही ऐनको दफा १५(१)(क) र (ङ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम क्षतिपूर्तिसमेत भराइपाउने अभियोगपत्र पेस भएकोमा निजहरूले उक्त कसुर गरेको स्थापित हुन आएकोले निजहरूलाई जनही १० वर्ष कैद र रू.५०,०००।- जरिवाना भई पीडितहरूलाई प्रत्येकलाई पच्चिस हजारको दरले क्षतिपूर्ति भराउने गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७२।२।१२ को फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।७।३० को फैसला उल्टी भई निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। त्यसै गरी मुख्य प्रतिवादीहरूले सफाइ पाएको हुँदा जाहेरवालाहरू नाम परिवर्तित एन्जिला ब्रामु, सुकुमारी लिम्बू र सपना भन्ने कमला तामाङलाई कसले पुनरावेदन गरेको छ वा छैन भन्ने मात्र कारणले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) को व्यवस्थासमेतको रोहमा झुट्टा बकपत्र गरेको भनी सजाय गर्न नमिल्ने हुँदा सोतर्फ पनि उच्च अदालत तुलसीपुर, बुटवल इजलासको उक्त फैसला उल्टी भई निज जाहेरवालाहरूले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : दिप्ती पौडेल

इति संवत् २०७९ साल चैत्र २० गते रोज २ शुभम्।

## ३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-WO-११०६, उत्प्रेषण, गंगादेवी श्रेष्ठ (धौगोडा) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

यहाँ विवादको मूल विषय नै जोरपाटी-साँखु सडक खण्डको बाटो विस्तारको कुरा रहेको देखियो। सडक विस्तार गर्न आवश्यक भएमा राज्यले सडक विस्तारलगायतको सुधार र विकासका कार्यहरू गर्न व्यक्तिको जग्गा वा घर परेमा कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र प्राप्त गर्नुपर्दछ। नेपालको संविधानको धारा २५ ले सम्पत्तिसम्बन्धी हक प्रत्याभूत गरेको सन्दर्भमा यो कुरा विशेष मननीय छ। विकासको नाममा राज्यले कुनै व्यक्तिको सम्पत्ति जबरजस्ती मर्का पर्ने गरी लिन र कब्जा गर्न मिल्दैन। त्यसमा पनि घरबास भनेको कुनै पनि व्यक्तिको आधारभूत आवश्यकताभित्रको वस्तु हुँदा घरबास भत्काउँदा वा घरबासको जग्गा प्राप्त गर्दा राज्यले अझ बढी संवेदनशीलता देखाउनुपर्ने हुन्छ। सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले "सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नुपरेमा नेपाल सरकारले जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गर्न सक्ने छ।" भन्ने व्यवस्था गरेको देखिन्छ भने जग्गा प्राप्ति ऐन,२०३४ को दफा ३ देखि १६ ले निवेदकहरूको उक्त सडकसीमामा रहेको हकभोग स्वामित्वको घरजग्गालाई सरकारले सार्वजनिक हितको लागि अधिग्रहण गरी प्राप्त गर्नको लागि कानूनले तोकेको प्रक्रिया पूरा गरी निवेदकहरूलाई घरजग्गाको उचित मूल्यको क्षतिपूर्ति दिएर मात्र प्राप्त गर्नुपर्छ भन्ने व्यवस्था गरेको देखिन्छ। जग्गा प्राप्त गर्ने प्रक्रिया जग्गा प्राप्ति ऐन, २०३४, सार्वजनिक सडक ऐन, २०३१, नगर विकास ऐन, २०४५ लगायतका प्रचलित नेपाल कानूनहरूले बृहत राष्ट्रिय वा सार्वजनिक हितका लागि व्यक्तिको अचल सम्पत्ति राज्यले प्राप्त गर्न सक्ने अधिकारका साथै त्यसको कार्यविधि र सीमासमेत निर्धारण गरेको पाइन्छ। ती ऐनहरूमा गरिएका मुख्य व्यवस्थाहरूमा अन्य कुराका अतिरिक्त व्यक्तिको अचल सम्पत्ति प्राप्त गर्नुपर्ने आधार

कारणसहितको सार्वजनिक सूचना जारी गरी सम्बन्धित स्वामित्ववालालाई पूर्वजानकारी गराउने, त्यस्तो सम्पत्तिमा जडित पूर्वाधार हटाई नयाँ बसोबासको व्यवस्थापन गर्नुपर्ने रहेछ भने सोको लागि समय दिने, सम्पत्ति प्राप्त गरेबापत उचित र पर्याप्त क्षतिपूर्ति दिने, त्यस्तो क्षतिपूर्तिको निर्धारण र प्राप्त गर्ने तरिकाका सम्बन्धमा सुसूचित गराउनेलगायतका विषयहरूसमेत समेटिएको पाइन्छ । उक्त व्यवस्थाबमोजिम यस रिट निवेदनमा जग्गा प्राप्ति ऐनको प्रक्रिया सुरू गरेको देखिँदैन । यसरी कानूनबमोजिमको प्रक्रिया सुरू नगरी र क्षतिपूर्तिको कुरा प्रक्रियामार्फत सुनिश्चित नगरी घर जग्गाबाट हटाउनु कानूनसम्मत नहुने ।

जोरपाटी-साँखु सडक खण्डमा दुवैतर्फबाट ११-११ मिटर चिह्न लगाई बाटो विस्तार गर्नुपर्नेमा मिति २०७३।१२।१३ मा सडकको उत्तरतर्फ भने ०० कायम गरी दक्षिणतर्फबाट मात्र दुवैतर्फको ११-११ मिटरको मापदण्डभन्दा पनि विपरीत निवेदकहरूको तर्फबाट मात्र लिने गरी घर घरमा चिह्न लगाइएको भन्ने जिकिर हेर्दा, चावहिल-साँखु सडक २०२२ सालको नापीअघि देखि नै कायम रहेको र २०२२ सालको नापीपश्चात् बाटो बिस्तार गर्दा के-कति जग्गा उक्त समयमा बिस्तार भई घटेको र के-कति जग्गा नघटेको भन्ने सम्बन्धमा २०२२ साल र २०५६-२०५७ सालको नक्सा तुलना गरी उत्तरतर्फका जग्गावालाको जग्गाधनी प्रमाणपत्रसमेत हेरी यकिन गर्न सकिन्छ । यथार्थमा बाटो विस्तार गर्दा विद्यमान सडकको केन्द्रबिन्दुबाट दुबैतर्फ विस्तार गर्ने हो । तर पटकपटक विस्तार हुँदा कसैको दोहोरो पर्ने, कसैको नपर्ने न्यायपूर्ण हुँदैन । सो कुरा काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौं विरुद्ध चतुर्भुज भट्टसमेत भएको रिट निवेदनको बुँदा ५ मा साबिकमा बाटो नभएको क्षेत्रमा व्यक्तिहरूले आफ्नो जग्गा छाडी कायम भएका भित्री बस्तीका बाटो विस्तार गर्नुपूर्व त्यस्तो कायम भएको बाटोमा पहिले के-कुन व्यक्ति वा सँधियारले के-कति जग्गा छोडी बाटोको लागि योगदान पुर्‍याएको हो, सो कुरा यकिन गरी पहिले जग्गा छोड्नेलाई दोहोरो मर्का नपर्ने गरी अघि छाडेको जग्गाको अनुपात मिल्ने गरी मात्र थप बाटो बिस्तार गर्ने भन्ने व्याख्या भएको पाइन्छ । उक्त कुरा यस रिट निवेदनमा समेत सान्दर्भिक हुने ।

जोरपाटी-साँखु सडक बिस्तार गर्ने क्रममा साबिक नक्सासमेत हेरी बुझी कसैलाई पनि दोहोरो मर्का नपर्ने गरी पूर्वनिर्णय हेरी कानूनबमोजिमको प्रक्रिया पूरा गरी, जग्गा प्राप्त गरी बाटोको दुबैतर्फका व्यक्तिलाई न्याय हुने गरी सडक विस्तार गर्नु भन्ने परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :- दिप्ती पौडेल (शाखा अधिकृत)
कम्प्युटर :- पद्मा आचार्य
इति संवत् २०८० साल आश्विन २३ गते रोज ३ शुभम् ।

**३३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०४३०, उत्प्रेषण, यमबहादुर वि.क. समेत वि. मालपोत कार्यालय, रुपन्देहीसमेत*

विवादका कित्ताहरूमा २०२१ सालदेखि जोतभोग गरेको भने पनि विवादित जग्गाहरू नै वन उपभोक्ता समितिले सो जग्गाहरू वनको भई राष्ट्रिय वनकै जग्गा हुनुपर्ने भन्ने निवेदन दिएको आधारमा मिति २०६१।१२।१६ मा बुटवल उपमहानगरपालिकाबाट सिफारिस भएको र सो सिफारिसउपर प्रस्तुत रिट निवेदन मिति २०७५।७।६ मा अर्थात् करिब १४ पछि पर्न आएको देखिन्छ । त्यसै गरी वन उपभोक्ता समितिले दिएको निवेदनको आधारमा बुटवल उपमहानगरपालिकाले सिफारिस गरेको भन्ने अवस्थामा प्रस्तुत रिट निवेदनमा भने रिट निवेदकहरूले उक्त वन उपभोक्ता समितिलाई विपक्षी बनाएको पनि देखिँदैन । साथै निजहरूले जग्गा दर्ता गरिपाउँ भन्ने विषयमा निवेदन दिएकोमा मालपोत कार्यालयले हक बेहकमा सुनाएपछि यी रिट निवेदकहरूले सुरू रूपन्देही जिल्ला अदालतमा हक कायम मुद्दा दायर गरी उक्त अदालतबाट मिति २०६४।१२।६ मा फैसला हुँदा

उक्त जग्गाहरूमा वादी यी निवेदकहरूको हक कायम मागदाबी पुग्न नसक्ने गरी ठहऱ्याएकोमा पुनरावेदन अदालत रूपन्देहीले मिति २०६७।२।२ मा सोही फैसला सदर गरेको देखिन्छ । सोउपर निजहरू यस अदालतमा मुद्दा दोहोऱ्याइपाउँ भनी निवेदन दिँदा मिति २०६७।१२।१८ मा दोहोऱ्याइपाउने निस्सा प्रदान नभएको समेत देखिन्छ। तत्पश्चात् निवेदकहरूले उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा यही विवादित कित्ताका जग्गाहरूलाई लिई अन्तरिम आदेशसहितको निषेधाज्ञा मुद्दा दायर गरी सो मुद्दा निजहरूले तारेख गुजारी मिति २०७८।६।१२ मा तामेलीमा राखिएको देखिने।

यसरी रिट निवेदकहरूले मागदाबीका जग्गाहरूमा मालपोत कार्यालयमा निवेदन दिने, सुरू रूपन्देही जिल्ला अदालत तथा पुनरावेदन अदालत रूपन्देहीमा हक कायम मुद्दा दायर गरेको अवस्थासम्म विवादित जग्गाहरूमा हक कायम हुन नसकेको स्थितिमा प्रस्तुत रिट निवेदनमा उक्त फैसलाहरू बदर हुनुपर्ने भन्ने जिकिर पनि छैन, हक कायम नहुने फैसला भइरहेको स्थितिमा बुटवल उपमहानगरपालिकाले गरेको सिफारिस बदर हुँदैमा के-कसरी जग्गा दर्ता हुनसक्छ, सोबारेमा पनि निवेदकहरूले स्पष्ट गर्न सकेकोसमेत पाइँदैन। त्यसै गरी विवादित कि.नं.१०३ र १०४ को जग्गाहरूमा सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६४।२।२६ मा नक्सा मुचुल्का हुँदा उक्त जग्गाहरू वनको जग्गा रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भइसकेको अवस्थासमेत पाइन्छ । यसरी मालपोतले हक बेहकमा सुनाएको र सुरू जिल्ला तथा पुनरावेदन अदालतसमेतबाट विवादित जग्गामा यी रिट निवेदकहरूको हक कायम नभएको भन्ने तथ्य लुकाइ यस अदालतमा रिट दायर गर्न आएको पाइएबाट पनि निवेदकहरू सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने।

रिट निवेदकहरू यमबहादुर वि.क. र रनबहादुर वि.क.को बाबु क्रमशः लुलबहादुर कामी र बिर्खे कामीले २०२१ देखि जोतभोग गर्दैआएको भन्ने जिकिरसम्म रहेको अवस्थामा जिल्ला रूपन्देही साबिक सेमलार गा.वि.स. वडा नं.२(ग) जितनगर हाल बुटवल नगरपालिका वडा नं.१५ का जग्गाहरू कि.नं.१०४ र कि.नं.१०३ को जग्गा दर्ताको सन्दर्भमा मिति २०६१।१२।१६ मा बुटवल उपमहानगरपालिकाले जितेश्वरी सामुदायिक वन उपभोक्ता समितिद्वारा परेको निवेदनमा कोही कसैको नाममा दर्ता नगराउने भन्ने सिफारिस गरेको र जग्गा दर्ताको विषयमा निवेदकको हक नै स्थापित भएको नपाइएको हुँदा बुटवल उपमहानगरपालिकाले गरेको उक्त सिफारिसबाट निवेदकहरूको संवैधानिक एवम् कानूनी हकमा आघात परेको भन्ने नदेखिँदा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दिप्ती पौडेल

इति संवत् २०८० साल चैत्र १ गते रोज ५ शुभम्।

## इजलास नं.७

### ३४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०७३-CR-००३५, ०७३-CR-००३६, लागु औषध चरेस, देवीसरा डाँगी वि. नेपाल सरकार, रितु के.सी. (बाठा मगर) वि. नेपाल सरकार*

लागु औषध (चरेस) बरामद गरी प्रतिवेदन गर्ने प्रतिवेदक प्र.स.नि. ठक्करबहादुर वलीले मिति २०७१।२।२७ मा बरामद भएको ९ के.जी. लागु औषध (चरेस) मनकुमारी के.सी. को घरबाट बरामद भएको हो भनी अदालतमा बकपत्र गर्दा बेहोरा लेखाएको देखिन्छ। यी प्रतिवेदकले पनि यी पुनरावेदक प्रतिवादीहरूबाट बरामद भएको भनी खुलाउन लेखाउन सकेको छैन । मनकुमारी के.सी. ले मौकामा घटना विवरण कागज गर्दा मिति २०७१।२।२७ मा प्रहरी टोलीले मेरो घर खानतलासी गर्दा ९ के.जी. लागु

औषध फेला परेको र को कस्को मिलेमतोमा कहाँबाट चरेस खरिद गरेर ल्याएको हो थाहा भएन भनी कागज गर्दा बेहोरा लेखाएको देखिन्छ । निजले कागज गर्दा पनि यी पुनरावेदक प्रतिवादीहरूले नै खरिद बिक्री गरेको वा आफ्नो घरमा ल्याएर राखेको हो भनी गढाउ गरी लेखाउन सकेको छैन । यसबाट पुनरावेदक प्रतिवादीहरू देवीसरा डाँगी र रितु के.सी. (बाठा मगर) को कसुरमा संलग्नता रहेको भन्ने वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि हुन नआएको अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूलाई अभियोग दाबीको कसुरबाट सफाइ दिनुपर्नेमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (घ)(४) बमोजिम जनही १ (एक) वर्ष कैद र रू.१५,०००।– (पन्ध्र हजार) जरिवाना ठहर गरेको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको फैसला मिलेको नदेखिने ।

पुनरावेदक प्रतिवादीहरू देवीसरा डाँगी, रितु के.सी. (बाठा मगर) लाई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) र (च) को कसुरमा ऐ. दफा१४(१)(घ)(४) बमोजिम जनही २(दुई) वर्ष कैद र रू.१५,०००।- (पन्ध्र हजार) जरिवाना ठहर गरेको मिति २०७१।९।१७ को फैसला केही उल्टी गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट पुनरावेदक प्रतिवादीहरूलाई सोही दफाबमोजिम जनही १(एक) वर्ष कैद र रू.१५,०००।– (पन्ध्र हजार) जरिवाना ठहर गरेको मिति २०७२।८।२१ को फैसला निजहरूको हकमा मिलेको नदेखिँदा उल्टी भई यी पुनरावेदक प्रतिवादीहरू देवीसरा डाँगी र रितु के.सी. (बाठा मगर) ले अभियोग दाबीको कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत :- भरतकुमार दहाल (उपसचिव)

इति संवत् २०८१ साल मङ्सिर १७ गते रोज २ शुभम् ।

**३५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०७६-CR-०३३१, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सूर्यबहादुर खड्का*

प्रतिवादी मेरो कोठामा आएर मलाई समाई भुइँमा लडाई जबरजस्ती करणी गर्न खोजेको र मैले चिच्याएर कराएपछि प्रतिवादीले मलाई छोडेर गएको भनी पीडितले सुनाएकीले सुनी थाहा पाएको हो भनी मौकामा घटना विवरण कागज गर्ने साङ्केतिक नाम रामपाल र वस्तुस्थिति मुचुल्कामा कागज गर्ने सुदिप श्रेष्ठ र कमला खड्काले अदालतमा बकपत्र गरेको अवस्था छ । प्रतिवादी सूर्यबहादुर खड्का र पीडितबिच पीडितको घरमा हथौडा लिने दिने विषयमा भनाभनसम्म भएको हो । प्रतिवादीले पीडितलाई जबरजस्ती करणी उद्योग गरेको होइन । पीडितले प्रतिवादीलाई फसाउनको लागि मात्र झुट्टा उजुरी दिएकी हुन् भनी प्रतिवादीका साक्षीहरू भीमकुमार थापा, दानबहादुर राई, जयकला राई, योगेन्द्र विष्ट र तिजमाया राईले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिने ।

जाहेरी दरखास्तको बेहोरा हेर्दा प्रतिवादी जाहेरवालाको घरभित्र प्रवेश गरी जाहेरवालालाई दुवै हातले कम्मरमा समाती भुइँमा उत्तानो पारी लडाउन खोज्दा अभियुक्तको पन्जाबाट फुत्किई हार गुहार गरी कराएको कारण प्रतिवादी घटनास्थलबाट भागी गएको भन्ने उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गर्दा प्रतिवादी मौकामा अनुसन्धानको क्रममा बयान गर्दा तथा अदालतसमक्ष बयान गर्दा कसुर गरेमा इन्कार रही बयान गरेको देखिएकोमा जाहेरी दरखास्तको बेहोरा हेर्दा प्रस्तुत वारदातमा प्रत्यर्थी प्रतिवादीले पीडितलाई कम्मरमा समाएर उत्तानो पार्न खोजेको मेरो संवेदनशील ठाउँहरूमा समाएको भनी पीडितले लेखाएको अवस्था छ । संवेदनशील अङ्ग छुने कार्य वारदातको समयमा विद्यमान मुलुकी ऐन आसय करणीको महलको १ नं. को व्यवस्थाबमोजिम आसय करणीको महलको परिभाषाभित्र पर्ने प्रकृतिको देखियो । कानूनले नै प्रस्ट रूपमा उल्लेख गरेको विषयमा सोही रूपमै हेरिनुपर्दछ

अन्यथा व्याख्या गर्न मिल्दैन । यस अवस्थामा कानूनको गलत अर्थ गरी कसुर कायम गर्नु उचित हुँदैन। प्रस्तुत वारदातमा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुर कायम गरी सजाय गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहसमा सहमत हुन नसकिने।

प्रस्तुत वारदातमा जबरजस्ती करणी उद्योगको कसुरमा प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने भई प्रतिवादी सूर्यबहादुर खड्काले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रस्तुत मुद्दा आसय करणीमा परिणत हुने ठहरी सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७५/५/१३ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५/१२/५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल
कम्प्युटर : चन्द्रावती तिमल्सेना
इति संवत् २०८१ साल असोज ६ गते रोज १ शुभम।

३६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७८-CR-१०५१, ०७८-CR-१२२१, कर्तव्य ज्यान, शत्रुधनकुमार पण्डितसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अमरेन्द्रकुमार पण्डितसमेत*

फौजदारी कसुर (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइ सजाय हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादी ज्ञानेन्द्र पण्डितको हकमा दुई तिहाइले कैद वर्ष ६(छ) महिना ८(आठ) हुने ठहऱ्याएको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको फैसला मनासिब नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीमध्येका विजय साह कलवार र लालबाबु साहउपरको अभियोग दाबी पुग्न नसकी सफाइ पाउने, प्रतिवादीहरू अमरेन्द्रकुमार पण्डित, ज्ञानेन्द्र पण्डित र शत्रुधन पण्डितको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम हुने सजायमा प्रतिवादीहरूलाई जनही दश वर्ष कैद सजाय हुने ठहर गरी मिति २०७६।०२।१९ मा भएको फैसलामा प्रतिवादी ज्ञानेन्द्र पण्डेलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम कैद सजायको दुई तिहाइले कैद वर्ष ६(छ) महिना ८(आठ) हुने र अन्य प्रतिवादीहरूको हकमा सदर ठहऱ्याई उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७७।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सरिता रिजाल
कम्प्युटर :- सरस्वती दाहाल
इति संवत् २०८१ साल साउन ३२ गते रोज ६ शुभम्।

**३७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७३-CI-१६११, दूषित लिखत निर्णय पत्र बदर, शेरबहादुर थापा वि. जिल्ला शिक्षा कार्यालय, चितवन, भरतपुरसमेत*

मिति २०६७।४।११ मा त्रिवेणी बराह माध्यमिक विद्यालय व्यवस्थापन समितिको बैठकबाट स्वर्गीय नन्दप्रसाद त्रिपाठीको जेठो छोरा कृष्णप्रसाद त्रिपाठीले आफ्नो पिता नन्दप्रसाद त्रिपाठीको नाम विद्यालयको नाममा समावेश गर्ने प्रयोजनका लागि

विद्यालयको खातामा एघार लाख रूपियाँ जम्मा गरी विद्यालयलाई सहयोग गरेकोले विद्यालयको नामको पछाडि दाताको नाम थप गरी श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी मा. वि. कायम गर्ने निर्णय गरी उक्त विद्यालयको च. नं. ५४/२०६७ मिति २०६७।४।१९ को पत्र अनुसार विद्यालयको नामको पछाडि दाताको नाम समावेश गरी विद्यालयको नाम श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी मा. वि. कायम गर्न जिल्ला शिक्षा कार्यालयलाई पत्राचार गरेको देखिन्छ। त्यस्तै दारेचोक गाउँ विकास समितिको कार्यालयको च. नं. ५५ मिति २०६७।४।२० को पत्र अनुसार सहयोग दाता कृष्णप्रसाद त्रिपाठीले विद्यालयको नाममा एघार लाख रूपियाँ जम्मा गरेकोले विद्यालयको नाम श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी मा. वि. कायम गरिदिन भनी पत्राचार गरेको देखिन्छ। विद्यालय तथा गाउँ विकास समितिले विद्यालयको नाम श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी मा. वि. कायम गर्न पेस गरेको सिफारिसका आधारमा जिल्ला शिक्षा कार्यालय चितवनले शिक्षा मन्त्रालयमा सिफारिस गरी सोही सिफारिसका आधारमा शिक्षा मन्त्रालयबाट शिक्षा नियमावली २०५९ को नियम १५४ बमोजिम श्री त्रिवेणी बराह मा. वि. को नाम श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी मा. वि. कायम गर्ने निर्णय भएको देखिने।

वादीले दाबी गरेजस्तो विद्यालयको खाताबाट कृष्णप्रसाद त्रिपाठीको भाइ बुहारी ज्ञानु पाण्डेको नाममा चेक काटी सोही रकम कृष्णप्रसाद पाण्डेको नामबाट विद्यालयमा सहयोग प्राप्त भएको देखाइएको भए विद्यालयको आन्तरिक हिसाब मिलान नभई लेखापरीक्षण गर्दा बेरुजुसमेत देखिनुपर्ने थियो। त्यस सम्बन्धमा बेरुजु आएको भनी कतै उलेख भएको पाइँदैन। विद्यालयको रकम विद्यालयलाई नै दान दिएको भनी वादीले वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको पनि पाइँदैन। यसरी अनुमानकै भरमा विद्यालयको रकम विद्यालयलाई दान दिई सोही आधारमा विद्यालयको नामको पछाडी नन्दप्रसाद त्रिपाठीको नाम राखेको भन्ने वादीको दाबीमा कुनै आधारसमेत नदेखिने।

त्रिवेणी युवा क्लवसमेतले विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा उक्त समितिको सिफारिसलाई आधार बनाएर जिल्ला शिक्षा कार्यालय, चितवनबाट शिक्षा मन्त्रालयलाई गरिएको अनुरोध र शिक्षा मन्त्रालयबाट सो सम्बन्धमा भएको निर्णय र सोही निर्णयलाई अनुसरण गरेर जिल्ला शिक्षा कार्यालय, चितवनबाट विद्यालयको नाम परिवर्तन गर्ने गरी भएका निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी विद्यालयको सुरूको नाम नै कायम गर्न परमादेशको आदेश जारी गरिपाउँ भनी यस अदालतमा परेको ०६७-WO-११४७ को रिट निवेदन दायर गरेकोमा विद्यालय व्यवस्थापन समिति एवम् सम्बन्धित गाउँ विकास समितिको कार्यालयसमेतको सिफारिसबाट दाताले दिएको दान रकमसमेतको आधारबाट जिल्ला शिक्षा कार्यालय चितवनको पत्रबाट शिक्षा मन्त्रालयबाट शिक्षा नियमावली, २०५९ को नियम १५४ बमोजिमको प्रक्रिया पूरा भएको अवस्था देखिएकोले रिट निवेदन खारेज हुने भनी यस अदालतबाट मिति २०७१।०७।०२ मा विद्यालयको नामको पछाडि नन्दप्रसाद त्रिपाठी थप्न मिल्ने भनी आदेश भई सो विवादको निरूपण भएको देखिने।

विद्यालयको नामकरण सम्बन्धमा सर्वोच्च अदालतबाट उत्प्रेषण परमादेशको आदेशबाट निरूपण भइसकेको विषय देखिएको र फिरादपत्रमा दाबी लिइएको दूषित तत्त्व वादीले पुष्टि गर्न सकेको नदेखिँदा फिराद दाबी पुग्न नसक्ने ठहर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।०९।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०८१ साल वैशाख ३१ गते रोज २ शुभम्।

**इजलास नं. ९**

**३८**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०५१२, सरकारी खोला दर्ता बदर, खर्कबहादुर कामी वि. कुलविर कामीसमेत*

सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति, २०५६ को दफा ३ मा आयोगको काम कर्तव्य र अधिकारसम्बन्धी भएको व्यवस्थाअनुरुप प्रस्तुत मुद्दामा विवादित रहेको कि.नं. १४८ को जग्गा ऐलानी वा पर्ती नभई सार्वजनिक प्रकृतिको खोलाको जग्गा भएकोले उक्त जग्गा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई वितरण गर्न मिल्ने प्रकृतिको जग्गा रहेको नदेखिएको तथा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई वितरण गर्न नमिल्ने जग्गा प्रतिवादीलाई वितरण गर्ने अधिकार सुकुम्बासी समस्या समाधान आयोगको काम, कर्तव्य र अधिकारभित्र नरहेकोमा उक्त आयोगले प्रतिवादीलाई विवादित जग्गा वितरण गरेको देखिन्छ । यसरी अधिकारक्षेत्र नै नभएको विषयमा गरेको उक्त निर्णय कानूनसम्मत देखिएन । यसै गरी यस अदालतबाट प्रतिपादित सिद्धान्तले सुकुम्बासी समस्या समाधान आयोगलाई कानूनको अधीनमा रही ऐलानी वा पर्तीलगायतका अन्य प्रकृतिका जग्गाहरू सुकुम्बासीहरूलाई वितरण र बिक्री गर्ने अधिकार रहेको भनी उल्लेख गरेको देखिन्छ । प्रस्तुत मुद्दामा दाबी गरिएको जग्गा सार्वजनिक प्रकृतिको खोलाको जग्गा देखिँदा उक्त नजिरमा उल्लिखित मुद्दाको प्रकृति र प्रस्तुत मुद्दाको प्रकृति फरक रहेको देखिन्छ। साथै उक्त मुद्दामा जग्गा वितरण सुकुम्बासीलाई गरिएको र प्रस्तुत मुद्दामा निज सुकुम्बासी नरहेको स्पष्ट देखिन्छ। मुद्दामा विवादित कि.नं. १४८ को जग्गा पुनरावेदक प्रतिवादीको आफ्नो बुवा धनबहादुर कामीको नाउँमा कि.नं. १३४ र कि.नं. २०२ को साँध सिमानामा रहेको लिगढिकको तत्काल दर्ता हुन छुट भएको जग्गा दर्ता भएको कुरालाई स्वीकार गरेको अवस्था देखिएको हुँदा निज सुकुम्बासी हो भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट स्थापित हुन सक्ने देखिँदैन । नेपाल सरकारको स्वामित्वमा रहेका ऐलानी पर्ती जग्गा सुकुम्बासी समस्या समाधान आयोगले सुकुम्बासीलाई दिन सक्ने सम्बन्धमा केही भन्न नमिल्नेसम्ममा उक्त नजिर प्रासङ्गिक देखिए पनि जग्गा भएको व्यक्तिलाई सुकुम्बासी समस्या समाधान आयोगले जग्गा दर्ता गर्न मिल्ने देखिँदैन । यसै गरी विवादित कि.नं.१४८ को जग्गा सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति, २०५६ को दफा ३ मा उल्लिखित आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी भएको व्यवस्थाअनुरूपको कुनै पनि प्रकारको जग्गा रहे भएको नदेखिँदा उक्त आयोगले आफ्नो उद्देश्यभन्दा फरक रूपमा जग्गा भएको व्यक्तिलाई सुकुम्बासी हो भनी सुकुम्बासीलाई दिनुपर्ने जग्गा वितरण गरेको देखिने।

भेरी अञ्चल सुर्खेत जिल्ला सहारे पञ्चायत वडा नं. ८ क को मिति २०४२ मा भएको ट्रेस नक्सामा विवादित कि.नं.१४८ को जग्गा खोलो भनी सङ्केत चिह्नमा जनाएको, सर्भे नापीको फिल्डबुक र अदालतबाट मिति २०७२।०१।०९ मा भएको डोर नक्सा मुचुल्कामा समेत उक्त जग्गा खोला भनी जनाएको देखिन्छ । नापी भई फिल्डबुक तयार हुँदा उक्त जग्गा खोलो नभई आफ्नो जोत भोग तथा दर्ता हुन छुट भएको जग्गा भएको भए मौकामै सोको दाबी विरोध गर्न सक्ने भए तापनि सो नगर्नाका कारणसमेत प्रतिवादीले खुलाउन सकेको पाइँदैन । फिल्डबुक तेरिजको पाना नं.१४ मा तथा साबिक बसोबास तथा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति सुर्खेतको पञ्जिका विवरणमा समेत विवादित जग्गा खोलो भनी जनिएको देखिएबाट उक्त विवादित जग्गा प्रतिवादीको नाउँमा दर्ता गरेको कार्य कानूनसम्मत भएको नदेखिने।

विवादित कि.नं. १४८ को जग्गाको साबिक हक भोगको स्रोतको प्रमाण प्रतिवादीले देखाउन र पेस गर्न नसकेको, उक्त जग्गाको सर्भे नापी हुँदा तयार भएको फिल्डबुकमा खोला खोल्सी भनी जनिएको, प्रतिवादीको बुवाको नाउँमा कि.नं. १३४ र कि.नं. २०२ को जग्गा दर्ता रहेको तथा दाबीको कि.नं. १४८ को जग्गा छुट जग्गा दर्ताको रूपमा दर्ता गर्ने अधिकार कानूनतः सुकुम्बासी समस्या समाधान आयोगलाई नभएको विवादित जग्गामा वादीहरू स्वयम्को घर भई निजहरूले उक्त जग्गा सार्वजनिक जग्गा हो भनी लेखाएको र पुनरावेदन अदालत सुर्खेतबाट भइआएको नाप नक्सा मुचुल्कामा समेत उक्त जग्गा सार्वजनिक प्रकृतिको जग्गा रहेको भनी पुष्टि भइरहेको अवस्थामा विवादित कि.नं.१४८ को जग्गालाई लिगढिकको जग्गा भनी प्रतिवादी खर्कबहादुर कामीको नाउँमा सुकुम्बासी समस्या समाधान आयोगबाट दर्ता गरिदिने गरी भएको निर्णयलाई मान्यता दिई मिति २०७०।११।०६ मा सुर्खेत जिल्ला अदालतबाट भएको फैसला उल्टी भई कि.नं. १४८ को खोलो र सो आसपासको सरकारी जग्गामा बनेका घर टहराहरू नालेस उजुर परेका बखत कानूनबमोजिम हुने गरी उक्त कि.नं.१४८ को ज.रो. ८-८-१-२ को खोला र सो आसपासका जग्गा सरकारी सार्वजनिक जग्गा हुने गरी मिति २०७२।०३।१५ मा तत्कालीन पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : जोवन काफ्ले

कम्प्युटर : बिष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० भाद्र ४ गते रोज २ शुभम्।

**३९**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-१०१६, उत्प्रेषण, बिमलाकुमारी देवी वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, राजविराज, सिराहासमेत*

सिराहा जिल्ला अदालतले मिति २०७२।१।१५ मा प्रतिवादी शत्रुधन चौधरीको नाममा बिगो र कोर्ट फी बुझाउने ३५ दिने सूचना जारी गरेकोमा यी प्रतिवादीले उक्त सूचना बुझेको मिसिल संलग्न कागजबाट देखिन्छ । यस्तै सिराहा जिल्ला अदालतबाट मिति २०७२।११।२१ मा जायजातको लागि अड्डाबाट डोर पुर्जीसमेत जारी भई महदेवा पोर्ताहा गा.वि.स.को कार्यालयलाई जायजात डोरको लागि प्रतिनिधि पठाइदिनु भनी पत्राचार गरिएको च.नं.तहसिल-१ को पत्र मिति २०७२।११।१८ मा गा.वि.स. को कार्यालयले बुझेको देखिन्छ । मिति २०७२।११।२२ मा जायजात गर्दा स्थानीय भद्रभलादमीको उपस्थितिमा कि.नं. ६७१ ज.वि. ०-१-० को प्रतिकट्ठा रू.६०,०००।- (साठी हजार) जाने कि.नं. ७७३ ज.वि.०-०-१७, कि.नं. ७७४ ज.वि.०-०-१०.५ जग्गाको मोल प्रतिकट्ठा रू.१,५०,०००।- (एक लाख पचास हजार) देखि रू.३,००,०००।- (तिन लाख) सम्मको मूल्य तोकी जायजात मुचुल्का भएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । उक्त जायजात मुचुल्का बेरितको हुँदा बदर गरिपाउँ भनी प्रतिवादी विपक्षीले मिति २०७२।१२।५ मा जिल्ला अदालतमा निवेदन दिएकोमा कि.नं. ६७१ ज.वि.०-१-० को प्रतिकट्ठा रू.७०,०००।- (सत्तरी हजार) कायम गरेको थियो भने कि.नं. ७७३ ज.वि.०-०-१७, कि.नं.७७४ ज.वि.०-०-१०.५ को मोल प्रतिकट्ठा रू.३,००,०००।- (तीन लाख) गरी मिति २०७२।१२।१४ मा पञ्चकिर्ते मूल्याङ्कनको कार्य सम्पन्न भएको पाइन्छ । तर यी विपक्षी प्रतिवादीले पञ्चकिर्ते मूल्याङ्कन बदरसम्बन्धी निवेदन दिएको देखिँदैन । यसपश्चात् कि.नं. ६७१, ७७३ र ७७४ को जग्गामा बाटोको सुविधा रहेको भन्ने कुनै किसिमको प्रमाण पेस गर्न नसकेको भनी मिति २०७३।२।२१ मा जायजात मुचुल्का बदर गर्न मिलेन भनी सिराहा जिल्ला अदालतबाट आदेश भएपछि यी प्रतिवादीले कि.नं. ६७१ जग्गा बाटोले छोएको र मोल प्रतिकट्ठा १५ लाखदेखि १७ लाखसम्म एवं कि.नं. ७७३ र ७७४ जग्गाको मोल प्रतिकट्ठा २० लाखदेखि

२२ लाखसम्म पर्ने भन्ने खुलाई मिति २०७३।३।२ को सर्जमिन मुचुल्का र मिति २०७३।३।३ को गा.वि.स. को सिफारिस तथा साँध सँधियारको राजीनामाको प्रतिलिपि ल्याई मिति २०७३।३।६ मा तत्कालीन पुनरावेदन अदालत राजविराजमा अ.बं.१७ नं. बमोजिम निवेदन दिएको मिसिल कागजबाट देखिने।

यस दृष्टिकोणबाट सिराहा जिल्ला अदालतको तहसिल फाँटले माथि उल्लिखित कानूनी प्रक्रिया पूरा गरी रीतपूर्वक प्रतिवादीलाई ३५ दिने सूचना दिई, अदालतले डोर पुर्जी जारी गरी, स्थानीय प्रतिनिधिलाई जानकारी दिई स्थानीय बासिन्दाहरूको उपस्थितिमा मिति २०७२।११।२२ मा जायजात मुचुल्का गरेको तथ्यलाई अन्यथा भनी भन्न मिल्ने देखिँदैन। यसरी रीतपूर्वक भएको जायजातउपर सुरू उजुर गर्दाकै बखत प्रमाण कागज संलग्न नगराई सुरू जिल्ला अदालतबाट मिति २०७३।२।२१ मा आदेश भइसकेपछि मिति २०७३।३।२ को सर्जमिन मुचुल्का र मिति २०७३।३।३ को गा.वि.स. को सिफारिससमेतका प्रमाण पेस गरी तत्कालीन पुनरावेदन अदालत राजविराजमा १७ नं. बमोजिमको निवेदन दिनुलाई न्यायको रोहमा उचित मान्न नमिल्ने।

फैसला कार्यान्वयनको क्रममा मिति २०७२।१२।१४ मा पञ्चकिर्ते मूल्याङ्कन भएकोमा उक्त मूल्याङ्कनउपर विपक्षी प्रतिवादीको कुनै उजुर परेको नदेखिँदा सो पञ्चकिर्ते मूल्याङ्कन अन्तिम भइबसेको पाइन्छ। यसपछि मिति २०७३।२।३२ मा डाँक लिलामको १५ दिने सूचना प्रतिवादीलाई दिई डाँक लिलाम बढाबढको क्रममा रू.५,९३,०४८।८६ मध्ये रू.४,८२,५००।- मा कि.नं. ६७१ ज.वि. ०-१-०, कि.नं. ७७३ ज.वि. ०-०-१७, कि.नं. ७७४ ज.वि. ०-०-१०.५ जग्गा खाम्ने भए तापनि रू.५००।- बढी जम्मा रू.४,८३,०००।- मा उक्त जग्गाको डाँक लिलाम भएको देखिन्छ। सोही दिन तेस्रो पक्ष आनन्दकुमार चौधरीले डाक सकार गरेको, मोलको १० प्रतिशत रकम रू.४८,३००।- (अठ्चालिस हजार तीन सय) अड्डामा दाखिल गरी बाँकी ९० प्रतिशत रकम रू.४,३४,७००।- (चार लाख चौँतिस हजार सात सय) रुपियाँ ७ दिनभित्र दाखिल गर्ने गरी मुचुल्का खडा भई मिति २०७३।५।२६ मा धरौटी नं.६९५४ बाट रू.४,३४,७००।- दाखिल गरेको देखिएबाट यी निवेदक वादीको बिगो असुल भइसकेको देखिन्छ। यसका साथै विपक्षी प्रतिवादीले उक्त बेरितको डाँक लिलाम बदर गरिपाउँ भनी मिति २०७३।५।३१ मा सिराहा जिल्ला अदालतमा निवेदनसमेत दिएको मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। प्रतिवादीले सिराहा जिल्ला अदालतको मिति २०७३।२।२१ को आदेशउपर मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम उच्च अदालत जनकपुर राजविराज इजलासमा निवेदन दिएकोमा मिति २०७३।११।१२ गते जायजात रीतपूर्वकको नभएको भनी पुन: जायजात गर्नु भन्ने आदेश भएको देखिने।

विवादित जायजात मुचुल्का कानूनबमोजिम रहेको भन्ने पुष्टि भएको र जायजात मुचुल्का बदरउपरको अ.बं. को १७ नं. को निवेदनउपर उच्च अदालत जनकपुर राजविराज इजलासबाट आदेश हुनुपूर्व नै लिलामको कार्य सम्पन्न भई सो लिलामी निर्णयउपर विपक्षी प्रतिवादीको लिलाम बदरको निवेदन परी सो प्रक्रिया चलिरहेको अवस्थामा सो सम्बन्धमा कानूनबमोजिम उपर्युक्त निर्णय हुने नै देखिँदा उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७३।११।१२ मा भएको पुन: जायजात तायदात गर्ने आदेश कानूनसम्मत भएको नदेखिएकोले उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत :- खेमकुमारी बस्नेत, रेश्मा बुद्धाचार्य

इति संवत् २०८० साल असोज ७ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७३-WO-१०१५, उत्प्रेषण, बिमलाकुमारी देवी वि. उच्च अदालत जनकपुर, राजविराज इजलास राजविराज, सिराहासमेत

## ४०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०७२२, उत्प्रेषणसमेत, ह्यात रिजेन्सी होटलसँगै रहेको प्राइड इन्टरटेन्मेन्ट एण्ड रिक्रिएसन प्रा.लि.समेत वि. श्रम अदालत काठमाडौंसमेत*

निवेदक प्रतिष्ठानले मिति २०७३।३।२ मा निर्णय गर्दा श्रम ऐन, २०४८ को दफा ५१(ग) बमोजिम खराब आचरण गरेको भनी सोही ऐनको दफा ५२(४) बमोजिम सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको पाइन्छ । कसैले चोरी गरेको वा नगरेको भन्ने विषयसम्बन्धी निर्णयमा पुग्नका लागि कानूनले नै चोरी कसुरका सम्बन्धमा नेपाल सरकार वादी भई मुद्दा दायर हुने र सम्बन्धित जिल्ला अदालतबाट सो विवादको निरूपण हुने भन्ने व्यवस्था गरेको छ । बरामद भएको बदाम चोरी गरेको भन्ने निवेदक प्रतिष्ठानको दाबी रहेको छ भने उक्त बदाम चोरी गरेको होइन किनेर ल्याएको हो भन्ने जिकिर विपक्षी सुदर्शन हुमागाइको रहेको देखिन्छ । यस स्थितिमा प्रमाणको मूल्याङ्कन गरी पहिला "चोरी गरेको हो होइन" भन्ने विवादको निरूपण साधिकार निकायबाट हुनुपर्नेमा निवेदक प्रतिष्ठानले विपक्षीको स्पष्टीकरणलाई आधारहीन र भरपर्दो प्रमाण नभएकोले खराब आचरण गरेको भनी सेवाबाट हटाउने निर्णय गरेको न्यायोचित देखिएन । चोरी गरेको वा नगरेको भन्ने कुरा प्रमाणित गर्नका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम जाहेरी दिई सोअनुरूपको कानूनी प्रक्रिया अगाडि बढाई साधिकार निकायबाट निर्णय भएपछि मात्र प्रतिष्ठानले चोरी कसुर ठहर भई निर्णय भएको खण्डमा श्रम ऐन, २०४८ को दफा ५१(ग) अनुसार प्रतिष्ठानको सम्पत्ति चोरी गरेको भनी खराब आचरणमा कारबाही गरी सजायको प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ तर प्रस्तुत निवेदनमा उल्लिखित चोरी विवादका सम्बन्धमा अधिकार प्राप्त निकायबाट निर्णय नगरी प्रतिष्ठान स्वंयम्ले विपक्षी सुदर्शन हुमागाईलाई प्रतिष्ठानको सम्पत्ति चोरी गरेको भनी खराब आचरण ठहर्‍याई सेवाबाट हटाउने गरी गरेको निर्णय कानूनसम्मत रहेको नदेखिँदा निवेदक प्रतिष्ठानको मिति २०७३।३।२ को निर्णयलाई बदर गर्ने गरी श्रम अदालतले गरेको फैसला कानूनसम्मत मिलेको देखिँदा निवेदन दाबीबमोजिम बदर हुने नदेखिने ।

तसर्थ, विवादित बदाम चोरीको विषय साधिकार निकायबाट निरूपणविना नै श्रम ऐन, २०४८ को दफा ५१(ग) बमोजिम प्रतिष्ठानको सम्पत्ति चोरी गरेको भनी ठहर गरी निवेदक प्रतिष्ठानबाट मिति २०७३।३।२ मा विपक्षी सुदर्शन हुमागाईलाई सेवाबाट हटाउने गरी गरेको निर्णय त्रुटिपूर्ण हुँदा सो निर्णयलाई बदर गरिदिएको श्रम अदालतको मिति २०७४।४।२६ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ १८ गते रोज ४ शुभम् ।

## ४१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०१७१, अंशचलन, पेमा धोर्जे तामाङसमेत वि. हिरामाया तामाङसमेत*

पुनरावेदक प्रतिवादीले आफू वादीहरूसँग २०३० सालबाट अलग बसेको, पैतृक सम्पत्ति भएको स्थानभन्दा अलग वडामा बसेको, आफूले सिकर्मीको काम गरी विभिन्न सम्पत्ति जोडेकोसमेतका आधारबाट आफ्ना नाममा भएका सम्पत्तिहरू बन्डा हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। पुनरावेदकले आफू अलग भएको भन्ने कुरालाई पुष्टि गर्ने भरपर्दो र विश्वासिलो प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा एकासगोलको जुनसुकै सदस्यले आर्जन गरेको भए तापनि त्यसमा सगोलको अन्य सदस्यहरूको समेत सहभागितामा नै आर्जन भएको मानिने हुन्छ। सगोलको अंशियार अर्को वडामा गएर बस्दैमा अंश बन्डा भएको

भनी मान्न नमिल्ने।

वादी मानध्वज तामाङका नाउँमा दर्ता रहेको वादीहरूका तायदाती फाँटवारीमा उल्लेख भएको काभ्रेपलाञ्चोक जिल्ला नयाँ गाउँ गा.वि.स वडा नं.८ कि.नं.६ क्षे.फ. २-८-३-०१/२ जग्गा र सो जग्गामा बनेको कच्ची पराले घर एवं ऐ.ऐ. कि.नं.२४ क्षे.फ. ०-२-०-३/४ जग्गा मिति २०६४।१०।१४ गते राम्री तामाङबाट वादी मानध्वज तामाङले हालैको बकस पत्र पारित गरी प्राप्त गरेको देखिन्छ। राम्री तामाङ अविवाहित रहेको, दुबै आँखा नदेख्ने अन्धी रही शारीरिक रूपमा अपाङ्ग रहेको, नेपाल सरकारबाट अपाङ्ग परिचयपत्रसमेत प्राप्त गरेको मिसिल संलग्न कागजातबाट देखियो। मानध्वज तामाङ र राम्री तामाङ एकासगोलको अंशियारसमेत नदेखिएको अवस्था छ। पुस्तैनी रूपमा पनि टाढाको फुपू र भदा नाताको मानध्वज र राम्री तामाङ देखिएकाले निजको पालन पोषण तथा स्याहार सुसार औषधोपचार हालसम्म पनि यी मानध्वजले गरी आएको कुरामा वादी प्रतिवादीहरूबिचमा मुख मिलेकै देखिन्छ। यसरी अंशियारभन्दा बाहिरको कुनै पनि व्यक्तिलाई पालन पोषण हेर विचार गरी रिझाएबापत कुनै चल अचल सम्पत्ति दान बकसको माध्यमबाट कसैले प्राप्त गरेमा उसको निजी सम्पत्तिसरह भोग चलन गर्न पाउने नै हुन्छ। यसरी निजी तवरले बकसपत्रबाट प्राप्त गरेको उल्लिखित सम्पत्ति मुलुकी ऐन अंशबन्डाको १८ नं ले बन्डा गर्न कर नलाग्ने निजी सम्पत्ति भई आफूखुसी गर्न पाउने सम्पत्ति रहेको देखिँदा पुनरावेदक प्रतिवादीको समेत उक्त सम्पत्तिमा हक लाग्छ भन्ने मिल्ने नदेखिने।

यी वादी प्रतिवादीहरू छुट्टी भिन्न भएको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिन नआएको र वादी मानध्वज तामाङलाई हालैको बकस गरी घरजग्गा प्रदान गर्ने फुपू नाताकी राम्री तामङ्नी एकासगोलको अंशियार हुन भन्ने कुरा स्थापित हुन नसकेको अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन आएन। यस अदालतबाट राम्री तामङनी अविवाहिता भई एकासगोलमा बसेको भन्नेसमेतका आधार लिई भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

अतः वादी प्रतिवादीहरूको नाममा रहेको सम्पूर्ण सम्पत्तिमा वादी दाबीबमोजिम ५(पाँच) भागको ४(चार) भाग अंश वादीले पाउने ठहऱ्याई सुरू काभ्रेपलान्चोक जिल्ला अदालतबाट मिति २०७१।०३।२५ मा भएको फैसला केही उल्टी भई वादी मानध्वज तामाङले राम्री तामाङ्नीबाट मिति २०६४।१०।१४ मा हालैको बकसपत्रबाट प्राप्त गरेको कि. नं. ६ र २४ को घर जग्गाको हदसम्म मानध्वज तामाङको निजी ठहरी बन्डा नलाग्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कुमार खतिवडा

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल पौष १४ गते रोज ५ शुभम्।

४२

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७०-WO-०७०९, उत्प्रेषण, रामलखन गडेरी वि. श्री पुनरावेदन अदालत राजविराजसमेत*

कानूनले तोकेको म्याद नघाई निवेदकले आफ्नो स्व. आमाको हकमा मुद्दा सकार गर्न अदालतसमक्ष निवेदन दिएको अवस्थामा सिराहा जिल्ला अदालतले मिति २०६९।११।१० मा आदेश गर्दा के कुन कानूनबमोजिम निवेदकलाई मुद्दा सकार गराएको हो ? सो सम्बन्धमा केही नबोली मुलुकी ऐन, अदालती बन्दोबस्तको ६२(३) नं. को कानूनी व्यवस्थाविपरीत केवल निवेदकले मुद्दा सकार गरी तारेखमा बसिसकेको भनी उल्लेख गरी गरेको आदेश कानूनसम्मत देखिएन। पुनरावेदन अदालत राजविराजबाट सिराहा जिल्ला अदालतको आदेशमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ६२(३) नं. को

स्पष्ट त्रुटि भई बेरित भएको देखिँदा सो आदेश बदर गरिदिएको भनी मिति २०७०।१०।१० मा भएको आदेश कानूनसम्मत भई मिलेकै देखिँदा निवेदकले पुनरावेदन अदालत राजविराजको आदेश त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी लिएको निवेदन माग दाबीसँग सहमत हुन नसकिने।

निवेदकले स्पष्टसँग के कति कारणले अदालती बन्दोबस्तको १७ नं. बमोजिमको निवेदनमा पुनरावेदन अदालत राजविराजले गरेको आदेश क्षेत्राधिकारविहीन भयो भनी खुलाउन सकेको देखिँदैन। निवेदकले रिट निवेदनमा सिराहा जिल्ला अदालतका स्रेस्तेदारले गरेको आदेशमा चित्त नबुझे सोही अदालतका जिल्ला न्यायाधीशसमक्ष उजुर गर्न सक्ने र जिल्ला न्यायाधीशको आदेश चित्त नबुझे मात्र अदालती बन्दोबस्तको १७ नं. का आधारमा पुनरावेदन सुन्ने अदालतमा निवेदन दिने हो भनी उल्लेख गरेको देखिन्छ। सोही प्रक्रियाबमोजिम नै विपक्षी मदन यादवले सिराहा जिल्ला अदालतका स्रेस्तेदारले मिति २०६९।९।२२ मा निवेदकले मुद्दा सकार गरिपाउने गरी भएको आदेशउपर उक्त अदालतका जिल्ला न्यायाधीशसमक्ष उजुरी दिई मिति २०६९।११।१० मा मुद्दा सकार गरी तारिखमा बसिसकेको भनी आदेश भएउपर मिति २०६९।११।१० को आदेश बेरितको हुँदा बदरको लागि अदालती बन्दोबस्तको १७ नं. को निवेदन दिएको र पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।१०।१० मा उक्त आदेश बदर भएको देखिन्छ। यसरी पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाईमा भएको बेरितको आदेश बदरका लागि झगडियाको निवेदन परेमा सोउपर सुनुवाइ गर्न सक्ने भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. ले दिएको अधिकारक्षेत्रको प्रयोग गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।१०।१० मा भएको आदेशलाई क्षेत्राधिकारविहीन भयो भनी भन्न सकिने अवस्था नदेखिने।

तसर्थ, निवेदकले मुलुकी ऐन, अदालती बन्दोबस्तको ६२ (३) नं. बमोजिम तोकिएको म्यादभित्र मुद्दा सकार गर्न आएको नदेखिएको भनी सिराहा जिल्ला अदालतको मिति २०६९।११।१० को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।१०।१० मा भएको आदेश कानूनसम्मत भई मिलेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- रेश्मा बुद्धाचार्य

कम्प्युटर :- कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल कार्तिक २९ गते रोज ३ शुभम्।

**४३**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७०-CR-०५०२, जालसाजी, करुणा रूपचा तामाङसमेत वि. मिङ्गमा महर्जन*

२०४८ सालदेखि वादी माइतीमा बस्दै आएकी र २०५९ सालमा निजको पति राकेश महर्जनले शान्ति महर्जनसँग दोस्रो विवाह गरेको भए पनि वादी सासू तथा पतिसँग विधिवत् रूपमा अंश लिई छुट्टै बसेको मिसिल प्रमाणबाट देखिँदैन। दाबीको र.नं. ७३५ ख, मिति २०६६।६।१ को पारित राजीनामा लिखत हेर्दा कि.नं.४९ को क्षे.फ.१-१३-२ जग्गा सासू लक्ष्मीमाया महर्जनले राकेश महर्जन (वादीको पति) लाई लिखतमा साक्षी राखी एकमुष्ठ तरिकाले करुणा रूपचा तामाङ र प्रतिमा सुनुवारलाई हक हस्तान्तरण गरेको देखियो। सासूको नामको सो जग्गा पैतृक सम्पत्ति भई जेठी श्रीमती अर्थात् यी वादीसमेतको अंश हक लाग्ने अवस्थामा घर व्यवहार वा अन्य जुनसुकै प्रयोजनका लागि बिक्री हक हस्तान्तरण गर्दा पनि निजसमेतको सहमति वा मन्जुरी लिनुपर्ने नै देखिन्छ। वादीको मन्जुरी नलिई निजको समेत अंश हक लाग्ने सम्पत्ति बिक्री गर्न नमिल्ने हुँदा कानूनबमोजिम उक्त बिक्री कार्य मिलेको नदेखिँदा दाबीको जग्गा वादीहरूको हकसम्म जालसाजीपूर्णतरिकाले हक हस्तान्तरण गरेको मान्नुपर्ने नै भयो। यस दृष्टिकोणबाट पुनरावेदक

प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, दाबीको लिखतमध्ये पति/पिताको आधा भाग जग्गामध्येः ५ भागको २ भाग जग्गाको लिखत अमान्य भई जालसाजी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।१३ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : देवी चौधरी / मनोज बराल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल श्रावण २० गते रोज ६ शुभम् ।

**४४**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-०१३७, बन्दीप्रत्यक्षीकरण, टंक भन्ने तकलाल पुन वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकउपर काठमाडौं जिल्ला अदालतमा चलेको बहुविवाह मुद्दामा भएको मिति २०७१।३।२२ को फैसलाले कैद वर्ष १ र रू.५,०००।- जरिवाना ठहर भएको अवस्था छ । यी निवेदक मिति २०७९।०८।०८ गते काठमाडौं जिल्ला अदालतमा कानूनले माग गर्न पाउने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा माग गर्दै निवेदनसहित आफै उपस्थित भएको कुरा निवेदन बेहोरामा उल्लेख भएको पाइन्छ । निजलाई ठहरेको १।०।०(एक वर्ष) कैदको हकमा मिति २०७९।०८।०८ गतेदेखि मिति २०८०।०८।०७ गतेसम्म नियमानुसार सिधा खान दिई थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत स.फौ.नं. ३९-०६९-०१२१६ को बहुविवाह मुद्दाको हकमा मात्र निज टंक पुन भन्ने तकलाल पुनलाई मिति २०८०।०८।०८ गते कैद मुक्त गरी दिनु भनी कैद म्याद ठेकी कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा पठाइएको कुरा मिसिल सामेल काठमाडौं जिल्ला अदालतको च.नं.९२८, कैद ढड्डा नं. ३८०, मिति २०७९।०८।११ गतेको कैदी पुर्जीबाट देखिन आउँछ । यी निवेदक सोही कैदी पुर्जीमा ठेकिएको कैदम्यादबमोजिम हालसम्म कारागार कार्यालय जगन्नाथदेवलमा कैदमा रहेको देखिन्छ । यसरी साधिकार निकाय काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाबमोजिम ठेकिएको कैदीपुर्जीको आधारमा निवेदक कैदमा रहेका देखिएको स्थितिमा निजलाई गैरकानूनी थुनामा राखेको मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिने ।

निवेदक प्रतिवादीले काठमाडौं जिल्ला अदालतको फैसलाबमोजिम ठहरेको कैद १ वर्षबापत नगद बुझाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा पाउँ भनी निवेदनसाथ निवेदक स्वयम् मिति २०७९।८।८ मा काठमाडौं जिल्ला अदालतमा उपस्थित भई थुनामा गएको देखिन्छ । निवेदकले पेस गरेको दफा १५५ को सुविधासम्बन्धी निवेदन इजलाससमक्ष पेस हुँदा मिति २०७९।०८।१३ मा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीलाई १ वर्षभन्दा बढी कैद हुनसक्ने कसुरको अभियोग माग दाबी रहेकोमा निजलाई माग दाबीबमोजिमको कसुरमा १ वर्ष कैद भएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधाको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट भएको उल्लिखित सुविधा दिने सम्बन्धमा मापदण्डसहितको प्रतिपादित सिद्धान्तसमेतको आधारमा निवेदक प्रतिवादीलाई मागबमोजिमको सुविधा प्रदान गर्न मिलेन भनी आदेश भएको बेहोरा मिसिल सामेल रहेको आदेशको प्रतिलिपिबाट देखिन्छ । सो आदेशउपर चित्त नबुझाई यी निवेदकले उच्च अदालत पाटनमा बेरितको आदेश बदर गरिपाउँ भनी निवेदन पेस गरेकोमा उच्च अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।२२ को फैसलाबमोजिम निवेदक प्रतिवादीलाई एक वर्ष कैद र पाँच हजार रुपियाँ जरिवाना भएको देखिएको,

निज प्रतिवादीले उक्त फैसला अस्वीकार गरी बदर गराउन मिति २०७४।७।२४ मा सर्वोच्च अदालतमा ०७४-WO-०३०७ को उत्प्रेषणको रिट दायर गरेको र सो रिट निवेदन मिति २०७५।९।२३ मा खारेज भएपछि सुविधा मागको लागि २०७९।८।८ मा निवेदन दिएको अवस्थासमेतबाट अन्य उपाय समाप्त भएपछि निवेदन दिएको देखिँदा निवेदन मागबमोजिमको सुविधा दिनुपर्ने देखिएन । तसर्थ काठमाडौं जिल्ला अदालतको मिति २०७९।८।१३ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन भनी उच्च अदालत पाटनबाट मिति २०७९।०९।१४ गते आदेश भएको पाइन्छ । यी दुवै आदेशहरू कानून नजिर र स्थापित मूल्य मान्यताबमोजिम छन् छैनन् भनी विचार गर्नुपर्ने ।

यस अदालतको पूर्ण इजलासबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधाका सम्बन्धमा भएको व्याख्यासमेतबाट काठमाडौं जिल्ला अदालतबाट बहुविवाह मुद्दामा मिति २०७१।३।२२ मा भएको फैसलाले निवेदकलाई एक वर्ष कैद र पाँच हजार रूपियाँ जरिवाना हुने ठहरेकोमा निजलाई लागेको जरिवाना निजले यस अदालतमा ०७४-WO-०३०७ को रिट दायर गर्दा राखेको धरौटीबाट सदरस्याहा गरी असुल भएको देखिएको र ठहरेको कैद वर्ष एकका हकमा काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जीबमोजिम कैद कट्टा गर्ने प्रयोजनका लागि कारागारमा रहेको देखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । यी निवेदकले माग गरेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधाका सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।८।१३ मा र उच्च अदालत पाटनबाट मिति २०७९।९।१४ मा आदेश गर्दा उल्लिखित दफा १५५ मा निर्धारित मापदण्ड कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुरको तरिका, आचरण र निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने देखिएको छ, छैन । सोको सम्बन्धमा विश्लेषण नगरी अन्य आधार लिई निवेदन मागबमोजिमको सुविधा दिन नमिल्ने गरी भएको आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकउपर चलेको बहुविवाह मुद्दामा उल्लिखित मापदण्डका सम्बन्धमा माथि विवेचित आधार कारणबाट निवेदकलाई निवेदन मागबमोजिमको सुविधा दिन मिल्ने नै देखिएको हुँदा निज मिति २०७८।८।८ मा निवेदनसाथ काठमाडौं जिल्ला अदालतमा उपस्थित भई सोही जिल्ला अदालतको मिति २०७८।८।११ को कैदी पुर्जीबमोजिम कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको देखिँदा यी निवेदक टंक भन्ने तकलाल पुनबाट असुल हुन बाँकी रहेको कैदको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ को उपदफा (३) बमोजिम प्रतिदिन कैदको रू.३००।- का दरले हुने रकम दाखिल गरी ऐजन दफा १५५ को उपदफा (२) बमोजिम कागज गरे कैदबाट छाडिदिनु भनी विपक्षी काठमाडौं जिल्ला अदालत र कारागार कार्यालय जगन्नाथदेवलका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ फागुन ३ गते रोज ४ शुभम् ।

**४५**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CI-००५७, उत्प्रेषणयुक्त परमादेश, रामप्रसाद खतिवडा वि. अनिशमान शाक्य*

प्रत्यर्थी निवेदकले आफूले निगमको कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम १५१ (२) बमोजिमको कबुलियतनामा नगरेको हुँदा सोबापत कुनै रकम तिर्नु बुझाउनु नपर्ने भनी लिएको जिकिर एवम् उच्च अदालतको फैसलाको आधार छ सो सम्बन्धमा हेर्दा, सो विनियमावलीको विनियम १५१(१) मा “कुनै पनि कर्मचारीले तालिम लिन जानुभन्दा अघि त्यस्तो तालिम पूरा गरी फर्केर आई

विनियम १५० बमोजिमको सेवा गर्ने कबुलियत गर्नुपर्ने छ" भन्ने व्यवस्था र विनियम १५१(२) मा "कुनै पनि कर्मचारीले तालिम पूरा गरेपछि सेवा गर्न नआएमा वा विनियम १५० बमोजिम गर्नुपर्ने सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालिम अवधिभर निजले पाएको तलब भत्ता, त्यस्तो तालिमको लागि लागेको खर्च एवं यस विनियमावलीमा उल्लिखित रकम र कबुलियतमा उल्लेख भएको अन्य रकमहरूसमेत असुल गरिने छ भन्ने व्यवस्था भएको देखिन्छ । उक्त व्यवस्थाले विनियम १५१(२) बमोजिम तालिममा लागेको खर्च असुल गरिने भन्ने आधार नै विनियम १५० बमोजिमको सेवा अवधि पूरा नगरेको अवस्थालाई बनाएको देखिँदा विनियम १५० र १५१ एक अर्कासँग अन्तरसम्बन्धित देखियो। अर्थात् विनियम १५० बमोजिमको कबुलियत अनुसारको सेवा अवधि पुरा गरेको अवस्थामा विनियम १५१(२) बमोजिमको रकम असुल गर्नुपर्ने अवस्था नहुने तर कबुलियतबमोजिमको अवधि सेवा नगरेमा विनियम १५१(२) बमोजिम रकमहरू सम्बन्धित कर्मचारीबाट निगमले असुल गरी लिनुपर्ने ।

प्रत्यर्थी निवेदकले पुनरावेदक निगमसँग निगमको कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम १५१(२) बमोजिम रकम असुल गर्ने सम्बन्धमा कुनै कबुलियतनामा वा करार नभएको अवस्थामा उक्त विनियमको व्यवस्था निवेदकको हकमा आकर्षित हुने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, नेपाल वायुसेवा निगमको कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७ बमोजिमको अधिकार प्रयोग गरी बनाइएको कानूनी व्यवस्था हो । उक्त विनियमावलीका व्यवस्था नेपाल वायुसेवा निगम र निगमका कर्मचारीहरूलाई कानूनसरह लागु हुन्छ । प्रत्यर्थी निवेदकलगायत नेपाल वायुसेवा निगमका कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, अवकाश, राजीनामालगायतका कर्मचारीको सेवाका सर्तसँग सम्बन्धित सम्पूर्ण विषय सोही विनियमावलीबमोजिम हुनुपर्ने स्पष्ट छ । सम्बन्धित कर्मचारीको लागि उक्त विनियमावलीले समेटेको विषयहरू सार्वजनिक प्रशासकीय कानूनसरह लागु हुने हुँदा सो कानूनमा लेखिएको विषयमा कर्मचारीले कबुलियतनामा गरेको छ वा छैन भन्ने आधारमा विनियमावलीबमोजिमको दायित्व र कर्तव्यबाट कसैले पनि उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन। एकातर्फ व्यक्तिगत दायित्व सिर्जना गर्ने PRIVATE LAW अन्तर्गत गरिने करारले सार्वजनिक कानून (PUBLIC LAW) अन्तर्गतका कानूनी व्यवस्थालाई बदल्न वा सङ्कुचित गर्न नसक्ने हुन्छ र अर्कातर्फ विनियम १५१ मा छुटै कबुलियत गर्नुपर्ने भन्ने व्यवस्थासमेत नदेखिएको अवस्थामा प्रत्यर्थी निवेदकले विनियम १५०(२) बमोजिम कबुलियतनामा गरेको अवधिसम्म सेवा नगर्नु नै विनियम १५१(२) बमोजिम तालिममा लागेको खर्च असुल गर्नु गराउनुपर्ने आधार र अवस्था देखिन आउँछ । विनियम १५१(२) बमोजिम कबुलियतनामा नगरेको भन्ने आधारमा सो विनियमबमोजिम निवेदकलाई तालिममा लागेको खर्च असुल गर्न नपर्ने भन्नु कानूनसम्मत र न्यायको दृष्टिले समेत मनासिब हुँदैन । निवेदकलाई उल्लिखित तालिममा पठाउँदा कुनै खर्च नलागेको भन्नु तर्कसम्मत र सामान्य समझअनुकुलसमेत हुने नदेखिने ।

प्रत्यर्थी निवेदक र पुनरावेदक विपक्षीबिच निगमको कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम १५१(२) बमोजिम कबुलियतनामा भएको नदेखिँदा निजले विनियम १५०(२) बमोजिम गरेको कबुलियतनामाबमोजिम तिर्न बुझाउनुपर्ने रकम समानुपातिक हिसाबले दाखिला गरे निजको राजीनामा स्वीकृत गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने ठहर्‍याएको उच्च अदालत पाटनको मिति २०७५।०५।२० को फैसला मिलेको नदेखिँदा उल्टी हुने भई उक्त रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य
कम्प्युटर : मिलन राणा
इति संवत् २०७९ साल मङ्सिर १४ गते रोज ४ शुभम्।

**४६**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RC-००७५ कर्तव्य ज्यान, नेपाल सरकार वि. विन्दा चौधरी*

प्रतिवादी र मृतक लोग्ने स्वास्नी रहेका र निजहरूको बिच बराबर झैझगडा हुने गरेको तथ्यमा विवाद देखिँदैन । वारदातको दिनसमेत निजहरूबिच झगडा भई प्रतिवादीले दाउराको चिर्पटले मृतकलाई हानेको भनी प्रतिवादीले स्वीकार गरेकै देखिन्छ । घरायसी झगडाको कारण प्रतिवादीले हिर्काएको दाउराको चिर्पटले कन्चटमा चोट लागी सोही चोटको कारण मृतकको मृत्यु भएको कुरा पोष्टमार्टम रिपोर्टमा वर्णित चोटको स्थितिबाट समेत पुष्टि हुन्छ । यस दृष्टिकोणबाट मृतकको मृत्युमा प्रतिवादीकै भूमिका महत्त्वपूर्ण भएको देखिँदा निजलाई अभियोग मागदाबीबमोजिम सुरू तथा उच्च अदालतले कसुर ठहर गरी गरेको सजाय कानूनबमोजिम मिलेकै देखिने ।

प्रतिवादी विन्दा चौधरीले अभियोग दाबीबमोजिम कसुर गरेको हुँदा ज्यानसम्बन्धी महलको १ नं. विपरीत तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरीतको कसुर गरेकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू सुनसरी जिल्ला अदालतको मिति २०७६।३।२४ मा भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगरको मिति २०७८।३।२२ को फैसला कानूनसम्मत मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : रोशनकुमार झा

इति संवत् २०७९ आषाढ १ गते रोज ४ शुभम् ।

**४७**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-CR-१२१८, करणीसम्बन्धी कसुर, लक्ष्मण रावल वि. नेपाल सरकार*

पीडितको जन्म मिति २०६१।४।२५ गते भएको भन्ने गोदावरी गाउँ विकास समितिको मिति २०७१।१।१६ गते जारी भएको जन्म दर्ता प्रमाणपत्रबाट देखिन्छ । पीडितले मिति २०७५।२।१० देखि पटकपटक जबरजस्ती करणी गरेको भनी मिति २०७६।३।९ मा प्रतिवादी विरुद्ध जाहेरी दिएबाट वारदातको अवधिमा पीडित नाबालिग रहेकोमा विवाद देखिँदैन । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) मा "कसैले जबरजस्ती करणी गर्नु हुँदैन" र ऐ. उपदफा (२) मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ ।" भनी व्यवस्था गरेअनुसार प्रस्तुत मुद्दामा प्रतिवादीले निज पीडित नाबालिगलाई पटकपटक ललाइफकाइ माया गर्छु भनी छलकपट गरी सहमतिमा होस् वा मन्जुरीबेगर करणी गरेको भए पनि जबरजस्ती करणीको कसुर हुनेमा अन्यथा भन्न नमिल्ने ।

यी प्रतिवादीले पीडितलाई गर्भवती बनाएकोले निज पीडितले गर्भपतनसमेत गराउनुपरेको अवस्था मिसिल संलग्न सेती अञ्चल अस्पतालको पत्रबाट देखिन्छ । प्रतिवादीको कारणले नाबालिग पीडितले शारीरिक, मानसिक र गर्भपतन गराउनुपर्नेलगायतको गम्भीर क्षति बेहोर्नुपरेको तथ्यलाई अदालतले महत्त्वपूर्ण पहलको रूपमा लिनुपर्ने ।

प्रतिवादीले अदालतसमक्ष इन्कारी बयान रहेको भनी जिकिर लिए पनि प्रतिवादीले प्रहरीसमक्ष अनुसन्धानको क्रममा गरेको बयानको कुनै प्रमाणिक महत्त्व नहुने भनी भन्न मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २७ मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुने छ" भनी व्यवस्था भएअनुसार प्रतिवादीले आफूले आरोपित कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भन्ने जिकिर स्वतन्त्र

र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था देखिँदैन। अदालतको इन्कारी बयानलाई समर्थन गर्ने कुनै ठोस प्रमाण रहेको मिसिल संलग्न कागजातबाट देखिँदैन। अदालतमा आएर प्रतिवादीले प्रहरीसमक्षको बयान बेहोराविपरीत हुने गरी बयान गरे पनि किटानी जाहेरी दरखास्त, जाहेरीलाई समर्थन भई गरेको मौकामा घटना विवरण कागज, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, सेती अञ्चल अस्पतालले पीडित नाबालिगलाई करणी गरी गर्भ रहन गएकोमा सुरक्षित गर्भपतन गराएको मिति २०७६।४।१ को पत्र, पीडित र निजको आमाले अदालतमा आएर अनुसन्धानको क्रममा उल्लेख गरेको तथ्यलाई समर्थन गरी गरेको बकपत्रसमेतका प्रमाणहरूलाई नै निष्प्रभावी हुने गरी यी तथ्य प्रमाणलाई विचार नगरी प्रतिवादीले अदालतसमक्ष गरेको बयानलाई मात्र आधार लिई न्याय निरूपण गर्नु कानूनसम्मत हुने देखिँदैन। यसरी अपराधको सूचनाको रूपमा रहेको जाहेरी दरखास्त र उक्त जाहेरीलाई समर्थन हुने गरी अनुसन्धानमा भएका कागजहरू, परीक्षण प्रतिवेदन, अदालतमा उपस्थित भई गरेको कागजलगायतको वारदातसँग सम्बन्धित प्रमाणहरूको एकरूपता र तादम्यता भएमा उक्त तथ्यलाई विश्वसनीय मान्नुपर्ने हुँदा प्रतिवादीले नाबालिग पीडितलाई करणी गरेको कारण गर्भ रहन गई गर्भपतनसमेत गराउनुपरेको अवस्था आएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आएकोले यी प्रतिवादीले अभियोगदाबीबमोजिम जबरजस्ती करणीको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई अभियोगदाबी अनुसारको सजाय हुने गरी भएको उच्च अदालत दिपायलको फैसला मिलेकै देखिने।

तसर्थ, यी प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) र (३) को खण्ड (ग) बमोजिमको कसुर गरेको देखिएकोले यी पुनरावेदक प्रतिवादी लक्ष्मण रावललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ग) बमोजिम १२(बाह्र) वर्ष कैद र ऐ. दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइदिने ठहऱ्याएको मिति २०७६।८।३० मा कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७७।६।५ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल फाल्गुण १४ गते रोज १ शुभम्।

## ४८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७०-CI-१०६८, बाली बिगो, मुनरीदेवी मण्डल वि. देवनारायण मण्डल*

वादीको नाम दर्ताको जिल्ला सप्तरी, बभनगामाकट्टी गाउँ विकास समिति वार्ड नं. ९क कित्ता नम्बर ४६९ को ०-४-१५१/२ जग्गाको मोही यी पुनरावेदक प्रतिवादी नभएको भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०६२।३।२८ मा भएको फैसलालाई यसै अदालतबाट सदर हुने ठहऱ्याई मिति २०६५।१२।७ मा भएको फैसला अन्तिम भएर रहेको तथ्यमा कुनै विवाद देखिँदैन। सर्वोच्च अदालतबाट फैसला भई अन्तिम रहेको मुद्दासमेतको आधारमा वादी दाबीको कि.नं. ४६९ को ०-४-१५१/२ जग्गाको मोही यी पुनरावेदक प्रतिवादी रहे भएको भन्ने देखिँदैन। मोही नै नभएका यी पुनरावेदक प्रतिवादीका पति सतन मण्डलले २०५६ सालदेखि २०६५।१२।७ सम्म वादीको कित्ता नम्बर ४६९ को ०-४-१५१/२ जग्गामा बाली लगाइआएको भन्ने कुरा निजको प्रतिउत्तर जिकिर तथा प्रस्तुत पुनरावेदन पत्रबाट समेत निजले स्वीकार गरेको देखिने।

आफू मोही नै नभएका यी पुनरावेदक प्रतिवादीले वादीको जग्गा भोग गरेको हुँदा निजले भोग गरेको सालको हुने बाली बिगो वादीले प्रतिवादीबाट भराइलिन पाउने।

वादीको जग्गामा अनधिकृत रूपमा म मोही हो भनी बाली लगाएको अवस्थामा उक्त जग्गामा हुने उब्जनीको आधारमा मिति २०२८।५।१४ को नेपाल राजपत्र नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले प्रकाशित गरेको कुतसम्बन्धी सूचनामा प्रतिबिगाहा धान बाली उब्जनी ३० मन कायम गरेको भनी बालीबिगो भराउने प्रयोजनको लागि सोहि उब्जनी दरलाई आधार मानी ०-४-१५१/२ जग्गाको वार्षिक उब्जनी ७ मन ६१/२ सेरका दरले २०५६ देखि २०६५ सालसम्म १० वर्षको जम्मा उब्जनी ७१ मन २०१/२ सेर कायम गरी प्रतिमन सरदर रू.४००।- का दरले हुन आउने जम्मा रू.२८,५६५।- बाली बिगोबापत वादीले यी पुनरावेदक प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मनासिब नै देखिदा अन्यथा भयो भनी भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादीले वादीको जिल्ला सप्तरी, बभनगामाकट्टी गाउँ विकास समिति वार्ड नं. ९क कित्ता नम्बर ४६९ को ०-४-१५१/२ जग्गामा २०५६ सालदेखि २०६५ सालसम्मको मोहीको हैसियतबाट कमाएको भनी सो कुतबापतको रकम भूमि प्रशासन कार्यालय, सप्तरीमा धरौटी राखेको भनी जिकिर लिए पनि प्रस्तुत मुद्दाको विषय बाली बिगो भराइपाउँ भन्ने रहेको र यी पुनरावेदक प्रतिवादी उक्त जग्गाको मोही नरहेको भन्ने कुरा यसै अदालतबाट मिति २०६५।१२।७ मा भएको फैसला अन्तिम भएर रहेबाट स्पष्ट हुन आएको छ। मोही नै नठहरेको व्यक्तिले अनधिकृत रूपमा जग्गा कमाएबापत भनी भूमि प्रशासन कार्यालय सप्तरीमा राखेको कुतबापतको रकम वादीले लिनुपर्छ भनी बाध्यकारी अर्थ गर्न मिल्ने देखिँदैन। यस दृष्टिकोणबाट भूमि प्रशासन कार्यालय सप्तरीमा राखेको कुतबापतको रकमबाट नै वादीलाई बालीबिगोबापतको रकम भराइदिनुपर्ने भन्ने यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।६।७ को फैसला केही उल्टी गरी वादीको कि.नं. ४६९ को ०-४-१५१/२ जग्गाको वार्षिक उब्जनी ७ मन ६१/२ सेरका दरले २०५६ सालदेखि २०६५ सालसम्म १० वर्षको जम्मा उब्जनी ७१ मन २०१/२ सेर कायम गरी प्रतिमन सरदर रू.४००।- का दरले हुन आउने जम्मा रू.२८,५६५।– बाली बिगोबापत प्रत्यर्थी वादीले यी पुनरावेदक प्रतिवादीबाट भराइलिन पाउने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।१२।२० मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : कुबेर पाण्डे
कम्प्युटर : समी नेपाली
इति संवत् २०७९ साल साउन १७ गते रोज ३ शुभम्।

## ४९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७७-WO-०४०३, परमादेशसमेत, चन्दाकुमारी शाह वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदिकाको बाबु संजय शाहले नेपालको संविधान जारी हुनुअगावै जन्मको आधारमा र आमा गितादेवी शाहले संविधान जारी भएपश्चात् वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदिका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेतको कारणबाट योग्य भइसकेको तथा नेपालको संविधानको धारा ११(३) मा नै स्पष्ट रूपमा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने छ भन्ने उल्लेख भइरहेको र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) ले कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ भनी उल्लेख भइरहेको परिप्रेक्ष्यमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित नभएसम्म भन्ने कारण देखाई निवेदिकालाई

नागरिकताको प्रमाणपत्र दिन रोक्नु उचित देखिएन । निवेदिकाको बाबु आमा दुवैले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्थामा निजले नेपालको संविधानको धारा ११(३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ (१) को आधारमा नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने नै देखिने ।

तसर्थः रिट निवेदिकाको बाबु संजय शाहले नेपालको संविधान जारी हुनुअगाडि नै जन्मको आधारमा र आमा गितादेवी शाहले संविधान जारी भएपश्चात् वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदिकाको नागरिकता प्राप्त गर्ने उमेरसमेत पुगिसकेको अवस्थामा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने नै देखिँदा कानूनले तोकेको कार्यविधि पूरा गरी निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु, दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल जेठ १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ११

### ५०

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७७-CI-०२५९, ०७७-CI-०२६३, दर्ता निर्णय बदर, मुक्तिमान जोशीसमेत वि. मालपोत कार्यालय कलंकी, काठमाडौंसमेत, शिवमान जोशी वि. मालपोत कार्यालय कलङ्की, काठमाडौंसमेत

फिराद दाबी र पुनरावेदन जिकिरसमेतलाई विचार गरी हेर्दा वादीले मिति २०२३।०३।२२ मा रैकरमा परिणत भएको भन्ने दाबी जिकिर लिए पनि वादीले हा.नं.८७ को शेरमान जोशी, रत्नमान जोशी, नजरमान जोशी येटखाको नाम लगतमा चुई पाखो १। । ।२ लगत पेस गरेको देखिन्छ । उल्लिखित तथ्य बमोजिम हा.नं.८७ को लगतबाट विवादको कि.नं.२९९ कित्ता जग्गा रैकरमा परिणत गरेको भन्ने वादीहरूबाट प्रमाण पेस गरी खुल्न र खुलाउन सकेको देखिँदैन । वादीले पेस गरेको ८७ नं. को लगतमा पाखो र खेत गरी दुई खला जग्गा रहेको देखिन्छ । अर्कोतर्फ उक्त लगतको भिर खण्डमा मच्छेगाउँको लगत हो भन्ने देखिन्छ । उक्त मच्छेगाउँको लगतबाट चोभारको जग्गा भिड्ने हो भन्न नमिल्ने ।

विवादको कि.नं.२९९ को फिल्डबुक हेर्दा, जोताहाको नाम थर वतन महलमा कान्छी रैला, का.इ. बेसन खहेर हस्तेवारी दाजु इश्वरीप्रसाद रैला र किसानको बेहोरामा यो जग्गा का.इ. कंपुकोट बस्ने शेरमान श्रेष्ठलाई कुत बुझाई जोतेको छु भनी उल्लेख भएको देखिन्छ । वादीले हा.नं.८७ अन्तर्गत चुई गाउँ पाखो खेत १। । ।२ सँग भिड्ने जग्गा हो भनी दाबी लिए पनि फिल्डबुक बेहोरामा विवादको कि.नं.२९९ जग्गा खेत दोयम भनी नाप जाँच भएको देखिन्छ । यसबाट पाखोको लगतबाट विवादको खेत जग्गामा झुट्टा बेहोरा उल्लेख गरी दाबी गरेको देखियो । साथै मालपोत कार्यालय कलंकीको च.नं.५२६० मिति २०७१।१०।१२ को पत्रसाथ प्राप्त हा. नं. ८७ लगत मि.नं.२९/०६३/५४ मा भिडी गएको भनी उल्लेख भएको देखिन्छ । उक्त तथ्यबाट वादी दाबीको हा.नं.८७ लगत मि.नं.२९/०६३/ ५४ को जग्गासँग भिडिसकेको अवस्थामा सोही लगतबाट वादी दाबीको कि.नं.२९९ को जग्गा भिडाई पटकपटक जग्गा दर्ता गर्न पाउने हो भन्न मिल्ने देखिँदैन । उल्लिखित तथ्यबाट दाबीको लगत यथावत् बाँकी रहे भएको रहेछ भन्ने पनि नदेखिने ।

वादीले दाबी लिएको लगत शेरमान जोशीसमेतका भनी जोशी थरका मानिसको लगत हो भन्ने देखिन्छ । तर फिल्डबुकमा शेरमान श्रेष्ठ का.ई. कंपुकोत बस्ने भनी उल्लेख भएको देखिन्छ । काठमाडौं महानगरपालिका कार्यालयबाट मिति २०४७।१२।१५

मा शेरमान जोशीको मृत्युपश्चात् लिएको नाता प्रमाणित सिफारिसमा र मिति २०६०।०५।१९ मा बासुदेव जोशीले बद्रीमाया जोशीको मृत्युपछि लिएको नाता प्रमाणित प्रमाणपत्रमा जोशी थरबाट नै नाता प्रमाणपत्र जारी भएको देखिन्छ । तर वादीले प्रस्तुत जग्गा दर्ताको कारबाही चलाउन काठमाडौं महानगरपालिका कार्यालयको च.नं.८१९/०५४/०५५ मिति २०५४।११।२९ मा दिएको सिफारिसपत्रमा शिवमान जोशीको पिताको नाम शेरमान जोशी भएकोमा निजलाई जग्गाको फिल्डबुको किसानको महलमा मोहीले शेरमान श्रेष्ठ भनी लेखाइदिएकोले उक्त दुवै शेरमान जोशी र शेरमान श्रेष्ठ भन्ने व्यक्ति भिन्दाभिन्दै नभई एकै व्यक्ति भएको बेहोरा प्रमाणित गरिन्छ भनी सिफारिस दिएको देखिन्छ। माथि उल्लेख भएको यिनै वादीहरूसमेतले लिएको नाता प्रमाणपत्रमा श्रेष्ठ जोशी भनी उल्लेख भएको पनि देखिँदैन । यस अवस्थामा जोशी र श्रेष्ठ थर भएका मानिस फरकफरक जातको थर व्यक्ति हो भन्ने देखिँदादेखिँदै शेरमान श्रेष्ठ र शेरमान जोशी एउटै व्यक्ति हुन् भन्ने कानूनी आधार पनि देखिएन। साथै फिल्डबुकमा उल्लेख भएको वतन काई कंपुकोत भनी उल्लेख भएको अवस्थामा ताहाचल बस्ने भनी उल्लेख भएको वतनका यी वादीहरूले दाबी गरेको देखिन्छ। यसरी फिल्डबुकमा उल्लेख भएको वतनभन्दा फरक बसोबासको ठेगाना भएका यी वादीहरूले दाबी गरेको कुरालाई कानूनसम्मत मान्न अन्य ठोस सबुत प्रमाण पेस गर्न सकेकोसमेत नदेखिने।

रैकर परिणत दर्ता नामसारीको कारबाहीको क्रममा मिति २०६६।०६।०३ मा भइआएको सर्जमिन मुचुल्का हेर्दा, फिल्डबुक तथा स्रेस्तामा जनिएका जग्गाधनी शेरमान श्रेष्ठलाई म्याद जारी गर्दा निजको एकाघरको छोरा गोविन्दमानले म्याद बुझी कुनै प्रतिवाद नै नगरी वादी दाबी स्वीकारी बसेको अवस्था छ । मिसिल संलग्न प्रमाण कागजबाट उक्त जग्गा साबिकदेखि हालसम्म कान्छा रैलाको तर्फबाट जोत भोग भइआएको देखिन्छ। सो जग्गा सरकारी, सार्वजनिक, गुठी वा पर्ती, ऐलानी केही भएको देखिँदैन। सो जग्गा कुस बिर्ताको भएको र सो जग्गामा घर खिचोला भएको पनि थाहा नभएको र साबिकदेखि हालसम्म मोहीको तर्फबाट जोत कमोद भइआएको कुरामा विवाद नभएकोले मोहीकी हकदार पत्नी कान्छी रैलाका नाउँमा रैकर परिणत नामसारी दर्ता गरिदिएमा फरकपर्ने छैन भन्ने बेहोरा उल्लेख भई मिति २०६६।०६।०३ मा टोल छिमेकका मानिसहरूले सर्जमिन मुचुल्का गरिदिएको देखिन्छ। अर्कोतर्फ यी वादीहरूको अंशियाराहरूबिचमा काठमाडौं जिल्ला अदालतमा चलेको २०६२ सालको द.नं.३९०० को अंश मुद्दामा मिलापत्र हुँदा विवादको कि.नं.२९९ को कित्ता जग्गा वादी दाबीबमोजिम २०२३ सालमा रैकरमा परिणत गरिएको भए सो जग्गा बन्डापत्रमा उल्लेख गरी बन्डा हुने जग्गाको रूपमा समावेश हुनुपर्ने हो । तर बन्डापत्रमा उल्लेख भएको देखिँदैन । यस तथ्यबाट समेत कि.नं.२९९ को जग्गा वादीहरूको दाबीबमोजिम हक लाग्ने हो भन्न नमिल्ने।

जग्गा (नाप जाँच) नियमावलीको नियम ११ बमोजिम गठित समितिको २०६६।०६।०४ मा बसेको बैठकको सिफारिस हेर्दा, साबिक चोभार भूतखेल ८(ख) कि.नं.२९९ को क्षेत्रफल १-१०-२-० जग्गा जग्गाधनीले दर्ता नगरेको हुँदा मेरो नाउँमा रैकरमा परिणत नामसारी दर्ता गरिपाउँ भनी मृतक मोही कान्छा रैलाकी पत्नी कान्छी लैलाको माग दाबी भएकोमा फिल्डबुक तथा स्रेस्तामा देखिएका जग्गाधनीलाई बुझ्दा निजको एकाघरका छोरा गोविन्दमानले म्याद बुझी कुनै प्रतिवाद नगरी वादी दाबी स्वीकारेको तथा गोरखापत्रमा प्रकाशित सूचनाको म्यादबाट दाबी गर्ने कुवेरमान जोशीले समेत अड्डामा आई दाबी छाडेको देखिँदा मिसिल संलग्न फिल्डबुक, स्रेस्ता, गोरखापत्र प्रकाशित सूचना जग्गाधनीले वाली बुझेको विभिन्न सालको भरपाई, म्यादमा उपस्थित नभई वादी दाबी स्वीकार बसेको देखिने प्रमाण सर्जमिन मुचुल्का, सिफारिसलगायतको प्रमाणबाट माग दाबीको बेहोरा

मनासिब देखिएकोले निवेदिका कान्छी रैलाको नाउँमा उक्त कित्ता जग्गा रैकरमा परिणत गरी नामसारी दर्ता गर्ने भनी ६ नं. नापी गोश्वारामा गठन भएको छुट जग्गा दर्ता समितिबाट मिति २०६६।०६।०४ मा सिफारिस भएको देखिन्छ । उक्त सिफारिसका आधारमा नापी कार्यालय कलंकीबाट मिति २०६६।०६।०६ मा भएको निर्णय हेर्दा जग्गा (नाप जाँच) नियमावलीको नियम ११ बमोजिम गठित समितिको २०६६।०६।०४ मा बसेको बैठकले साबिक चोभार भूतखेल गा.वि.स. वडा नं.८(ख) कि.नं.२९९को क्षेत्रफल १-१०-२-० जग्गाको नियमानुसार लाग्ने रैकर परिणत दस्तुर असुल गरी निवेदिका कान्छी रैलाका नाउँमा रै.प.ना.सा. दर्ता गर्ने र कृष्ण महर्जनलाई निर्णयको जानकारी दिने भनी मिति २०६६।०६।०४ बाट सिफारिस भएबमोजिम गर्ने भनी निर्णय भएको र मालपोत कार्यालय कलंकीबाट रैकरमा परिणत गर्दा लाग्ने दस्तुर असुल गरी स्रेस्ता पुर्जा तयार गर्ने गरी टिप्पणी पेस भएकोमा नापी गोश्वाराको निर्णय एवं समितिको सिफारिसका आधारमा गर्ने भनी मिति २०६६।०६।२९ मा निर्णय भई कान्छी रैलाको नाममा कि.नं.२९९ को जग्गा दर्ता भएको देखिने ।

जग्गा (नाप जाँच) नियमावलीको नियम ११ बमोजिम गठित समितिको मिति २०६६।०६।०४ को सिफारिसमा नापी गोश्वारा कलंकीको मिति २०६६।०६।०६ को निर्णय एवं मालपोत कार्यालय कलंकीको मिति २०६६।०९।२९ को निर्णयले कान्छी रैलाको नाममा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ क मा गरिएको कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३क बमोजिमको प्रक्रिया पूरा गरी साबिक चोभार भूतखेल गा.वि.स. वडा नं.८(ख) कि.नं.२९९ को क्षेत्रफल १-१०-२-० जग्गा मोही कान्छा रैलाको पत्नी कान्छी रैलाको नाउँमा रैकर परिणत गरी दर्ता नामसारी गर्ने गरी भएको निर्णय कानूनी प्रक्रिया पुरा गरी कानूनबमोजिम भए गरेको देखियो । यसरी नापी कार्यालय कलंकी र मालपोत कार्यालय कलंकीबाट भएको निर्णयलाई सदर कायम राखी वादीहरूको वादी दाबी पुग्न नसक्ने भनी उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने ।

मोहीको हकदार कान्छी रैलाको नाममा रैकर परिणत दर्ता हुने गरी निर्णय भएकोले सो निर्णय र सोको आधारमा भएको दर्तासमेत बदर गरिपाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०४।१९ मा भएको फैसला सदर गरी उच्च अदालत पाटनबाट मिति २०७४।१२।०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : डोलनाथ न्यौपाने र सीता रेग्मी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०८० असोज १७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन् ।

- ०७७-CI-०२६२, ०७७-CI-०२६५, दूषित लिखत दर्ता बदरसमेत, मुक्तिमान जोशीसमेत वि. कान्छी रैलासमेत, शिवमान जोशी वि. कान्छी रैलासमेत
- ०७७-CR-०३३६, ०७७-CR-०३३९, जालसाजी, मुक्तिमान जोशीसमेत वि. सानुमैया महत (भण्डारी) समेत, शिवमान जोशी वि. सानुमैया महत (भण्डारी)
- ०७७-CR-०३३७, ०७७-CR-०३३८, जालसाजी, मुक्तिमान जोशीसमेत वि. सानुमैया महत (भण्डारी) समेत, शिवमान जोशी वि. सानुमैया महत (भण्डारी)
- ०७७-CI-०२६०, ०७७-CI-०२६६, दूषित लिखत पास दर्ता बदर, मुक्तिमान जोशीसमेत वि. सानुमैया महत (भण्डारी) समेत, शिवमान जोशी वि. सानुमैया महत (भण्डारी)
- ०७७-CI-०२६१, ०७७-CI-०२६४, दूषित लिखत पास दर्ता बदर, मुक्तिमान जोशीसमेत वि. सानुमैया महत (भण्डारी) समेत, शिवमान जोशी वि. सानुमैया महत (भण्डारी) समेत

- ०७७-CR-०३३५, ०७७-CR-०३४०, जालसाजी, मुक्तिमान जोशीसमेत वि. कान्छी रैलासमेत, शिवमान जोशी वि. कान्छी रैलासमेत

५१

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CI-०३७५, मोही निष्कासनसमेत, धनकृष्ण देसार वि. मानबहादुर देसारसमेत*

वादी धनकृष्ण देसारले पुनरावेदन अदालत ललितपुरमा मिति २०५७।०२।३० मा दर्ता गरेको पुनरावेदनको प्रकरण ३(क) मा प्रस्तुत पुनरावेदनमा दाबी छाडेका कि.नं. ७४,७६,८३ र ७८ सँगै कि.नं. १४७ को विवादित जग्गाको स्रोत साबिक कि.नं.३६ हो भन्दै विवादित जग्गा साबिक १९ नं. पोताअन्तर्गत पोता रू.१६ लागेको अंडोल रोपनी ६, जग्गा २०२२ सालमा मेरो पिताको नाममा रैकर परिणत हुँदा कि.नं.३६ कायम भएको थियो भनी उल्लेख गरेको देखिन्छ तर प्रमाणको मूल्याङ्कनबाट हेर्दा उक्त स्रोत आफैँ नै गुठी जग्गाको स्रोत रहेको देखिन्छ । यसरी एउटै साबिक स्रोत लगतका कि.नं. ७४,७६,८३,७८ का जग्गा गुठीको हो भन्नेमा वादी सहमत भई दाबी छाडिसकेपछि आफैँले सोही स्रोत लगतको भनी उल्लेख गरेको कि.नं.१४७ एकै खलाको नरहेको र फिल्डबुकमा आफू खान्कीदारले अन्य बेहोरा लेखाएको आधारमा मात्र सो जग्गा गुठीको नरही रैकर मान्नुपर्ने भन्ने दाबी कानूनसम्मत देखिएन। त्यसै गरी सोही पुनरावेदनको ३(ख) मा दाबीको जग्गा आफ्नो निजी गुठीको हो भनी गुठी रहेको सम्म स्वीकारेको भए तापनि उक्त जग्गाको नापीको समयमा जग्गाको मोहीहरू मानबहादुर देसार र सूर्यबहादुर डंगोलले उक्त जग्गा चक्र पूजा गुठीको हो। मठबाट पूजा गर्न जाँदा उक्त जग्गाको आयस्ता उठाई मठमा बुझाउनु भनी बद्री देसारलाई लगाउने गरेको थियो भनी उल्लेख गरेका पाइने।

त्यसै गरी साबिक गुठियार काजीलाल मरी हक खाने छोरा सूर्यबहादुर डंगोलसमेतका प्रतिवादीहरूले पेस गरेको प्रतिउत्तरमा यी जग्गालगायत अन्य गुठी अधीनस्थ जग्गाहरू जोत-कमोद गरी गुठीको पूजा चलाइआएका छौँ बद्री देसार जग्गा धनी पनि होइनन् र मोही पनि होइनन् भनी उल्लेख गर्दै दाबीको जग्गा बज्रबाराही भैरब देवताको पूजाआजा गर्न राखेको चक्र गुठीको गुठी संस्थान अधिनस्थ जग्गा हो उक्त जग्गाको आयस्ता बालीबाट गुठियारहरूले पशुपतिनाथ मृगस्थली गोरखनाथजीको पिरमहन्थ कुवेरनाथजीमार्फत गुठीको पूजा-आजा गरी चैत्र पूर्णिमाका दिन भैरवदेवताको पूजा गर्ने, बली चढाउने, मृगस्थलीको महन्थहरूलाई चामल, सिदा दिने गरी राखिएको गुठी अधीनस्थ जग्गा हो भन्नेसमेतको बेहोरा लेखाइदिएको देखिन्छ । वादीले दाबीको जग्गा मेरो रैकर भनी दर्ता गराएको भए तापनि उक्त जग्गा चक्र गुठी हो भनी गोरखनाथ पीठ सिद्धाचल मृगस्थलीका तर्फबाट समेत उल्लेख भइआएको देखिन्छ भने बद्री देसारले चक्र गुठीको तर्फबाट मोही सूर्यबहादुर थापाबाट २०३४ सालको बाली बुझेको भरपाईमा पनि गुठी जग्गा भनी उल्लेख गरेको पाइने।

यसरी दाबीको जग्गाको साबिक स्रोत गुठीको भनी वादी आफैँले स्वीकार गरेको बद्री देसार खान्कीदार भएकोमा अरू जग्गा कमाउन दिएकाले कमाउँदा चक्रपूजा गुठीको भने पनि एउटै जग्गाको स्रोत पटकपटक परिवर्तन हुन नसक्ने विवादित जग्गाको लगत गुठीको भएको भन्ने कुरा वादीले पुनरावेदन अदालतमा पेस गरेको दाबी प्रमाणबाट नै प्रस्ट भएको साबिक गुठियार मरी हक खाने छोरा सूर्यबहादुर तथा अन्य जग्गा कमाउनेले समेत दाबीको जग्गा चक्रपूजा गुठीको जग्गा हो भनी लेखाएकोसमेतबाट साबिक स्रोत गुठीको भएको र वादी आफैँ गुठियार आफैँ खान्कीदार भएको अवस्थामा उक्त कि.नं.१४७ को जग्गा वादीले भोग गरेर घर बनाएको र कि.नं.१४७ को जग्गा अन्य कित्ता जग्गाहरूभन्दा भिन्न स्थानमा भएको कारणले मात्र उक्त जग्गाको स्रोत परिवर्तन हुनसक्छ भनी मान्न

नमिल्ने ।

कि.नं.१४७ को जग्गाको रैकरतर्फको लगत कट्टा गरी चक्रपूजा गुठी जग्गाधनी कायम हुने ठहऱ्याई गुठी संस्थानबाट मिति २०५६।१२।२५ मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : सन्जय गुरुङ

इति संवत् २०७९ माघ २५ गते रोज ४ शुभम् ।

**५२**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१४१९, भ्रष्टाचार (घुस / रिसवत), प्रकाश आचार्य वि. नेपाल सरकार*

अभियोगसँग सम्बन्धित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ हेर्दा रिसवत लिने, दिने र त्यस प्रकारको कसुर गर्न दुरूत्साहन दिने कार्यलाई निषेध गरी त्यस्तो कसुरजन्य कार्य गर्ने व्यक्तिलाई बरामदी बिगो अनुसार कैद र जरिवानाको सजाय हुने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसैले रिसवत लिने दिने र सो कार्यका लागि दुरूत्साहन दिने कार्य कानूनद्वारा निषेधित आपराधिक कार्य भएकोमा विवाद छैन । साथसाथै रिसवतको रकम जफत हुने भन्ने प्रावधान पनि भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको देखिन्छ । प्रस्तुत मुद्दामा मूल विषय भनेको अभियोग माग दाबी गरिएबमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३)१)(ख) को कसुर प्रतिवादीले गरेको प्रमाणित हुनसक्ने अवस्था छ वा छैन भन्ने रहेको देखिन्छ । माथिको प्रकरणमा उल्लेख भएबमोजिम निज प्रतिवादीबाट घुसबापत रकम दिन भनी उजुरकर्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट बुझिलिएको रकम बरामद भएकोमा विवाद छैन । तर उक्त बरामदी रकमबाहेक प्रतिवादीले कसुर गरेको प्रमाणित हुने अन्य प्रमाणहरू मिसिल संलग्न रहन आएको देखिँदैन । प्रस्तुत मुद्दामा बरामद भएजस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुसबापतमा दिन भनी रकम उपलब्ध गराई उजुरकर्तामार्फत दिई त्यस्तो रकम बरामद गर्ने प्रक्रियाको वैधानिकतामा प्रश्न उठाई यस अदालतमा दायर निवेदक विष्णुप्रसाद घिमिरे विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको ०७४-WC-००२० को मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट जुन अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट घुसबापत दिन भनी रकम उपलब्ध गराउने र रकम दिएपछि बरामद गर्ने गरिएको हो, सो नियम ३० नै अमान्य हुने गरी फैसला भएको देखिन्छ । प्रस्तुत मुद्दामा घुसबापतको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराउने र सोही रकम बरामद भएको देखाई अभियोग पत्र दायर भएको देखिएकोमा सो बरामदीसम्बन्धी कारबाहीको लागि अख्तियारी दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नै अमान्य घोषित भएको अवस्था हुँदा सोबमोजिमको बरामदी मुचुल्कालाई प्रमाणको रूपमा ग्रहण गर्न पनि मिल्ने देखिएन । बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नदेखिएको र प्रतिवादीले घुस रिसवत लिएको देखिने सोबाहेकका अन्य कुनै तथ्ययुक्त प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा निज प्रतिवादीलाई कसुरदार ठहऱ्याई विशेष अदालतबाट भएको फैसलालाई पनि मिलेको मान्न नमिल्ने ।

प्रतिवादी प्रकाश आचार्यको साथबाट बरामद भएको भनिएको रकमबाहेकका अन्य कुनै भरपर्दो एवं विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिएको र यस अदालतको संवैधानिक इजलासबाट मुद्दा नं ०७४-WC-००२० मा भएको फैसला अनुसार बरामदी रकमलाई प्रमाणको रूपमा मान्यता दिन मिल्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादी प्रकाश आचार्यलाई भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ३(१) बमोजिम रू. १०,०००।- (दस हजार रुपियाँ) जरिवाना हुने र ऐ. ऐनको दफा ३(१)(ख) बमोजिम १(तीन) महिना कैदको सजाय हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७४।०८।१४ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी प्रकाश आचार्यले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : शिवबहादुर थापा / दिक्षा प्रधानाङ्ग

इति संवत् २०७९ साल कार्तिक ३० गते रोज ४ शुभम्।

## इजलास नं. १३

### ५३

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री सुनिल कुमार पोखरेल,** *०७३-CI-१७२४, अंश दर्ता, अजयकुमार गुप्ता वि. राजकुमार साहसमेत*

अजयकुमार गुप्ताको नाउँमा दर्ता रहेको कि.नं ६८७, कि.नं. १२८७, कि.नं. १३७९ र कि.नं. ३१७ को जग्गा बन्डा लाग्ने जग्गा हो वा होइन भन्ने हकमा विचार गर्दा, वादी र प्रतिवादीहरू सँगोलमा बसिआएको र निजहरूबिचमा अंश बन्डा नभएको तथ्यमा विवाद देखिँदैन । सुरू सिराहा जिल्ला अदालतबाट फिराद परेको दिन मिति २०६७।१२।९ लाई मानो छुट्टिएको मिति कायम गरेको देखिन्छ । पुनरावेदक/ प्रतिवादी अजयकुमार गुप्ताले प्रतिउत्तर फिराउँदा आफू कलर मिलाउने विशेषज्ञ भएको र सोही पेसाबाट आर्जित रकमले आफ्नो नाममा जग्गा खरिद गरेको भन्ने जिकिर लिएको देखिन्छ । तर पुनरावेदक/ प्रतिवादी अजयकुमार गुप्ताले सञ्चालन गर्दैआएको गुप्ता एण्ड महेश ट्रेड लिंकको नाममा राष्ट्रिय बाणिज्य बैंक लहान शाखाबाट रू.४०,००,०००।- ऋण स्वीकृत गराउँदा एकासगोलकी आमा जिवछीदेवी साहले आफ्नो नाउँमा दर्ता रहेको जिल्ला सिराहा गा.वि.स. सिंगराही मटियर्वा वडा नं.५ कि.नं. ५८० को ०-०-१२१/२, कि.नं. ५७९ को ०-०-१२१/२, ऐ. गा.वि.स. लहान गोठ वडा नं.८ कि.नं. २२१ को ०-१-० र ऐ गा.वि.स. लहान वजार वडा नं. १(क) कि.नं. २६१ को ०-०- १०१/२ जग्गासमेत धितो जमानी दिई व्यक्तिगत जमानीसमेत बसेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यसरी सगोलको सम्पत्ति धितो राखी ऋण लिई व्यवसाय गरी उक्त व्यवसाय नै अजयकुमार गुप्ताको आय स्रोतको माध्यम देखिएकोमा निजको नाममा भएको जग्गाहरू निजी आर्जनबाट खरिद गरेको हो भनी मान्न नमिल्ने।

निज पुनरावेदक/प्रतिवादी अजयकुमार गुप्ताले सगोलको सम्पत्तिको लगानीसमेतबाट फर्म खोली व्यवसाय गर्दैआएको भन्ने देखिएको र अन्यथा प्रमाणित हुन नआएको अवस्था हुँदा निजले निजी आर्जन भनी दाबी गरेका निजको नामको जग्गाहरूसमेत सगोलकै सम्पत्तिबाट बढे बढाएको सम्पत्ति भन्ने देखिन आयो। मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. तथा प्रमाण ऐनको दफा ६ (क) को कानूनी व्यवस्थाबमोजिम पुनरावेदक/प्रतिवादी अजयकुमार गुप्ताको नाउँमा दर्ता रहेको कि.नं ६८७, कि.नं. १२८७, कि.नं. १३७९ र कि.नं. ३१७ को जग्गाहरू अंशियारहरूबिच बन्डा गर्नुपर्ने देखिँदा उक्त जग्गाहरूको हकमा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिने।

विवादित अजयकुमार गुप्ताको नाउँमा दर्ता रहेको कि.नं ६८७, कि.नं. १२८७, कि.नं. १३७९ र कि.नं. ३१७ का जग्गाहरू अन्यथा प्रमाणित हुन नआएकोले सगोलको अंश लाग्ने सम्पत्ति हो भनी मान्नुपर्ने अवस्था देखिएको र शुष्मादेवी गुप्ताका नाउँमा दर्ता रहेको कि.नं. ४११ को जग्गा निजको निजी आर्जन भनी पुष्टि भएकोले सुरू जिल्ला अदालतबाट भएको मिति २०७०।१२।१२ को फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०५।०७ मा भएको फैसला मिलेको नदेखिँदा शुष्मादेवी गुप्ताका नाउँमा दर्ता रहेको कि.नं. ४११ को जग्गासमेत अंश भाग लाग्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत राजविराजको फैसला केही उल्टी

हुने भई उक्त जग्गा बन्डा नलाग्ने।
इजलास अधिकृत :- राजेन्द्र लुइटेल / श्रेया पौडेल
इति संवत् २०८० साल माघ १४ गते रोज १ शुभम्।

- ०७३-CI-१७२३, अंश दर्ता, अजय कुमार गुप्ता वि. राजकुमार गुप्ता साहसमेत

५४

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७०-CI-११०९, निषेधाज्ञा, काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौंसमेत, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९ बस्ने प्रकाश शर्मा थपलिया*

प्रत्यर्थीले कि.नं. १००६ को जग्गामा मिति २०४६।३।२२ मा नक्सा पास भई घर निर्माण भएको, उक्त घरमा मिति २०४८।५।४ र मिति २०४८।१०।१२ मा तला थपको लागि नक्सा पास भई ४ तलाको घर बनेकोमा नक्सा पास गरी बनाएको घर नभत्काइपाउँ भनी मिति २०४९।१।२ मा तत्कालीन काठमाडौं उपत्यका नगर विकास समितिमा निवेदन दिएको देखिन्छ । उक्त निवेदनमा नक्सा पास गरी निर्माण गरेको घरमा गोंगबु जग्गा विकास कार्यक्रमअन्तर्गत प्रस्तावित बाटो खुलेमा निजको घर भत्किने देखिँदा निजको घर नभत्किने विकल्प खोजी छानविन गरी पेस गर्नु भनी तत्कालीन काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई मिति २०४९।१।४ मा पत्राचार भएको देखिन्छ । उक्त मिति २०४९।०१।४ को निवेदनउपरको कामकारबाहीसम्बन्धी फायल खोजी गर्दा नभेटिएको भन्ने सुरू मिसिल संलग्न यी पुनरावेदक जिल्ला आयुक्तको कार्यालयको मिति २०६९।८।५ को पत्रबाट देखिने।

प्रत्यर्थीले कानूनबमोजिम नक्सा पास गरी घर निर्माण गरेको तथ्यलाई पुनरावेदकहरूले स्वीकारेकै देखिन्छ । मिति २०७९।२।१३ मा भएको नक्सा मुचुल्काबाट विवादित घर कि.नं. १८८ को जग्गाभित्रै सीमित रहेको देखिन्छ । पुनरावेदकहरूको लिखित एवं पुनरावेदन जिकिरसमेतबाट विवादित बाटो के कति नापको हो र स्वीकृत नाप अनुसार सडकको केन्द्रबिन्दुदेखि बाटो छुट्याउदा कि.नं.१८८ मा बनेको घर के कति क्षेत्रफलको बाटोको जग्गा पर्ने हो भनी खुलाइदिएको समेत देखिँदैन । विनाआधार, प्रमाण विवादित घरले सडक मापदण्डबमोजिमको बाटोको ८ फिट जग्गा घरमा परेको भन्ने देखाई व्यक्तिको निजी जग्गा एवं बासस्थान कानूनको प्रक्रिया पूरा नगरी कब्जा वा अतिक्रमण गर्नु संविधानले प्रत्याभूत गरेको साम्पत्तिक र आवाससम्बन्धी मौलिक हकको प्रतिकूल हुने देखिन्छ । यस स्थितिमा विधिवत् रूपमा नक्सा पास गरी निर्माण भएको घर भत्काउनेलगायत कुनै पनि गैरकानूनी अतिक्रमण नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।२५ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

निषेधाज्ञाको रिट जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत :- जगतबहादुर भण्डारी
कम्प्युटर :- प्रेमबहादुर थापा
इति संवत् २०८० साल चैत ४ गते रोज १ शुभम्।

## इजलास नं. १४

५५

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-CR-०१६९, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. ईराज श्रेष्ठसमेत*

मिति २०७१।९।२७ का दिन भएको खानतलासी तथा बरामदी मुचुल्का हेर्दा ७ जना प्रतिवादीहरूबाट लागु औषध बरामद भएकोमा ती ७ जनामध्ये प्रतिवादी जमालुदिन मियाबाट २०.६८ ग्राम लागु औषध बरामद भएको देखिएको, उक्त परिमाण अन्य प्रतिवादीहरूको भन्दा अत्यधिक बढी रहेको, प्रतिवादी

जमालुदिनले उक्त लागु औषध अन्य प्रतिवादीहरूलाई बिक्री गर्न भनी आफूले भारतको रक्सौलबाट खरिद गरी ल्याएको भनी अनुसन्धानको क्रममा बयान गर्दा स्वीकार गरेको स्थिति देखिन्छ । प्रत्यर्थी प्रतिवादीहरू र प्रतिवादीमध्येका जमालुदिन मियाँको स्थिति तुलना गर्दा निजहरूबाट बरामद भएको लागु औषधको परिमाणमा भिन्नता रहेको देखिनुका साथै निज प्रतिवादी जमालुदिन मियाँले बरामद भएको लागु औषध बिक्री वितरणकै लागि भारतदेखि लिई आएको र प्रत्यर्थी प्रतिवादीहरूलाई उपलब्ध गराएको स्थिति देखिन्छ भने प्रत्यर्थी प्रतिवादीहरूले आ...आफूले सेवनका लागि निजहरूको आवश्यकताअनुरूप फरक फरक परिमाणमा लिइराखेको भन्ने देखिन्छ । त्यसैले बरामद भएको लागु औषधको परिमाण फरक फरक रहेको र निजहरूको साथमा लागु औषध राख्नुको उद्देश्य पनि फरक फरक रहेको स्थिति हुँदा एउटै बरामदी मुचुल्काबाट बरामद भएको भन्ने मात्र आधारमा सबै प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिमको लागु औषधको कारोबारको कसुरमै सजाय हुनुपर्छ भन्न कानून र न्यायसङ्गगत देखिने ।

सुरू चितवन जिल्ला अदालतको मिति २०७२।२।३१ को फैसला सदर हुने ठहऱ्याई गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- प्रदीपकुमार उपाध्याय

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २ गते रोज ५ शुभम् ।

५६

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०१९०, बन्दीप्रत्यक्षीकरण, प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत*

निवेदक गुड्डु भन्ने अनिल दास बनियाले आफू विरूद्ध मकवानपुर जिल्ला अदालतमा चलेको लागु औषध मुद्दामा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको मिति २०७४।११।२२ को फैसलाउपर यस अदालतमा दायर गरेको ०७५-CR-०४८७ नं. को पुनरावेदनसमेत यसै लगाउमा रही आज यसै इजलासमा पेस हुन आएको देखिएको छ। लगाउको उक्त लागु औषध मुद्दामा आज यसै इजलासबाट निज निवेदकका हकमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको कैद सजायसमेतको हकमा केही उल्टी भई मुलुकी ऐन, दण्डसजायको महलको १० नं. समेतको आधारमा कैद र जरिवानाबापतमा निजलाई हुने ठहरेको विभिन्न कलमहरूमध्ये ठुलो कलमको कैद र जरिवाना मात्र कायम हुने ठहरी फैसला भएको अवस्था छ। सो फैसलाबमोजिम निज निवेदकले भुक्तान गर्नुपर्ने ठहरेको कैद अवधि भुक्तान भइसकेको देखिई तत्काल कैद मुक्त हुने गरी आजै संक्षिप्त आदेशसमेत जारी भइसकेको देखिँदा प्रस्तुत निवेदनबाट छुट्टै थप आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत :- प्रदीपकुमार उपाध्याय

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २ गते रोज ५ शुभम् ।